स्वास्थ्य र आधिकारीक पशु तथा पशुजन्य पदार्थहरूको मात्र कारोवार गरौं ।

# पशु क्वारेन्टाइनसंग सम्बन्धित ऐन, नियमावली, मापदण्ड, कार्यविधिहरूको संगालो

नेपाल सरकार

पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

पशु स्वास्थ्य निर्देशनालय

## केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय

बुढानिलकण्ठ, काठमाडौं

फोन नं.: ०१ ४३७७१८३, ४३७७१५३, फ्याक्सः ०१ ४३७७१८३

ई–मेलः **caqoktm@gmail.com**, वेवसाईटः **http://caqo.gov.np**

# आफ्नो भनाइ

पशुपालन क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब ११ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा २६.८ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा पशुपन्छी क्षेत्रको विशेष आर्थिक महत्व छ ।

मुलुकमा गरिबी निवारण र रोजगारीका अवसर सृजना गर्ने राष्ट्रिय उद्योगको रुपमा स्थापित हुन गैरहेको पशुपंक्षी पालन व्यवसायको सामु वेलावखतमा देश भित्रै वा वाहिरबाट आयातित रोगव्याधिहरू नै प्रमुख चुनौतीको रुपमा देखा परि रहेका छन् । यी रोगहरूको समयमा नै नियन्त्रण तथा रोकथामबाट देशको पशुपंक्षी पालन व्यवसायको प्रर्वद्धन गर्न सकिन्छ ।

पशुपालन व्यवसायको समयोचित विकासको निम्ती यसमा गरिने लगानीको सुरक्षाको प्रत्याभुति अति आवश्यक छ। यसको लागि मुलुकमा न्युनतम कानुनी व्यवस्था हुनु अत्यावश्यक हुन आउछ । नेपालले विश्व पशु स्वास्थ्य संगठन र विश्व व्यापार संगठनको सदस्यता लिएकोले सदस्य राष्ट्रले अनिवार्य रुपमा पालना गर्नु पर्ने शर्तहरू मध्ये आफ्नो कार्यक्षेत्र अन्तरगत आवश्यक पर्ने ऐन, नियम, मापदण्ड र निर्देशिकाहरू तर्जुमा गरी लागु गर्नु पर्ने हुन्छ ।

यस पुस्तिकामा पशु क्वारेन्टाइनसँग सम्बन्धित विद्यमान ऐन, नियमावली, मापदण्ड कार्यविधिहरू संकलन गरिएको छ। पुस्तिकामा समावेश भएका कानुनी प्रावधानहरू क्वारेन्टाइन अधिकृत, भेटरीनरी निरीक्षक, समस्त भेटेरीनरीयन, क्वारेन्टाइनमा कार्यरत सम्पूर्ण कर्मचारी लगायत पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको आयात तथा निर्यातमा सग्लन्न व्यवसायी, उद्यमी तथा समस्त सरोकारवालाहरूका लागि उपयोगी हुनेछ भन्ने मैले आशा लिएको छु । प्रचलित ऐन नियमको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुने हुदा कानुनको मर्म र भावना अनुसार सेवा सर्तहरूको पालना हुनेमा विश्वस्त छु ।

यस पुस्तिका तयार पार्ने काममा सहयोग गर्नु हुने वरिष्ठ पशु चिकित्सक डा. मोद नाथ गौतम प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद

**डा. राम नन्दन तिवारी**

**प्रमुख पशु चिकित्सक**

**केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय, बुढानिलकण्ठ**

# विषयसूची


पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ ........ १

पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ ........ १६

पशु ढुवानी मापदण्ड, २०६४ ........ ६०

पशु कल्याण निर्देशिका, २०७३ ........ ७४

पशु क्वारेन्टाईन (पहिलो संशोधन) कार्यविधि, २०७१ ........ ९१

माछा भुरा बारे मापदण्ड, २०६१ ........ १३२

मासु तथा मासुको परिकार आयात निर्यात मापदण्ड, २०६४ ........ १४१

अण्डा ढुवानी तथा भण्डारण मापदण्ड, २०७१ ........ १५५

बर्ड फ्लु रोग नियन्त्रण (संशोशन सहित) आदेश २०६४ ........ १७४

पशु क्वारेन्टाईन पी.पी.आर. भ्याक्सिनेशन निर्देशिका, २०६६ ........ १९३

आयात निर्यात सिफारिस, पशुजन्य उद्योग स्थापना तथा विक्री वितरण अनुमति सम्बन्धी कार्यविधि, २०७३ ........ २००

# पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५

लालमोहर सदर मिति (२०५५।४।६।४)

नेपाल सरकारद्वारा खण्ड ४८ अतिरिक्तांक २७ नेपाल राजपत्र भाग २ मा मिति २०५५।४।६ मा कानुन तथा न्याय मन्त्रालयको सुचनाको रुपमा प्रकाशित

२०५५ सालको ऐन नं. ७

पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन प्रस्तावना : मुलुकको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रुपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्छ र सो शब्दले पंक्षी र माछालाई समेत जनाउछ ।

(ख) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, मल, मूत्र वा सोबाट बनाएको अप्रशोधित वस्तु सम्झनु पर्छ ।

(ग) "पशु उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्यमा, कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ ।

(घ) "जैविक पदार्थ (वायोलोजिकल्स)" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी, खोप वा जैविक रसायन सम्झनु पर्छ ।

(ङ) "क्वारेन्टाइन चेकपोष्ट" भन्नाले नेपाल सरकारले दफा ३ बमोजिम स्थापना गरेको पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनु पर्छ ।

(च) "क्वारेन्टाइन" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राख्ने काम सम्झनु पर्छ ।

(छ) "क्वारेन्टाइन अधिकृत" भन्नाले दफा ५ बमोजिम नियुक्ति गरिएको क्वारेन्टाइन अधिकृत सम्झनु पर्छ ।

(ज) "क्वारेन्टाइन स्थल" भन्नाले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि क्वारेन्टाइनमा राखिने ठाउँ सम्झनु पर्छ ।

(झ) "संक्रामक रोग" भन्नाले अनुसूचीमा उल्लेखित रोगहरू र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरूलाई समेत जनाउंछ ।

(ञ) "विभाग" भन्नाले नेपाल सरकार, पशु सेवा विभाग सम्झनु पर्छ ।

(ट) "कार्यालय प्रमुख" भन्नाले जिल्ला पशु सेवा कार्यालय वा तोकिएको अन्य कार्यालयको प्रमुख भई काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ठ) "भेटनरी निरीक्षक" भन्नाले दफा २५ बमोजिम नियुक्ति गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्छ ।

(ड) "पैठारीकर्ता" भन्नाले नेपाल अधिराज्य बाहिरबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ढ) "निकासीकर्ता" भन्नाले नेपाल अधिराज्यबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम् भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २
## पशु क्वारेन्टाइन सम्बन्धी व्यवस्था

३. **क्वारेन्टाइन चेकपोष्टको स्थापना :**
नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यको कुनै पनि क्षेत्रमा स्थायी वा अस्थायी प्रकृतिको क्वारेन्टाइन चेकपोष्ट स्थापना गर्नेछ ।

४. **क्वारेन्टाइन स्थल निर्माण गर्न सक्ने :**
(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ३ बमोजिम क्वारेन्टाइन चेकपोष्ट सथापना भएको क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रलाई समेत क्वारेन्टाइन स्थल निर्माण गर्न नेपाल सरकारले अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गैर सरकारी क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न चाहनेले विभागबाट सिफारिश पत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ ।

५. **क्वारेन्टाइन अधिकृतको नियुक्ति :**
नेपाल सरकारले दफा ३ बमोजिम स्थापना भएको क्वारन्टाइन चेकपोष्टको प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई क्वारेन्टाइन अधिकृतको पदमा नियुक्ति गर्नेछ ।

६. **क्वारेन्टाइनमा राख्नु पर्ने :**
(१) पैठारीकर्ताले पैठारी गरेका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि तोकिएको अवधिसम्म क्वारेन्टाइनमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्वारेन्टाइनमा राखिएका पशुको लागि आवश्यक पर्ने दाना, पानी र सुरक्षाको व्यवस्था सम्बन्धित पैठारीकर्ताले गर्नु पर्नेछ ।

(३) क्वारेन्टाइनमा राखिएको पशु परीक्षण अवधिभित्रै मरेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो मरेको पशु परीक्षण गरी नष्ट गर्न पैठारीकर्तालाई आदेश दिनेछ ।

(४) उपदफा (१) बमोजिम क्वारेन्टाइनमा राखिएको पशु मरेमा पैठारीकर्ताले कुनै प्रकारको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(५) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. **प्रमाणपत्र दिनु पर्ने :**
क्वारेन्टाइन अधिकृतले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राखी जांच गरेपछि तोकिए बमोजिमको ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

८. **निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त :**
निकासीकर्ता वा पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त तोकिए बमोजिम हुनेछ ।

९. क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नु पर्ने :
पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर गर्नु पर्नेछ ।

१०. **पैठारी गर्न प्रतिबन्ध लगाउन सक्ने :**
नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरू भएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

११. **प्रवेश गर्न रोक लगाउन सक्ने :**
देहायका अवस्थामा क्वारेन्टाइन अधिकृतले पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको प्रवेशमा रोक लगाउन सक्नेछ :-

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन ठाउंबाट ल्याइएको हो सो ठाउंमा संक्रामक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा,

(ख) पैठारीकर्ताले पैठारी गर्ने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा तोकिए बमोजिम स्रक्रामक रोग नभएको प्रमाणपत्र र स्वस्थता सम्बन्धी प्रमाणपत्र उपलब्ध नगराएमा,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र उपलब्ध गराएको भए तापनि केहि पशुहरू संक्रामक रोग लागि मरेको पाइएमा,

(घ) पैठारी गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ल्याउनको निमित्त प्रयोगगरिएको सवारी साधनमा संक्रामक रोगको लसपस भएको पाइएमा ।

१२. **आदेश दिन सक्ने** :

(१) क्वारेन्टाइन अधिकृतले दफा ११ बमोजिम प्रवेश गर्न रोक लगाइएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन मुलुकबाट ल्याइएको हो सो मुलुकमा फिर्ता लैजान आदेश दिन सक्नेछ ।

(२) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री त्यसै राखी छोड्दा वा सम्बन्धित मुलुकमा फिर्ता पठाउंदा संक्रामक रोग फैलन सक्ने संभावना देखिएमा क्वारेन्टाइन अधिकृतले पैठारीकर्तालाई त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउने वा नष्ट गर्ने आदेश दिन सक्नेछ ।

१३. **लिलाम गर्न सकिने** :

(१) क्वारेन्टाइन स्थलमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री तोकिएको अवधिभित्र सम्बन्धित पैठारीकर्ताले फिर्ता नलगेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जफत गरी लिलाम गर्न सक्नेछ । लिलाम गर्ने अवस्था र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री लिलाम गर्न उपयुक्त नदेखिएमा वा लिलाम गर्दा कसैले नसकारेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न आदेश दिन सक्नेछ ।

१४. **हटाउने वा नष्ट गर्ने** :

(१) दफा ६, १२ वा १३ बमोजिम हटाउने वा नष्ट गर्ने आदेश पाएपछि

सम्बन्धित पैठारीकर्ताले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा क्वारेन्टाइन अधिकृत आफैले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउंदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च पैठारीकर्ताबाट सरकारी बाँकि सरह असूल उपर गरिनेछ ।

१५. **पशुहरूको वसार पसार सम्बन्धी व्यवस्था** : नेपाल अधिराज्यको कुनै एक ठाउंको पशुहरूमा संक्रामक रोग लागेको कुरा पत्ता लागेमा कार्यालय प्रमुख वा क्वारेन्टाइन अधिकृतले त्यस्ता पशुहरू नेपाल अधिराज्यको कुनै अर्को ठाउंमा वसार पसार गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

## परिच्छेद – ३
## पशु नश्ल सुधार सम्बन्धी व्यवथा

१६. **सूचना जारी गर्न सक्ने** :

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालमा रहेका कुनै जातका पशुको वंश लोप हुनबाट बचाउन वा तिनीहरूको नश्ल सुधार गर्ने दृष्टिले नेपाल अधिराज्यको कुनै क्षेत्रमा सोही सूचनामा तोकेको जातको भाले जातको पशु बाहेक अन्य भाले जातको पशु खसी पारी राख्नु पर्ने गरी सूचना जारी गर्न सक्नेछ ।

तर परम्परादेखि चलिआएको पूजा आजा वा धार्मिक अनुष्ठानका लागि नभई नहुने खसी नपारेको भाले पशु पाल्नु पर्ने भएमा त्यस्तो पशुलाई गर्भाधान गराउन नसक्ने गरी अलग्गै राख्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको जात बाहेक अन्य भाले जातको पशु पालेको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित व्यक्तिलाई त्यस्तो भाले पशुलाई तत्कालै खसी पार्ने आदेश दिन सक्नेछ ।

## परिच्छेद – ४
## उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

१७. **उद्योग स्थापना गर्न सिफारिश पत्र लिनु पर्ने :**
जैविक पदार्थ, चल्ला, माछाका भूरा उत्पादन गर्ने (ह्याचरी) वा पशु दाना वा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट सिफारिस पत्र लिनु पर्नेछ ।

१८. **निकासी वा पैठारी गर्न सिफारिस लिनु पर्ने :**
जैविक पदार्थ, चल्ला वा माछाका भूरा वा पशु दाना निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिएको दस्तुर तिरी तोकिएको निकायबाट सिफारिश पत्र लिनु पर्नेछ ।

१९. **अनुमतिपत्र लिनु पर्ने :**
(१) जैविक पदार्थ, चल्ला, माछाका भूरा बिक्री वितरण वा मासु प्रशोधन गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट तोकिएको दस्तुर तिरी अनुमतिपत्र लिनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम बिक्री वितरण गरिने जैविक पदार्थ, चल्ला, माछाका भूरा वा मासु प्रशोधनको गुणस्तर तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ५
## दण्ड सजाय र पुनरावेदन

२०. **दण्ड सजाय :**
(१) दफा ९ को उल्लङ्घन गरी पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यसरी पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोग भएको पाइएमा दोब्बर जरिवाना हुनेछ ।
(२) दफा १० को उल्लङ्घन गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।
(३) दफा १२ को उपदफा (१) बमोजिम दिइएको आदेश पालन नगर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमावलीको उल्लङ्घन गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२१. **मुद्दाको तहकिकात र दायरी :**

(१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात क्वारेन्टाइन चेकपोष्टको कम्तीमा राजपत्र अंकित प्रथम श्रेणीको प्राविधिक सहायकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकीलसित राय सल्लाह लिन सक्नेछ ।

२२. **मुद्दा हेर्ने अधिकारी :**

(१) दफा ९ अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन अन्तरगतको मुद्दा हेर्ने अधिकार कार्यालय प्रमुखलाई हुनेछ ।

२३. **नेपाल सरकार वादी हुने :**

यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२४. **पुनरावेदन :**

दफा २२ को उपदफा (१) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष र उपदफा (२) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले विभागको महानिर्देशक समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद – ६
## विविध

२५. **भेटनरी निरीक्षकको नियुक्ति :**

(१) नेपाल सरकारले पशु औषधि वा जैविक पदार्थको गुणस्तर निर्धारित मापदण्ड अनुसार भए नभएको जांच गर्न आवश्यक स्थान र संख्यामा

भेटनरी निरीक्षकहरू नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिने भेटनरी निरीक्षकहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. **अधिकार प्रत्यायोजन :**

यस ऐन बमोजिम, कार्यालय प्रमुख, पशु चिकित्सक, क्वारेन्टाइन अधिकृत वा भेटनरी निरीक्षकलाई प्राप्त अधिकार मध्ये मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **पशु प्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्ने :**

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पशु प्रति हुने निर्दयी व्यवहार रोक्नको लागि एउटा समिति गठन गर्न सक्नेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोही सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

२८. **जांचबुझ गर्न सक्ने :**

(१) कार्यालय प्रमुखलाई कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जांचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको जांचबुझ गर्दा दफा १० बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरू लागेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा कार्यालय प्रमुख आफैले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउंदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२९. **नष्ट गर्ने कार्यविधि :**

यस ऐन बमोजिम मृत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नष्ट गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

३०. **बाधा नहुने :**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रशोधित पशुजन्य पदार्थमा संक्रामक रोक लागेको आशंका भएमा त्यस्ता प्रशोधित पशुजन्य पदार्थलाई क्वारेन्टाइनमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन।

३१. **अनुसूचीमा हेरफेर तथा थपघट गर्ने अधिकार:**

नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी अनुसुचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ।

३२. **प्रचलित कानून बमोजिम हुने :**

यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

३३. **नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

३४. **संशोधन :**

संक्रामक रोग ऐन, २०२० मा ठाउं ठाउँमा प्रयोग भएका "पशु, पंक्षी वा" भन्ने शब्दहरू झिकिएका छन्।

## अनुसूची

**(दफा २ को खण्ड (झ) संग सम्बन्धित)**

१. ए ०१० फूट एण्ड माउथ् डीजिज् (एफ.एम.डी.)
२. ए ०११ एफ.एम.डी. भाईरस ओ
३. ए ०१२ एफ.एम.डी. भाईरस ए
४. ए ०१३ एफ.एम.डी. भाईरस सी
५. ए ०१४ एफ.एम.डी. भाईरस एस ए टी १
६. ए ०१५ एफ.एम.डी. भाईरस एस ए टी २

७. ए ०१६ एफ.एम.डी. भाईरस एस ए टी ३

८. ए ०१७ एफ.एम.डी. भाईरस एसिया १

९. ए ०१८ एफ.एम.डी. भाईरस प्रकार नदिएको

१०. ए ०२० भेसिकुलर स्टोमेटाइटिस (भी.एस.)

११. ए ०२१ भी.एस. भाइरस इण्डियाना

१२. ए ०२२ भी.एस. भाइरस न्यूजर्सी

१३. ए ०२३ भी.एस. भाइरस प्रकार नदिएको

१४. ए ०३० स्वाईन भेसिकुलर डिजिज्

१५. ए ०४० रिण्डरपेष्ट

१६. ए ०५० पेष्टिस डेस पेटिटिस रुमिनान्ट्स्

१७. ए ०६० कन्टाजियस वोभाईन प्ल्यूरोन्यूमोनिया

१८. ए ०७० लम्पी स्कीन डिजिज्

१९. ए ०८० रिफ्ट भ्याली फिभर

२०. ए ०९० ब्ल्यू टंग

२१. ए १०० सीप पक्स एण्ड गोट पक्स

२२. ए ११० अफ्रिकन हर्स सिक्नेस

२३. ए १२० अफ्रिकन स्वाईन फिभर

२४. ए १३० हग क्लेरा

२५. ए १४० फाउल प्लेग

२६. ए १६० न्यू क्यासल डिजिज्

**मल्टिपल स्पेसिज डिजिज्**

२७. बी ०५१ एन्थ्राक्स

२८. बी ०५२ एजोकाईज डिजिज्

२९. बी ०५२ इकाइनोकोकोसिस्/हाइड्रेटिडोसिस्

३०. बी ०५५ हर्टवाटर

३१. बी ०५६ लेप्टोस्पाइरोसिस्

३२. बी ०५७ क्यू फिवर

३३. बी ०५८ रेबिज

३४. बी ०५९ प्याराट्यूवरक्लोसिस्

३५. बी ०६० स्क्रीउ वर्म (कोक्लियोमिया होमिनोभोरस)

**क्याटल डिजिज्**

३६. बी १०१ एनाप्लाज्मोसिस्

३७. बी १०२ ववेसियोसिस्

३८. बी १०३ वोभाईन व्रुसेल्लोसिस् (वी. एवोर्ट्स)

३९. बी १०४ वोभाईन जेनाइटल क्याम्पाइलो ब्याक्टेरियोसिस्

४०. बी १०५ वोभाईन ट्यूवरक्लोसिस् (माइकोव्याक्टेरियम वोभिस)

४१. बी १०६ सिस्टीसर्कोसिस् (सि. वोभिस)

४२. बी १०७ डरमाटोफिलोसिस्

४३. बी १०८ इन्जुटिक वोभाइन ल्यूकोसिस

४४. बी १०९ ह्यामोरहेजिक सेप्टीसेमिया

४५. बी ११० इन्फेक्सियस् वोभाइन राइनोट्रेकाइटिस्

४६. बी १११ थेलेरियोसिस्

४७. बी ११२ ट्राइको मोनियसिस्

४८. बी ११३ ट्राइपोनोसोमियासिस्

४९. बी ११४ वोभाइन म्यालिग्न्यान्ट क्याटरहल

५०. बी ११५ वोभाइन स्पोन्जिफर्मिइन्सेफालोप्याथी

**सीप एण्ड गोट डिजिज्**

५१. बी १५१ ब्रुसेलोसिस् ओभिस इन्फेक्सन

५२. बी १५२ क्याप्राइन एण्ड ओभाइन ब्रुसेलोसिस् (बी. मेलीटेन्सिस्)

५३. बी १५३ क्याप्राईन आरथ्राइटिस्/इन्सेफलाईटिस

५४. बी १५४ कन्टाजियस एगालेक्सिया

५५. बी १५६ इन्जटिक एर्बोसन अफ इयुज

५६. बी १५७ पल्मोनरी एडिनोमेटोसिस

५७. बी १५८ नैरोबी सीप डिजिज्

५८. बी १५९ साल्मोनेल्लोसिस् (एस. एवोर्टस ओभिस)

५९. बी १६० स्क्रेपी

६०. बी १६१ माएदी भिस्ना

**हर्स डिजिज्**

६१. बी २०१ कन्टाजियस् इक्वाइन् मेट्राइटिस्

६२. बी २०२ डुराइन्

६३. बी २०३ इपिजुटिक लिम्फेन्जाइटिस्
६४. बी २०४ इक्वाइन इन्सेफालोमाइलाईटिस्
६५. बी २०५ इक्वाइन इन्फेक्सिएस् एनिमिया
६६. बी २०६ इक्वाइन इन्फुलूएन्जा (भाइरस टाइप ए)
६७. बी २०७ इक्वाइन पाइरोप्लाज्मोसिस् (बबेसियोसिस्)
६८. बी २०८ इक्वाइन राइनोन्यूमोनाइटिस्
६९. बी २०९ ग्ल्यान्डर्स्
७०. बी २१० हर्स पक्स्
७१. बी २११ इन्फेक्सिएस् आर्थराइटिस् अफ हर्स
७२. बी २१२ जापानिज इन्सेफलाईटिस्
७३. बी २१३ हर्स मेन्ज
७४. बी २१५ सर्रा
७५. बी २१६ भेनेजुएलान इक्वाइन इन्सेफालोमाइलिटिस्

**पीग डिजिज्**

७६. बी २५१ एट्रोफिक राइनाइटिस्
७७. बी २५२ सिस्टीसकोर्सिस् (सी. सेलूलोसा)
७८. बी २५३ पोर्साइन ब्रूसेल्लोसीस् (बी. सूइस्)
७९. बी २५४ ट्रान्समिसिवल ग्यास्ट्रोइन्टेराइटिस् अफ पीग
८०. बी २५५ ट्राइकिनेलोसिस्
८१. बी २५६ इन्टेरोभाइरस इन्सेफालोमाइलाईटिस्
८२. बी २५७ पोर्साइन रिप्रोडक्टिभ एण्ड रेस्पिऱ्याटोरी सिन्ड्रोम

**पोल्ट्री डिजिज्**

८३. बी ३०१ एभिएन इन्फेक्सिएस् ब्रोन्काइटिस्
८४. बी ३०२ एभिएन इन्फेक्सिएस् ल्यारिन्जोट्रेकाइटिस्
८५. बी ३०३ एभिएन ट्यूवरक्लोसिस
८६. बी ३०४ डक् भाइरस हेपाटाइटिस्
८७. बी ३०५ डक् भाइरस इन्टेराइटिस् (डक प्लेग)
८८. बी ३०६ फाउल कलेरा
८९. बी ३०७ फाउल पक्स
९०. बी ३०८ फाउल टाइफाइड (एस. ग्यालीनेरम)

९१. बी ३०९ इन्फेक्सिएस् ब्रर्सल डिजिज् (गमबोरो डिजिज्)
९२. बी ३१० मेरेक्स डिजिज्
९३. बी ३११ माइकोप्लाज्मोसिस् (एम. ग्यालिसेप्टिकम)
९४. बी ३१२ सिटाकोसिस् एण्ड ओर्निथोसिस् डिजिज्
९५. बी ३१३ पूल्लोरम डिजिज् (एस. पूल्लोरम)

**डिजिज् अफ अदर एनिमल**

९६. बी ५०१ लेस्मानीएसिस्

**मल्टिपल स्पेसीज डिजिज्**

९७. सी ६११ लिस्टेरियोसिस्
९८. सी ६१२ टक्सोप्लाज्मोसिस्
९९. सी ६१३ मेलिओडोसिस्
१००. सी ६१४ ब्लाक्लेग
१०१. सी ६१५ बाटुलिज्म
१०२. सी ६१६ अदर क्लोस्ट्रेडियल इन्फेक्सन्स्
१०३. सी ६१७ अदर पास्चुरेल्लोसिस्
१०४. सी ६१८ एक्टिनोमाइकोसिस्
१०५. सी ६१९ इन्टेस्टिनल साल्मोनेल्ला इन्फेक्सन्स्
१०६. सी ६२० कक्सिडियोसिस्
१०७. सी ६२१ डिस्टोम्याटोसिस् (लिभर फलुक)
१०८. सी ६२२ फिलारियासिस्

**क्याटल डिजिज्**

१०९. सी ६५२ म्यूकोसल डिजिज्/वोभाइन भाइरल डाईरिया
११०. सी ६५३ भिब्रियोनिक डिसेन्ट्री
१११. सी ६५४ वार्वल इन्फेस्टेसन्स्

**सीप एण्ड गोट डिजिज्**

११२. सी ७०१ कन्टाजियस पोस्चुलर डर्माटाइटिस्
११३. सी ७०२ फूट रट
११४. सी ७०३ कन्टाजियस् ओप्थालमिया
११५. सी ७०४ इन्टेरोटक्सिमिया
११६. सी ७०५ केजियस लिम्फेन्डिनाइटिस्

११७. सी ७०६ सीप मेन्ज

**डिजिज् अफ अदर एनिमल्स**

११८. सी ७५१ इक्वाइन क्वाइटल एक्जेन्थेमा

११९. सी ७५२ अल्सरेटिपभ लेम्फेन्जाइटिस्

१२०. सी ७५३ स्ट्रेन्गाल्स्

१२१. सी ७५४ साल्मोनेल्लोसिस् (एस. एबोर्टस् इक्वाई)

**पीग डिजिज्**

१२२. सी ८०१ स्वाइन इरिसेपलस्

**पोल्ट्रि डिजिज्**

१२३. सी ८५१ इन्फेक्सिएस् कोराइजा

१२४. सी ८५३ एभिएन इन्सेफालोमाइलाईटिस्

१२५. सी ८५४ एभिएन स्पाइरोकिटोसिस्

१२६. सी ८५५ एभिएन साल्मोनेल्लोसिस्

१२७. सी ८५६ एभिएन ल्यूकोसिस्

**डग एण्ड क्याट डिजिज्**

१२८. सी ९२१ क्यानाइन डिस्टेम्पर

# पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६

नेपाल सरकारद्वारा खण्ड ४९ संख्या ४४ नेपाल राजपत्र, भाग ३ मा
मिति २०५६/११/९ मा कृषि मन्त्रालयको सूचनाको रुपमा प्रकाशित

**पहिलो संशोधन मिति २०६३।५।५***

**दोश्रो संशोधन मिति २०६४।९।३०****

**तेश्रो संशोधन मिति २०७०।१।३०*****

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरूको नाम "पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "निःसंक्रमण (डिस्इन्फेक्सन)" भन्नाले कुनै वस्तुमा भएको संक्रामक तत्वलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रासायनिक वा भौतिक विधिद्धारा नाश गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ग) "शीत भण्डार" भन्नाले पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामग्रीहरूको गुणस्तर बिग्रन नदिन प्राविधिक दृष्यिटकोणबाट उपयुक्त तापक्रममा राख्ने ठाउँ सम्झनु पर्छ ।

*(घ) "प्रमाणिक प्रमाणपत्र" भन्नाले पैठारी गरिने पशु पंक्षीको हकमा सम्बन्धित मुलुकको पशु क्वारेन्टाइन अधिकृत वा भेटेरिनरी अधिकृतले त्यस्तो पशुको स्वास्थ्य ठीक छ भनी प्रमाणित गरेको प्रमाणपत्र र

पशु औषधी तथा जैविक पदार्थको हकमा त्यस्तो औषधि तथा जैविक पदार्थको गुणस्तर नियन्त्रण गर्ने निकायले त्यस्तो औषधि तथा जैविक पदार्थको गुणस्तर ठीक छ भनी प्रमाणित गरेको प्रमाणापत्र सम्झनु पर्छ ।"

(ङ) "क्वारेन्टाइन प्रमाणपत्र" भन्नाले नेपाल अधिराज्य भित्र पैठारी हुने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीहरू क्वारेन्टाइन प्रक्रिया पूरा गरी क्वारेन्टाइन अधिकृतले दिने प्रमाणपत्र सम्झनु पर्छ ।

(च) "जैविक सुरक्षा" भन्नाले कुने पनि पशु फार्महरूले बाहिरी वातावरणबाट भित्र फैलन सक्ने विभिन्न संक्रमणलाई रोक्न अपनाएका उपायहरू सम्झनु पर्छ ।

## परिच्छेद–२
## पशु क्वारेन्टाइन सम्बन्धी व्यवस्था

३. **क्वारेन्टाइन चेकपोष्टको स्थापना :**

(१) देहायका स्थानमा ऐनको दफा ३ बमोजिम क्वारेन्टाइन चेकपोष्ट स्थापना गरिनेछ :-

(क) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी पैठारी हुन अन्तर्राष्ट्रिय नाका,

(ख) अन्तर्राष्ट्रिय विमानस्थल,

(ग) देश भित्र नै पशु, पशुजन्य तथा पशु उत्पादन सामग्रीको अधिक ओसार पसार हुन बिन्दु ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको चेकपोष्टमा देहाय बमोजिमको व्यवस्था हुन पर्नेछ :-

(क) पशुको आवागमनको लागि छुट्टै प्रवेश तथा प्रस्थान द्वारको व्यवस्था,

(ख) क्वारेन्टाइनको लागी प्रयोग हुने भवन तथा गोठ सजिलैसंग सरसफाई तथा निःसंक्रमण गर्न सकिने व्यवस्था,

(ग) विभिन्न सवारी साधानबाट ढुवानी हुने पशु तथा पशुजन्य पदार्थलाई उकाल्न तथा ओराल्न प्लेटफर्मको व्यवस्था ।

४. **क्वारेन्टाइन स्थलको निर्माण :**

(१) नियम ३ बमोजिम क्वारेन्टाइन चेकपोष्ट स्थापना भएको स्थानमा क्वारेन्टाइन स्थल निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले सिफारिशको लागि कार्य योजना सहित विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवदेन परेमा विभागले सो उपर आवश्यक जांचबुझ गरी क्वारेन्टाइन स्थल निर्माण गर्न दिन उपयुक्त देखेमा निवेदकलाई सिफारिशपत्र दिनेछ ।

(३) उपनियम (२) बमोजिमको सिफारिसपत्र सहित निवेदन पर्न आएमा नेपाल सरकारले क्वारेन्टाइन स्थल निर्माण गर्न अनुमति दिन सक्नेछ । तर प्रजननको लागि पैठारी भएको पशुलाई पैठारीकर्ता र विभागको सहमतिमा छुट्टै क्वारेन्टाइन स्थल तोक्न सकिनेछ ।

५. **क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नुपर्ने शर्तहरू :**

(१) क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नुपर्ने शर्त तथा पूरा गर्नु पर्ने मापदण्ड देहाय बमोजिम हुनेछ :

(क) कम्तीमा ६,५०० वर्ग मिटर क्षेत्रफलको जग्गा भएको हुनुपर्ने,

(ख) पशु पालन क्षेत्र, पशु फार्म, पशु वधशाला, पशु हाट-बजार र पशुको प्रत्यक्ष ओहोरदोहोर हुने ठाउँबाट कम्तीमा ५०० (पाँच सय) मिटरको दुरीमा हुनुपर्ने,

(ग) क्वारेन्टाइनमा राखिएका पशुहरूको बाहिरी पशुहरूसँग सम्पर्क हुन नपाउने गरी बार बन्देजको व्यवस्था हुनुपर्ने,

(घ) भिन्ना भिन्नै जातिका पशुहरू तथा भिन्ना भिन्नै खेपमा प्रवेश गर्ने पशुहरू राख्नको लागि अलगअलग ठाउँको व्यवस्था हुनुपर्ने,

(ङ) पशुहरूको निमित्त उपयुक्त पिउने पानी, प्रकाश, भेन्टिलेशन तथा ढल निकासको व्यवस्था हुनुपर्ने,

(च) पशुहरूलाई प्रवेश तथा प्रस्थान गराउनको लागि मूल ढोका पछि अर्को भित्री ढोका समेतको व्यवस्था हुनुपर्ने,

(छ) आवश्यक दाना, पानी, घाँस पराल आदि राख्ने ठाँउ भएको हुनुपर्ने,

(ज) पशुहरूलाई परिवहन साधनबाट ओराल्न र त्यसमा उकाल्न प्लेटफार्मको व्यवस्था हुनुपर्ने,

(झ) सजिलैसँग सफा गर्न, निःसंक्रमण गर्न र सुख्खा राख्न सकिने किसिमको भुई निर्माण गरिएको हुनुपर्ने,

(ञ) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री राख्नको लागि छुट्टा छुट्टै र पर्याप्त स्थानको व्यवस्था हुनुपर्ने,

(ट) शीत भण्डारमा राख्नु पर्ने वस्तुहरू भएमा त्यस्ता वस्तुहरू राख्न व्यवस्था मिलाईएको हुनुपर्ने,

(ठ) निःसंक्रमण गर्नको लागि पर्याप्त स्थान र सोको लागि प्रयोग हुने रसायन तथा सामग्रीहरू राख्नको लागि उपयुक्त ठाउँ हुनुपर्ने, र

(ड) सम्बन्धित विषयका दक्ष कर्मचारीको व्यवस्था भएको हुनुपर्ने ।

(२) क्वारेन्टाइन स्थल भित्र क्वारेन्टाइन सम्बन्धी कार्य बाहेक अन्य कार्य गर्न पाइने छैन ।

६. **क्वारेन्टाइनमा राखिने अवधि :**

(१) जुन मुलुकबाट पशु पैठारी गरिने हो सो मुलुकमा नेपालमा विद्यमान रोगको विरुद्ध खोप लगाएको अद्यावधिक र प्रमाणिक प्रमाणपत्र पेश भएमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशुलाई क्वारेन्टाइनमा राखी प्रमाणपत्र बमोजिमको पहिचान चिन्ह यकिन गरी जाँची त्यस्तो पशु स्वस्थ भएको पाइएमा छाड्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम यकिन हुन नसकेमा वा पशु स्वस्थ नपाइएमा वा खोपको प्रमाणिक प्रमाणपत्र बिना पैठारी गरिएको भएमा त्यस्ता पशुलाई क्वारेन्टाइन स्थलमा राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै पशुलाई क्वारेन्टाइनमा राख्नु पर्दा देहायका रोगको लागि देहायको अवधिसम्म र अन्य रोगको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अवधिसम्म राख्नु पर्नेछ :

(क) रिण्डरपेष्ट (Rinderpest) -२१ दिन

(ख) फूट एण्ड माउथ् डिजिज् (Foot & Mouth Disease) -१४ दिन

(ग) पेष्टिस डेस पेटिटिस रूमिनान्ट्स् (Pestes des Petits Ruminants) -२१ दिन

(घ) लम्पी स्कीन डिजिज् (Lumpy Skin Disease) -२१ दिन
(ङ) सीप पक्स एण्ड गोट पक्स
(Sheep Pox and Goat Pox) -२१ दिन
(च) ब्ल्यू टङ्ग (Blue Tongue) -४० दिन
(छ) अफ्रिकन स्वाइन फिवर (African Swine Fever) -४० दिन
(ज) क्लासिकल स्वाईन फिभर
(Classical Swine Fever) -४० दिन
(झ) अफ्रिकन हर्स सिकनेस (African Horse Sickness) -४० दिन
(ञ) भेसिकुलर स्टोमेटाइटिस (Vesicular Stomatitis) -२१ दिन
(ट) स्वाइन भेसिकुलर डिजिज्
(Swine Vesicular Disease) -२८ दिन
(ठ) कन्टाजियस् बोभाईन प्ल्यूरोन्यूमोनिया
(Contagious Bovine Pleuropneumonia) -६ महिना
(ड) रिफ्ट भ्याली फिभर (Rift Valley Fever) -३० दिन
(ढ) फाउल प्लेग (Fowl Plague) -२१ दिन
(ण) न्यू क्यासल डिजिज् (New Castle Disease) -२१ दिन
*(त) बर्ड लु (Highly Pathogenic Avian Influenza) -२१ दिन

(४) उपनियम (३) मा उल्लेख भए बाहेकका रोगको सम्बन्धमा क्वारेन्टाइनमा राख्नु पर्ने अवधि तोक्दा रोगको जैविक कारक तत्व (प्याथोजन) शरीरमा प्रवेश गरेपछि रोगका लक्षण देखा पर्ने समयावधि (इन्कुवेशन पिरियड) सँग मेल खाने गरी तोक्नु पर्नेछ।

(५) यस नियम बमोजिम तोकिएको क्वारेन्टाइन अवधि पूरा गरेको पशुलाई क्वारेन्टाइन अधिकृतले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएका संक्रामक रोग विरुद्ध खोप लगाई छाडिदिनेछ। त्यस्तो खोप लगाउँदा लागेको खर्च सम्बन्धित पैठारीकर्ताले ब्यहोर्नु पर्नेछ।

(६) पैठारी गरिएका पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइन अधिकृतले परीक्षण पश्चात उपयुक्त देखेमा छाड्न सक्नेछ।

(७) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइन प्रमाणपत्र प्रदान गरेको वा परीक्षण समाप्त

भएको मितिले तीन दिन भित्र पैठारीकर्ताले लैजानु पर्छ । सो अवधि भित्र नलगेमा क्वारेन्टाइन अधिकृतले जफत गर्न सक्नेछ ।

(८) मरेको पशु, दाना, सोत्तर, मलमूत्र वा पशुसंग सम्बन्धित वा पशुबाट निस्केका वस्तुहरू सम्बन्धित क्वारेन्टाइन अधिकृतको लिखित आदेश बिना क्वारेन्टाइन स्थलबाट बाहिर लैजान पाइने छैन ।

७. **परीक्षण गर्ने कार्यविधि :**

(१) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि देहाय बमोजिम हुनेछ :

(क) पशु परीक्षण गर्ने कार्यविधिः

(१) शारीरिक निरीक्षण तथा क्लिनिकल परीक्षण गर्ने,

(२) आवश्यकता अनुसार प्रयोगशाला परीक्षण गर्ने,

(३) संक्रामक रोग भएको शंका लागेको अवस्थामा रोग परीक्षणको अन्य विधि वा प्रविधि समेत प्रयोग गर्ने ।

(ख) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधिः

(१) निकासी गर्ने देशबाट जारी गरिएको प्रमाणपत्रमा उल्लेख भए अनुसार कै भौतिक स्वरुप भए वा नभएको जाँच गर्ने,

(२) तौल, प्याकिङ्ग, लेबुल तथा शिलबन्दी ठीक भए वा नभएको जाँच गर्ने,

(३) शिलबन्दी नभएको वा शिलबन्दी ठीक नभएकोमाः

(अ) बास्ना, रंग एवं वस्तुको अवस्थाको सम्बन्धमा परीक्षण गर्ने,

(आ) अवशेष, संक्रमण गर्ने तत्व तथा परिवर्तित संकेतको पहिचान गर्ने,

(इ) उपयुक्त तापक्रममा यथेष्ट समयसम्म रहे वा नरहेको पहिचान गर्ने,

*(२) उपनियम (१) को खण्ड (ख) बमोजिम परीक्षणको लागि नमुना लिंदा सम्बन्धित प्याकेज वा पार्शल संख्याको कम्तीमा दश प्रतिशत प्याकेज वा पार्शलबाट नमुना लिनु पर्नेछ ।

** (३) कुनै पशु, पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामग्रीको प्रयोगशाला परीक्षणको नतिजा तुरुन्त उपलब्ध हुन नसक्ने भएमा र त्यस्तो पशु, पशुजन्य पदार्थ, जैविक दार्थ वा पशु उत्पादन सामग्रीबाट जनस्वास्थ्य तथा पशुस्वास्थ्यमा प्रत्यक्ष दुष्प्रभाव पर्न सक्ने अवस्था नभएमा त्यस्तो खेपको पशु, पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामग्रीको नमुना सङ्कलन गरी सकेपछि त्यस्तो पशु, पशुजन्य पदार्थ, जैविक पदार्थ र पशु उत्पादन सामग्रीको पैठारीकर्ताले प्रयोगशालाको परीक्षण प्रतिवेदन प्राप्त नभएसम्म विक्री वितरण गर्न नपाउने शर्तमा कबुलियत गराई स्थान हद तोकी छाडि दिनु पर्नेछ ।

८. **क्वारेन्टाइन अधिकृतको काम :**

(१) क्वारेन्टाइन अधिकृतले गर्नुपर्ने काम देहाय बमोजिम हुनेछ :

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राखी निरीक्षण गर्ने र पशुहरूको लागि दाना, पानी तथा औषधि उपचार भए वा नभएको जाँच गर्ने,

(ख) प्रयोगशाला परीक्षणको लागि पठाइएको नमूनाको नतीजा प्राप्त नभएसम्म त्यस्ता पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइनमा राख्नु पर्ने भएमा उपयुक्त किसिमले राखे वा नराखेको निरीक्षण गर्ने,

(ग) प्रत्येक खेपका पशुहरू लगेपछि क्वारेन्टाइन स्थलको सरसफाई र निःसंक्रमण गराउने,

(घ) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परिवहन गर्न प्रयोग गरिएका सवारी साधनहरू राम्रोसंग सरसफाई तथा निःसंक्रमण भए वा नभएको निरीक्षण गर्ने र सरसफाई तथा निःसंक्रम नभएको पाइएमा सो कार्य गर्न लगाउने,

(ङ) विदेशी मुलुकबाट आएका परिवहनका साधनहरूद्वारा निष्काशित फोहर मैला रोग नफैलने गरी उचित तरीकाले व्यवस्था भएको छ वा छैन निरीक्षण गर्ने र आवश्यकता अनुसार तह लगाउने व्यवस्था मिलाउने,

(च) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीसंग सम्बन्धित

प्रमाणपत्र र अन्य कागजातहरू जाँच्ने

(छ) पैठारी गरिएका पशुमा कुनै संक्रामक रोग भएको पाइएमा वा शंका लागेमा सो विषयमा स्थानीय पशु सेवा कार्यालय, विभाग, कृषि मन्त्रालय र अन्य सम्बन्धित निकायलाई छिटो साधनद्वारा सूचना पठाउने,

(ज) पैठारी गरिएका पशुमा संक्रामक रोग भएको र पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा कुनै हानिकारक तत्व भएको शंका लागेमा त्यसको नमूना संकलन गरी परीक्षणको लागि विभागले तोकेको प्रयोगशालामा पठाउने र परीक्षणको नतीजा प्राप्त नभएसम्म त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइनमा राख्ने,

(झ) छिमेकी मुलुकका क्वारेन्टाइन चेकपोष्टसंग सम्पर्क तथा समन्वय कायम राख्ने ।

९. **असंक्रमण क्षेत्रबाट ढुवानी भएको मानिने :**

कुनै विमानस्थल संक्रमण स्थल हो भनी सम्बन्धित अधिकारीबाट घोषणा भएकोमा बाहेक त्यस्तो विमानस्थलबाट वा सो विमानस्थलमा अवतरण भै आएको विमानबाट ढुवानी भई नेपाल अधिराज्य भित्र भित्रिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री असंक्रमण क्षेत्रबाट सिधै ढुवानी भई आएको मानिनेछ ।

१०. **क्वारेन्टाइन प्रमाणपत्र :**

(१) पैठारी हुने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको क्वारेन्टाइन प्रक्रिया पूरा भैसकेपछि क्वारेन्टाइन अधिकृतले सम्बन्धित व्यक्तिलाई अनुसूची-२ को ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ

(२) देहायका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्नु पर्दा अनुसूची-३ को देहायका फाराममा तोकिएको ढाँचामा क्वारेन्टाइन अधिकृत वा विभागले तोकेको भेटनरी अधिकृतले स्वास्थ्य वा सेनिटरी प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ :-

(क) कुकुर तथा बिरालोको लागि — फाराम - १

(ख) घर पालुवा तथा जङ्गली पशुको लागि — फाराम - २

(ग) पशुको वीर्यको लागि फाराम - ३
(घ) पशुको मासुको लागि फाराम - ४
(ङ) पशु आहार, औद्योगिक वा औषधिको रुपमा प्रयोग हुने पशुजन्य पदार्थको लागि फाराम - ५
(च) घोडा जातिका पशुको लागि फाराम - ६
(छ) पंक्षीका लागि फाराम - ७
(ज) विभिन्न पंक्षीका फुल तथा एक दिने चल्ल वा भर्खर कोरलिएका चल्लाको लागि फाराम - ८

(३) उपनियम (२) बमोजिम जारी गरिएको प्रमाणपत्र जारी गरेको मितिले दश दिनसम्मको लागि मान्य हुनेछ।

११. **लिलाम बिक्री गर्न सक्ने :**

(१) नियम ६ को उपनियम (७) बमोजिम जफत गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइन अधिकृतले लिलाम बिक्री गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा क्वारेन्टाइन अधिकृतले अवस्था हेरी सात दिनदेखि पन्ध्र दिनसम्मको म्याद दिई देहायका कुराहरू समेत खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ :-

(क) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको विवरण,
(ख) न्यूनतम मूल्य,
(ग) लिलाम बढाबढ हुने मिति, समय र स्थान,
(घ) लिलाम सकार गर्न बोलिएको अंकको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा,
(ङ) अन्य आवश्यक कुराहरू।

(३) उपनियम (२) को खण्ड (ख) बमोजिम न्यूनतम मूल्य निर्धारण गर्नको लागि देहायको मूल्य निर्धारण समिति रहनेछः-

(क) क्वारेन्टाइन अधिकृत अध्यक्ष
(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय वा भन्सार कार्यालय सदस्य
(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय सदस्य

(४) लिलाम सकार गरेको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री तोकेको अवधि भित्र कबोल गरेको पूरा रकम बुझाई नउठाएमा राखिएको धरौटी जफत गरी पुनः लिलाम गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ गर्दा न्यूनतम मूल्य कबोल नगरेमा पूनः लिलाम बढाबढ गराउनु पर्नेछ । यसरी पुनः लिलाम बढाबढ गर्दा न्यूनतम मूल्यको दश प्रतिशतसम्म घटी कबोल हुन आएमा पनि लिलाम बिक्री गर्न सकिनेछ । यसरी पनि लिलाम बढाबढ हुन नसकेमा क्वारेन्टाइन अधिकृतले जिल्ला प्रशासन कार्यालय वा भन्सार कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय प्रतिनिधिहरूको रोहबरमा सिधै बिक्री गर्न सक्नेछ ।

## परिच्छेद–३
## सिफारिशपत्र, अनुमतिपत्र तथा गुणस्तर सम्बन्धी व्यवस्था

१२. **उद्योग स्थापना सम्बन्धी सिफारिशपत्र :**

(१) ऐनको दफा १७ बमोजिमको उद्योग स्थापना गर्न सिफारिशपत्र लिन चाहनेले *तीन सय रुपैयाँ दस्तुर सहित अनुसूची-४ को ढाँचामा विभाग समक्ष निवदेन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्रापत हुन आएमा विभागले सो उपर आवश्यक जाँचबुझ गरी सिफारिशपत्र दिन मनासिब देखेमा निवेदकलाई अनुसूची-५ बमोजिमको ढाँचामा सिफारिश पत्र दिनु पर्नेछ

१३. **निकासी वा पैठारी सम्बन्धी सिफारिश :**

(१) ऐनको दफा १८ को प्रयोजनको लागि सिफारिशत्र लिन चाहनेले **तीन सय रुपैयाँ दस्तुर सहित अनुसूची-६ को ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा विभागले सो उपर आवश्यक जाँचबुझ गरी सिफारिश दिन मनासिब देखेमा निवेदकलाई अनुसूची-७ को ढाँचामा सिफारिशपत्र दिनु पर्नेछ ।

**१४. निकासी गर्दा पालन गर्नुपर्ने शर्तहरू :**

(१) निकासीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री १ वा जैविक पदार्थ निकासी गर्दा देहायका शर्तहरू पालन गर्नुपर्नेछ :-

(क) निकासी गर्न लागेको पशुको किसिम, जाति, प्रजाति र संख्याको विवरण सहित निकासी गरिने नाका सहित सम्भावित मिति बारे सम्बन्धित क्वारेन्टाइन अधिकृतलाई ११ तीस दिन अगावै सूचना गर्नुपर्ने,

(ख) पशुको हकमा क्वारेन्टाइन अधिकृतले परीक्षण गरी निकासी योग्य छ भनी देखिने गरी उपयुक्त चिन्ह लगाएको र भेटनरी अधिकृतबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको हुनु पर्ने,

(ग) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री *वा जैविक पदार्थ निकासी गर्दा प्रयोग गरिने सवारी साधन निःसंक्रमण गरिएको हुनु पर्ने,

(घ) निकासी गरिने पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइन अधिकृतद्वारा परीक्षण गराउनु पर्ने, र

(ङ) पशु ढुवानी गर्न प्रयोग गरिने परिवहन साधन प्राविधिक दृष्टिकोणले उपयुक्त हुनु पर्ने ।

(२) यस नियम बमोजिम निकासी भएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री *वा जैविक पदार्थको अभिलेख सम्बन्धित क्वारेन्टाइन अधिकृतले राख्नु पर्नेछ ।

**१५. पैठारी गर्दा पालन गर्नु पर्ने शर्तहरू :**

(१) पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ८वा जैविक पदार्थ पैठारी गर्दा देहायका शर्तहरू पालन गर्नु पर्नेछ :-

(क) पैठारी हुने पशुहरू मध्ये चलान विन्दुबाट चलान भै सकेपछि बाटोमा नै कुनै पशुको मृत्यु भएको भए सोको विवरण क्वारेन्टाइन अधिकृत समक्ष पेश गर्ने,

(ख) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ८वा जैविक पदार्थ पैठारी गर्दा प्रयोग गरिने सवारी साधन निःसंक्रमण गरिएको हुनु पर्ने,

(ग) पैठारी गरिने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री

*वा जैविक पदार्थको पहिचान चिन्ह, संख्या वा तौल र किसिम सम्बन्धी विवरण पैठारी गर्दाको वखत क्वारेन्टाइन अधिकृत समक्ष पेश गर्नु पर्ने, र

(घ) पशु ढुवानी गर्न प्रयोग गरिने परिवहन साधन प्राविधिक दृष्टिकोणले उपयुक्त हुनु पर्ने ।

१६. **अनुमति पत्र लिनु पर्ने :**

(१) ऐनको दफा १९ को प्रयोजनको लागि अनुमतिपत्र लिन चाहनेले **तीन सय रुपैया दस्तुर सहित अनुसूची-८ को ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा विभागले सो उपर आवश्यक जाँचबुझ गरी अनुमति पत्र दिन मनासिब देखेमा अनुसूची-९ को ढाँचामा अनुमति पत्र दिनु पर्नेछ ।

*१७. **गुणस्तर तथा मापदण्ड सम्बन्धी व्यवस्था :**

(१) पशु, पशुजन्य पदार्थ, जैविक पदार्थ, पशु उत्पादन सामग्री र माछाका भुराको ढुवानी तथा गुणस्तर सम्बन्धी मापदण्ड विभागका महानिर्देशकको अध्यक्षतामा गठित प्राविधिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा महानिर्देशकले तोकेको सम्बन्धित महाशाखा तथा शाखा प्रमुखहरू र अन्य विषय विशेषज्ञहरू सदस्य रहनेछन् ।

## परिच्छेद-४
## विविध

१८. **नष्ट गर्ने कार्यविधि :**

(१) ऐनको दफा १४ र २९ बमोजिम कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नष्ट गर्नु पर्दा अवस्था हेरी जलाउनु वा खाडल खनी कम्तीमा तीन फीट पुरिने गरी गाड्नु वा विभागले निर्धारण गरेको प्रक्रिया अनुसार नष्ट गर्नु पर्नेछ ।

(२) ढुवानी गर्दाकै अवस्थामा कुने पशुको मृत्यु भएमा रोग नफैलने गरी

त्यस्तो सिनो बाहिर ल्याई उपनियम (१) बमोजिम नष्ट गर्नु पर्नेछ। त्यस्तो पशु ढुवानी गरिएको सवारी साधन समेत निःसंक्रमण गर्नु पर्नेछ।

१९. **भेटनरी निरीक्षकको काम, कर्तव्य र अधिकार :**

भेटनरी निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

* (क) पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री, पशु औषधि वा जैविकपदार्थको गुणस्तर जाँच गर्ने वा जाँच गर्नको लागि सोको नमुना सङ्कलन गरी विभागले तोकेको प्रयोगशालामा पठाउने,

* (ख) म्याद नाघेका पशु औषधि, जैविक पदार्थ वा पशु उत्पादन सामग्री भेटिएमा नियम १८ को कार्यविधि पूरा गरी नष्ट गर्ने र सोको जानकारी विभागमा लेखी पठाउने,

(ग) पशु औषधि वा जैविक पदार्थको बिक्री वितरण आधिकारिक व्यक्तिबाट भए वा नभएको जाँच गरी विभागलाई जानकारी गराउने,

(घ) कुनै व्यावसायिक फार्मले पशुलाई नियमित रुपमा खोप दिए वा नदिएको, जैविक सुरक्षाका उपायहरू अवलम्बन गरे वा नगरेको जाँच गर्ने,

(ङ) खण्ड (घ) बमोजिम जाँच गर्दा कुनै पशुमा रोग लागेको पाइएमा वा सोको शंका लागेमा त्यस्तो पशुलाई नष्ट गर्न वा छुट्टै राख्न आदेश दिने वा बिक्री वितरण गर्न रोक्का गर्ने र सो कुराको जानकारी यथाशीघ्र विभागलाई दिने,

(च) यस नियमावली बमोजिम विभागबाट सिफारिश पत्र वा अनुमतिपत्र प्रदान गरिएकोमा सो बमोजिम भए वा नभएको निरीक्षण गरी विभाग समक्ष प्रतिवेदन पेश गर्ने,

(छ) पशु नसल सुधार सम्बन्धमा स्थलगत रुपमा सुझाव संकलन गरी विभागमा पठाउने,

(ज) पशु नसल सुधार लागु गरिएको क्षेत्रमा भाले जातको पशुहरूलाई खसी पार्ने कार्य गराउने,

(झ) पशु नसल सुधार सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न प्रचार प्रसार गर्ने,

(ञ) पशु नसल सुधारको लागि पशुहरूको जाति र वीर्यको प्रयोग सिफारिश अनुसार भए वा नभएको अनुगमन गर्ने,

(ट) विभागले तोकिदिएका अन्य काम गर्ने वा गराउने ।

२०. **रोगको सूचना दिनु पर्ने :**

(१) कुनै पशुलाई संक्रामक रोग लागेको वा त्यस्तो रोग लागेको शंका लागेको कुरा पशु धनी वा स्थानिय निकाय वा पशु उपचारमा संलग्न पशु स्वास्थ्यकर्मी वा पशु चिकित्सक जो सुकैको जानकारीमा आएमा नजिकको पशु सेवा केन्द्र वा उपकेन्द्र वा पशु सेवा कार्यालयमा सूचना दिनु पर्नेछ । ८पशु सेवा केन्द्र वा उपकेन्द्रले त्यसरी सूचना प्राप्त भएपछि सोको जानकारी यथाशीघ्र पशु सेवा कार्यालयलाई दिनुपर्नेछ ।

** (२) उपनियम (१) बमोजिम जानकारी प्राप्त हुन आएपछि सम्बन्धित प्राविधिकले जाँचबुझ गर्दा अनुसूची-१० मा उल्लिखित रोग लागेको शङ्का गर्नुपर्ने आधार भएमा पशु सेवा कार्यालयको प्रमुखले विभागले तोकेको भेटेरिनरी अधिकृतका साथै क्षेत्रीय पशु सेवा निर्देशनालय र क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालालाई समेत सो कुराको सूचना यथाशीघ्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो भेटनरी अधिकृतले सो सम्बन्धमा आवश्यक अध्ययन गरी २४ (चौविस) घण्टा भित्र विभागलाई जानकारी गराउनु पर्नेछ ।

* (४) ढुवानीको क्रममा कुनै पशुको मृत्यु भएमा त्यस्तो पशुको धनी वा ढुवानीकर्ताले नजिकको पशु सेवा केन्द्र, उपकेन्द्र, पशु क्वारेन्टाईन कार्यालय, चेकपोष्ट वा जिल्ला पशु सेवा कार्यालयमा सोको जानकारी दिनु पर्नेछ ।

* (५) उपनियम (४) बमोजिम सूचना प्राप्त भएपछि त्यस्तो निकायको प्राविधिक वा प्रमुखले पशु मर्नाको कारण यकीन गर्न आवश्यक पर्ने नमूना सङ्कलन गरी परीक्षणको लागि विभागले तोकेको प्रयोगशालामा पठाउनु पर्नेछ र मृत पशुलाई नियम १८ बमोजिमको कार्यविधि पूरा गरी नष्ट गर्न लगाउनु पर्नेछ ।

२१. **जैविक पदार्थ सम्बन्धी विशेष व्यवस्था :**

जैविक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्न चाहनेले यस ऐन बमोजिम सिफारिशपत्र वा अनुमतिपत्र पाउनको लागि निवेदन

दिंदा अनुसूची-११ मा उल्लिखित विवरण समेत उपलब्ध गराउनु पर्नेछ।

*२१क. **कार्यालय तोकिएको** :

ऐनको दफा २ को खण्ड (ट) को प्रयोजनको लागि सोही खण्डमा उल्लिखित कार्यालयको अतिरिक्त केन्द्रीय पशु क्वारेन्टाईन कार्यालय, पशु क्वारेन्टाईन कार्यालय र भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयलाई समेत तोकिएको छ।

२२. **पोशाक लगाउनु पर्ने** :

क्वारेन्टाइनमा काम गर्ने कर्मचारीले विभागले तोके बमोजमको पोशाक लगाउनु पर्नेछ।

*२२क. **निर्देशिका तथा संहिता बनाउन सक्ने** :

ऐन तथा यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्देशिका तथा संहिता बनाई जारी गर्न सक्नेछ र त्यसरी जारी गरिएको निर्देशिका तथा संहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२३. **अनुसूचिमा हेरफेर तथा थपघट गर्न सक्ने** :

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

## अनुसूची–१
## (नियम २ को खण्ड (ख) संग सम्बन्धित)

## नि:संक्रमण गर्ने विधि

नि:संक्रमण गर्दा नि:संक्रमण गरिने बस्तुको प्रकृति हेरी देहायको कुनै रासायनिक वा भौतिक विधि प्रयोग गर्नु पर्नेछ :

१. चून (पानीमा २० प्रतिशतको घोल)

२. सोडियम कार्बोनेट (पानीमा ५ देखि ८ प्रतिशतको घोल)

३. सोडियम हाइड्रोक्लोराइड (पानीमा १ देखि ५ प्रतिशतको घोल) आवश्यक परेमा ५ प्रतिशतको चूनको घोल समेत मिलाएर प्रयोग गर्न सकिनेछ ।

४. फिनोलिक एसिड (पानीमा ३ देखि ५ प्रतिशतको घोल)

५. फिनोलिक एसिड र सल्युरिक एसिडको सम्मिश्रण भएको घोल (एक लिटर पानीमा पचास मिलिलिटर समिश्रणको घोल ।

६. फर्मालिन (४० प्रतिशतको फर्मा्लिन झोललाई पानीमा ५ प्रतिशतको घोल)

७. सोडियम हाइपोक्लोराइड (पानीमा १ देखि ३ प्रतिशतको घोल)

८. पाराबैजनी किरण (अल्ट्राभायोलेट लाईट) (कम्तिमा लगातार दुई घण्टा प्रयोग)

९. आगोको ताप (ब्लो ल्याम्पको प्रयोग)

द्रष्टव्य : नि:संक्रमणका उपलब्ध अन्य उत्पादनहरू अवस्था हेरी प्रयोग गर्न सकिनेछ ।

## अनुसूची–२
**(नियम १० को उपनियम (१) संग सम्बन्धित)**

**क्वारेन्टाइन प्रमाणपत्रको ढाँचा**

**नेपाल सरकार**

**कृषि मन्त्रालय**

**पशु सेवा विभाग**

**पशु क्वारेन्टाइन चेकपोष्ट**

..........................

मितिः

**क्वारेन्टाइन प्रमाणपत्र**

................ अञ्चल ........... जिल्ला ........... गा.वि.स. ⁄ न.पा. वडा नं. ....... का श्री ................................................ ले मिति ................ मा ................ मुलुकबाट .......................... प्रयोजनको लागि पैठारी गर्नुभएको (गाई ⁄ भैंसी ⁄ रांगो ⁄ खसी ⁄ चल्ला ...................... यस क्वारेन्टाइन चेकपोष्टबाट निरीक्षण गर्दा तपसिलका प्रमाणहरू दुरुस्त पाइएको र परीक्षण गर्दा रोग संक्रमण हुन सक्ने सम्भावना नदेखिएको हुंदा यस स्थान देखि ............. ............... सम्म मिति ..................... भित्रमा पुऱ्याउने गरी यो प्रमाणपत्र दिइएको छ ।

**तपसिल**

(१)
(२)
(३)
(४)

क्वारेन्टाइनबाट छाडिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको विवरणः

| | नाम | तौल र संख्या | कैफियत |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| (३) | | | |
| (४) | | | |

...........................

क्वारेन्टाइन अधिकृत

**फाराम–१**

**अनुसूची–३**
**(नियम १० को उपनियम (२) को खण्ड (क) संग सम्बन्धित)**

**कुकुर तथा बिरालोको स्वास्थ्य प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार
Government of Nepal
पशुपन्छी विकास मन्त्रालय
Ministry of Agriculture
पशु सेवा विभाग
Departmant of Livetock Services
पशु क्वारेन्टाइन चेकपोष्ट
Animal Quarantine Check Post
कुकुर तथा बिरालोको स्वास्थ्य प्रमाणपत्र
Health Certificate for Dogs and Cats

१. **पशु धनीको नाम र ठेगाना (Owner's name and address):**
.......................................

२. **विवरण (Description):**
पशुको जाति (Species of animal).........................................
उमेर वा जन्म मिति (Age or date of birth).............................
लिङ्ग (Sex) ..................................................................
जात (Breed)..................................................................
रंग (Colour) ...............................................................
रौंको रंग तथा पहिचान चिन्ह (coat type and marking/distinguishing marks): ......................................................................
परिचयात्मक संख्या (टाटू वा अन्य स्थायी किसिमले लगाइएको पहिचान चिन्ह) [Identification number (Tattoo or other permanents method of identification)]:

३. **थप जानकारी (Additional information):**

Country of origin (उत्पत्ति भएको मुलुक): ……………………………

विगत दुई वर्षमा पशुधनिले पशुसाथ भ्रमण गरेको मुलुकहरू (मिति उल्लेख गर्ने) (Countries visited with pet over the past two years by the owner-give dateds)……………………………………………………

४. **खोप (Vaccination):**

तल सहिछाप गर्ने म यो घोषणा गर्दछु कि माथि भाग २ मा उल्लेख गरिएको पशुलाई निम्न अनुसार रेविजको खोप दिएको हुँ । खोप लगाइएको दिनमा सो पशु स्वस्थय भएको पाइएको थियो । (I the undersigned declare herewith that I have vaccinated the animal descrided in Part 2 against rabies as shown below. The Animal was found to be healthy on the day of vaccination.)

| खोप लगाएका मिति (Date of vaccination) | खोपको नाम (Name of inactiavated virusvaccinne) | १.खोपको निर्माण गर्ने कम्पनि (Manufacturing Laboratory)<br>२.ब्याच नं (Batch No)<br>३.म्याद गुज्रिने मिति (Expriy Date) | पशु चिकित्सकको नाम तथा सहिछाप Name (in block) and singnature of the veterianarian |
|---|---|---|---|
| | | १.<br>२.<br>३. | |

| अन्तर्राष्ट्रिय आवागमनको लागि खोपको मान्यता रहने अवधि (Period of validity of vaccination for international movement) | | भेटनरी अधिकृतको नाम तथा सहिछाप [NAME (IN BLOCK LETTERS) AND SIGNATURE OF THE OFFICIAL VETERINARIAN] |
|---|---|---|
| देखि (from) | सम्म (to) | |
| | | |

५. **सिरोलजिकल परीक्षण (Serologicawl Testing):**

तल सहिछाप गर्ने म यो घोषणा गर्दछु कि माथि भाग २ मा वर्णन गरिएको पशुको रगतको नमूना मैले लिई आधिकारिक प्रयोगशालामा न्यूट्रिलाईजिङ्ग एष्टिवडी टाइट्रेशन परीक्षण गराउंदा निम्न अनुसारको

नतिजा पाइएको छ । (I the undersigned declare herewith that I have taken a blood sample from the animal described in part 2 diagnostic laboratory which has carried out the naturalising antibody titration test.)

| नमुना लिएको मिति (Date of sampling) | अधिकातरीक प्रयोगशालाको नाम तथा ठेगाना (Name and address of theofficial diagonostic laboratory) | एन्टीबडी टाईट्रेशन परीक्षणको नतिजा (Result of the antibody titration test (inU/mf)) | पशु चिकित्सकको नाम सहिछाप Name (in block) and signature of the veterianarian |
|---|---|---|---|
| | | | |

| अन्तर्राष्ट्रिय आवागमनको लागि सिरोजिकल परिक्षणको मान्यता रहने अवधि (PERIOD OFVALIDITY OF VACCINATION FOR INTERNATIONAL MOVEMENT) | भेटेनरी अधिकृतको नाम तथा सहिछाप Name (in block letters) and signature of the offical veterinarian |
|---|---|
| देखि (from) | सम्म (to) |
| | |

६. **क्लिनिकल परिक्षण (Clinical Examination)**

तल सहिछाप गर्ने म यो घोषणा गर्दछु कि भाग २ मा वर्णन गरिएको पशुलाई निम्न मितिमा परीक्षण गरेको हु र परीक्षणमा उक्त स्वस्थ्य भएको पाएको छु । (I the undersigned declare herewith that I have examined on the date indicated below the animal described in Part 2 and have found it to be clinically healthy.)

| परिक्षण गरेको मिति (Date of Examination) | पशुचिकित्सकको नाम र सहिछाप [Name (in block letters) and signature of the veterinarian] | भेटेनरी अधिकृतको नाम तथा सहिछाप [Name (in block letters and signature of the offical veterinarian] |
|---|---|---|
| | | |

फाराम–२

**अनुसूची–३**
(**नियम १० को उपनियम** (२) **को खण्ड** (ख) **संग सम्बन्धित**)

**घर पालुवा तथा जंगली पशुको लागि स्वास्थ्य प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार
Government of Nepal
पशुपन्छी विकाश मन्त्रालय
Ministry of Agriculture
पशु सेवा विभाग
Department of Livestock Services
पशु क्वारेन्टाइन चेकपोष्ट
Animal Quarantine Check Post
घर पालुवा तथा जंगली पशुको लागि स्वास्थ्य प्रमाणपत्र
Health Certificate for Domestic or Wild Animals

**निकाशी गर्ने देश (Exporting Country):** ............................
**मन्त्रालय (Ministry):** .........................................
**विभाग (Department):** ........................................
**जिल्ला (District):** ..........................................

१. **पशु** (हरू) **को पहिचान (Identification of the animal/s):**

| कानमा लगाइएको चिन्न (Ear Mark) | जात (Breed) | लिंग (Sex) | उमेर (Age) |
|---|---|---|---|
| | | | |

२. **पशु** (हरू) **को उत्पति (Origin of the animal/s):**
निकसिकर्ताको नाम तथा ठेगाना (Name and address of exporter)
.............................................................................
पशुहरूको उत्पति स्थान (Place of Origin of the animals):

३. **पशु (हरू) को गन्तव्य स्थान (Destination of the animal/s):**

पाउनेको नाम र ठेगाना (Name and address of consignee): ..........

ढुवानी साधनको प्रकृति तथा पहिचान (Nature and identification of means of transport): ................................................

४. **सेनिटरी जानकारी (Sanitary Information):**

तल सहिछाप गर्ने म भेटनरी अधिकृत यो प्रमाणित गर्दछु कि माथि उल्लेख गरिएको पशु (हरू) आज ........................... मा परीक्षण गर्दा (The undersigned Official Veterinarian certifies that the animal/s described above and examined on this day):

a) कुनै पनि रोगको लक्षण नभएको पाइयो (shows/show no clinical sign of disease):

निम्न आवश्यकताहरू पूरा गरेको पाइयो (आवश्यक भएमा) [satisfies/satisfy the following requirements (if applicable)*]

**कार्यालयको छाप (Official stamp):**

जारी गरिएको स्थान (Issued at) ................ मिति (on) .......................

क्वारेन्टाइन अधिकृतको नाम तथा ठेगाना (Name and address of Quarantine Officer) ...........................................

सहिछाप (Signature) ...................................

*यी शर्तहरू निकासी र पैठारी गर्ने मुलुकहरू बीच भेटनरी सेवा सम्बन्धी सहमति भए अनुसार हुनेछ । (These conditions are agreed conditions between the Veterinary Services of the importing and exporting countries.)

फाराम–३

## अनुसूची–३

**(नियम १० को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धित)**

**पशुको विर्यको लागि स्वास्थ्य प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार
Government of Nepal
पशुपन्छी विकाश मन्त्रालय
Ministry of Agriculture
पशु सेवा विभाग
Department of Livestock Services
पशु क्वारेन्टाइन चेकपोष्ट
Animal Quarantine Check Post
पशुको विर्यको लागि स्वास्थ्य प्रमाणपत्र
Health Certificate for semen of Animals

**निकाशी गर्ने देश (Exporting Country):** ............................
**मन्त्रालय (Ministry):** .........................................
**विभाग (Department):** ........................................
**जिल्ला (District):** ..........................................

१. दाता पशुको वारेमा जानकारी (Information concerning the donor animal)

जाति (Species): ..........................................
जात (Breed): ..........................................
नाम (Name):...........................................
जन्म मिति (Date of birth): ..........................................
जन्म स्थान (Place of birth): ...................................
हर्ड र स्टड किताबमा दर्ता (Registered entry in the herd/stud book) ..............................
पशुलाई कृत्रिम गर्भाधानको लागि स्वीकृत पाएको मिति (Date of approval of animal for AI purposes): .....................................

२. विर्य सम्बन्धि विवरण (Information concerning the semen)
सङ्कलन गरेको मिति (Date of Collection) ............................
निकाशी गरिने विर्यको संख्या तथा प्याक (Quantity and packaging of exporting semen): ................................
३. विर्यको उत्पति (Origin of the semen):
कृत्रिम गर्भाधान केन्द्र वा निकसिकर्ताको नाम र ठेगाना (Name and address of AI centre or exporter): ..............................
४. विर्यको गन्तव्य स्थान (Destination of the semen):
पाउनेको नाम र ठेगाना (Name of postal address of consignee): ......................................
ढुवानी गर्ने साधनको प्रकृति तथा पहिचान (Nature and identification of means of transport): .........................................
५. सेनिटरी जानकारी (Sanitry Information):
तल सहिछाप गर्ने म भेटनरी अधिकृत यो प्रमाणित गर्दछु कि विर्य सङ्कलन गरिएको पशुमा (The undersigned Official Veterinarian certifies that the donor animal):
a) विर्य संग्लन गर्ने दिनमा रोगको कुनै लक्षण देखिएको छैन (shows no sign of disease on the day of collection):
b) निम्न आवश्यकताहरू समेत पुरा गरेको छ (आवश्यक परेमा)* [satisfy/satifiees the following requirements (if applicable)*].

कार्यालयको छाप (Official stamp):
जारी गरिएको स्थान (Issued at) ......... मिति (on) ........... क्वारेन्टाइन अधिकृतको नाम र ठेगाना (Name and address of Quarantine Officer)
...........................................................
सहिछाप (Signature) ...................................

*यी शर्तहरू निकासी र पैठारी गर्ने मुलुकहरू बीच भेटनरी सेवा सम्बन्धी सहमति भए अनुसार हुनेछ । (These conditions are agreed conditions between the Veterinary Services of the importing and exporting countries.)

**फाराम–४**

**अनुसूची–३**

**(नियम १० को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धित)**

**पशुको मासुको लागि सेनेटारी प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार
Government of Nepal
पशुपन्छी विकाश मन्त्रालय
Ministry of Agriculture
पशु सेवा विभाग
Department of Livestock Services
पशु क्वारेन्टाइन चेकपोष्ट
Animal Quarantine Check Post
पशुको मासुको लागि सेनेटारी प्रमाणपत्र
Sanitary Certificate for Meat of Domestic Animals

**निकाशी गर्ने देश (Exporting Country):** ............................
**मन्त्रालय (Ministry):** .........................................
**विभाग (Department):** ........................................
**जिल्ला (District):** ..........................................

१. **मासुको पहिचान (Identifiction of the meat):** ............................
मासुको हिस्साको किसिम (Type of portions of meat):........................
पोकाको किसिम (Type of package): .....................................
खुद तौल (Net weight): ..................................................

२. मासुको उत्पति (Origin of the meat):
स्वीकृत प्राप्त पशु वधशाला वा मासु प्रशोधन गर्ने सस्थाको ठेगाना*
(Address/es of approved abattoir or cutting-up establihment/s*)
......................................................

३. मासुको गन्तब्य स्थान (Destination of the meat)
मासु पठाउने ठाउँ (The meat is the being sent from) ................
[चलान भएको ठाउँ (Place of dispatch)] सम्म (to): ..........

देश र गन्तव्य स्थानको नाम (country and place of destination)........
.....................................................................

निकसिकर्ताको नाम र ठेगाना (Name and address of exporter).......
.....................................................................

पाउनेको नाम र ठेगाना (Name and identification of means of transport)
.....................................................................

निकसिकर्ताको नाम र ठेगाना (Name and address of consignee)
.....................................................................

४. उपभोग योग्यताको प्रमाणीकरण (Attestation of wholesomeness): तल सहिछाप गर्ने म भेटनरी अधिकृत यो प्रमाणित गर्दछु कि (The undersigned Official Veterinarian certifies that)

a) माथि उल्लेख गरिएका मासु*, मासुको पोकाहरू* मानव उपभोगको लागि उपयुक्त देखिन्छ (the meat*, packages of meat* referred to above is considered to be fit for human consumption):

b) मासु प्रशोधन गर्ने स्थानमा मासु काटिएको हो (the mest was cut up in a cutting-up establishment)स

c) निम्न आवश्यक्ताहरू यो मासुले पुरा गरेको छ (आवश्यक परेमा)** [the meat satisfies the following requirements (if applicable)**].

कार्यालयको छाप (Official stamp):

जारी गरीएको स्थान (Issued at) .......... मिति (on) ..........

क्वारेन्टाइन अधिकृतको नाम तथा ठेगाना (Name and address of Quarantine Officer) ............................

सहिछाप (Signature)

*आवश्यक नपर्ने जति केर्नु होस् (Delete where not applicable)

** यी शर्तहरू निकाशी र पैठारी गर्ने मुलुकहरू बीच भेटनरी सेवा सम्बन्धि सहमति भए अनुसार हुनेछ . (These conditons are agreed conditions between the Veterinary Services of the importing and exporting countries.)

फाराम–५

**अनुसूची–३**

**(नियम १० को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धित)**

**पशु आहारा, औधोगिक वा औषधिको रुपमा प्रयोग हुने पशुजन्य पदार्थको लागि सेनेटारी प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार
Government of Nepal
पशुपन्छी विकाश मन्त्रालय
Ministry of Agriculture
पशु सेवा विभाग
Department of Livestock Services
पशु क्वारेन्टाइन चेकपोष्ट
Animal Quarantine Check Post
पशु आहारा,औधोगिक वा औषधिको रुपमा प्रयोग हुने पशुजन्य पढ़ार्थको लागि सेनेटारी प्रमाणपत्रको ढाँचा
Sanitary Certificate for Products of Animal Origin destined for use in Animal Feeding, or for Industrial or Pharmaceutical use

**निकाशी गर्ने देश (Exporting Country):** ............................
**मन्त्रालय (Ministry):** ........................................
**विभाग (Department):** ........................................
**जिल्ला (District):** ..........................................

१. **पदार्थको पहिचान (Identification of the products):**
पोकाको संख्या (Number of package): ............................
पहिचान चिन्ह (Identification marks): .........................
खुद तौल (Net weight): .............................

२. **पदार्थको उत्पति (Orgin of the products):**
पदार्थ उत्पादन भएको सस्थाको ठेगाना (Address of the establishment of origin): .................................

३. **पदार्थको गन्तव्य स्थान (Destination of the products):**

उपरोक्त अनुसारको पदार्थ पठाइएको ठाउँ (The above mentioned products is being sent from): ........................................

[चलान भएको ठाउँ (place of dispatch)] सम्म (तय) .........................

[देश र गन्तव्य स्थान (country and place of destination)]

ढुवानी साधनको प्रकृति तथा पहिचान (Nature and identification of means of transport): ........................

निकासीकर्ताको नाम र ठेगाना (Name and address of exporter):

...............................................

पाउनेको नाम र ठेगाना (name and address of consignee): ......

४. **सेनेटरी जानकारी (Sanitary information)**

तल सहिछाप गर्ने म भेटनरी अधिकृत यो प्रमाणित गर्दछु कि माथि वर्णन गरिएको पदार्थले निम्न आवश्यक्ताहरू पुरा गरेको छ (आवश्यक भएमा)* [The undersigned Official Veterianrian certifies that the products described above satisfy the following requirements (if applicable)*]

कार्यालयको छाप (Official stamp):

जारी गरीएको स्थान (Issued at) .......... मिति (on) ..........

क्वारेन्टाइन अधिकृतको नाम तथा ठेगाना (Name and address of Quarantine Officer) ...........................

सहिछाप (Signature)

*यी शर्तहरू निकासी र पैठारी गर्ने मुलुकहरू बीच भेटनरी सेवा सम्बन्धि सहमति भए अनुसार हुनेछ (These conditions are agreed conditions between the Veterinary Services of the importing and exporting countries.)

फाराम–६

## अनुसूची–३
(नियम १० को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धित)

## घोडा जातिका पशुको लागि स्वास्थ्य प्रमाणपत्रको ढाँचा

नेपाल सरकार
Government of Nepal
पशुपन्छी विकाश मन्त्रालय
Ministry of Agriculture
पशु सेवा विभाग
Department of Livestock Services
पशु क्वारेन्टाइन चेकपोष्ट
Animal Quarantine Check Post
घोडा जातिका पशुको लागि स्वास्थ्य प्रमाणपत्रको
Animal Health Certificate for Equines*

**निकाशी गर्ने देश (Exporting Country):** ............................
**मन्त्रालय (Ministry):** .........................................
**विभाग (Department):** ........................................
**जिल्ला (District):** ..........................................

१. **पदार्थको पहिचान (Identification of the products):**

२. **पशुको उत्पति (Origin of the animal/s):**
निकासीकर्ताको नाम र ठेगाना (Name and address of exporter):
...............................................
पशुको उत्पति स्थान (Place of origin of animal/s):
....................................................................

३. **पशुको गन्तव्य स्थान (Destination of the animal/s):**........
पुग्ने देश (Country of destination): .................

पाउनेको नाम र ठेगाना (Name and address of consignee):

..........................................

ढुवानी साधनको प्रकृति तथा पहिचान (Name and identification of means of transport): ............................

४. **सेनेटरी जानकारी (Sanitary information):**

तल सहिछाप गर्ने म भेटनरी अधिकृत यो प्रमाणित गर्दछु कि आजका मितिमा परिक्षण गरिएको माथि उल्लेख गरिएको पशुमा (The undersigned Official Vetererian certifies that the animal/s described above and examined on this day)

a) कुनै पनि रोगको लक्षण देखिएको छैन (show/s no clinical sign of disease):

b) निम्न आवश्यक्ताहरू पुरा गरेको छ (satisfy/ies the following requirements).**

कार्यालयको छाप (Official stamp):

जारी गरीएको स्थान (Issued at) .......... मिति (on) ..........

क्वारेन्टाइन अधिकृतको नाम तथा ठेगाना (Name and address of Quarantine Officer) ...........................

सहिछाप (Signature)

- प्रजननको प्रयोजनका पशुहरूका लागि अलक अलक प्रमाणपत्र दिनु पर्नेछ (it is recommended that indivisdual certificates be drawn up for bredding animalas)

** यी शर्तहरू निकासी र पैठारी गर्ने मुलुकहरू बीच भेटनरी सेवा सम्बन्धि सहमति भए अनुसार हुनेछ (These conditions are agreed conditions between the Veterinary Services of the importing and exporting countrie)

**फाराम–७**

**अनुसूची–३**
(**नियम १० को उपनियम** (२) **को खण्ड** (ख) **संग सम्बन्धित**)

**पन्छीको लागि स्वास्थ्य प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार
Government of Nepal
पशुपन्छी विकाश मन्त्रालय
Ministry of Agriculture
पशु सेवा विभाग
Department of Livestock Services
पशु क्वारेन्टाइन चेकपोष्ट
Animal Quarantine Check Post
पन्छिका लागि स्वास्थ्य प्रमाणपत्र
Animal Health Certificate for Birds

**निकाशी गर्ने देश (Exporting Country):** ............................
**मन्त्रालय (Ministry):** .........................................
**विभाग (Department):** ........................................
**जिल्ला (District):** ..........................................

१. **पन्छीको पहिचान (Identification of bird/s):**

| संख्या (Number) | पहिचान चिन्ह (Mark) | जाति (Species) | लिंग (Sex) | उमेर (Age) |
|---|---|---|---|---|
| | | | | |

२. **पन्छीको उत्पति (Origin of the bird/s)**

निकसिकर्ताको नाम र ठेगाना (Name and address of exporter):
पन्छीको उत्पति स्थान (Place of origin of the bird/s): ................

३. **पन्छीको गन्तव्य स्थान (Destination of the bird/s):**

गन्तव्य मुलुक (Country of destination) ......................

पाउनेको नाम र ठेगाना (Name and address of consignee) ....

ढुवानी साधनको प्रकृति तथा पहिचान (Nature and identification of means of transport): ..................

४. **सेनेटरी जानकारी (Sanitary information):**

तल सहिछाप गर्ने म भेटनरी अधिकृत यो प्रमाणित गर्दछु कि आजका मितिमा परिक्षण गरिएको माथि उल्लेख गरिएको पन्छीमा (The undersigned Official Veterinarian certifies that the bird/s described above and examined on this day)

a) कुनै पनि रोगको लक्षण देखिएको छैन (show/s no clinical sign of disease):

b) निम्न आवश्यकताहरू पुरा गरेका छन् (आवश्यक भएमा)* (satify/ies the following requierments (if applicable)*

कार्यालयको छाप (Official stamp):

जारी गरीएको स्थान (Issued at) .......... मिति (on) ..........

क्वारेन्टाइन अधिकृतको नाम तथा ठेगाना (Name and address of Quarantine Officer) ............................

सहिछाप (Signature)

*यी शर्तहरू निकासी र पैठारी गर्ने मुलुकहरू बीच भेटनरी सेवा सम्बन्धि सहमति भए अनुसार हुनेछ (These conditions are agreed conditions between the Veterinary Services of the importing and exporting countrie)

फाराम–८

अनुसूची–३

(नियम १० को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धित)

## विभिन्न पन्छिका फुल तथा एक दिने चल्ला वा भर्खर कोरलिएका चल्लाको लागि स्वास्थ्य प्रमाणपत्रको ढाँचा

नेपाल सरकार
Government of Nepal
पशुपन्छी विकाश मन्त्रालय
Ministry of Agriculture
पशु सेवा विभाग
Department of Livestock Services
पशु क्वारेन्टाइन चेकपोष्ट
Animal Quarantine Check Post
विभिन्न पन्छिका फुल तथा एक दिने चल्ला वा भर्खर कोरलिएका चल्लाको लागि स्वास्थ्य प्रमाणपत्र
Health Certificate for Day-Old Chicks, TGurkey Poluts, other Newly-Hatched Avian Species and Hatching Eggs

**निकाशी गर्ने देश (Exporting Country):** ............................
**मन्त्रालय (Ministry):** .........................................
**विभाग (Department):** ........................................
**जिल्ला (District):** ..........................................

१. **पन्छी वा चल्ला कोरल्ने फुलको पहिचान (Identification of the birs/s or hatching egg/s):**

| संख्या (Number) | पहिचान चिन्ह (Mark) | जाति (Species) | लिंग (Sex) | उमेर (Age) |
|---|---|---|---|---|
| | | | | |

२. **पन्छी वा चल्ला कोरल्ने फूलको उत्पति (Origin of the bird/s or hatching eggs/s):**

उत्पादन गर्ने फर्मको नाम र ठेगाना* (Name and address of the establishment of origin*): ......................................

वा ह्याचरी को नाम * (or of the hachery*): ...................

निकसिकर्ताको नाम र ठेगाना (Name and address of exporter):

...........................................

३. **पन्छी वा कोरल्ने फुलको गन्तव्य स्थान (Destination of the bird/s or hatching egg/s):**

गन्तव्य मुलुक (Country of destination) ......................

पाउनेको नाम र ठेगाना (Name and address of consignee) ....

ढुवानी साधनको प्रकृति तथा पहिचान (Nature and identification of means of transport): ..................

वन्द साधनको किसिम (Type of containers): ........................

४. **सेनेटरी जानकारी (Sanitary information):**

तल सहिछाप गर्ने म भेटनरी अधिकृत यो प्रमाणित गर्दछु कि यहाँ उल्लेख गरिएको चल्ला* वा चल्ला कोरल्ने फुल* (The undersigned Official Veterinarian certifies that the day-old chicks*, turkey poults* or hatching eggs*):

a) नियमित निरीक्षण गरीने गरेको ह्याचरी* वा फर्म* बाट आएका हुन् (come from an establishment* or hatchery* which is regularly inspected):

b) ति ह्याचरी* वा फर्म* ले निम्न आवश्यकताहरू पुरा गरेको छन् (आवश्यक भएमा))* *[come from an establishment* or hatchery* which satisfies the following requirements (if applicable)**]:

कार्यालयको छाप (Official stamp):

जारी गरीएको स्थान (Issued at) .......... मिति (on) ..........
क्वारेन्टाइन अधिकृतको नाम तथा ठेगाना (Name and address of Quarantine Officer) ...........................

सहिछाप (Signature)

- नचाहिने जति केर्नु होस् (Delete where not applicable)

** यी शर्तहरू निकासी र पैठारी गर्ने मुलुकहरू बीच भेटनरी सेवा सम्बन्धि सहमति भए अनुसार हुनेछ (These conditions are agreed conditions between the Veterinary Services of the importing and exporting countrie)

## अनुसूची–४
**(नियम १२ को उपनियम (१) संग सम्बन्धित)**

### सिफारिशपत्रको लागि दिने निवेदनको ढाँचा

मितिः..................

श्री महानिर्देशकज्यू,
पशु सेवा विभाग

विषयः सिफारिशपत्र पाउँ ।

मैले र हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ अनुसार तल उल्लेख गरे बमोजिमको उद्योग स्थापना गर्न लागेको हुँदा सिफारिशपत्र पाउन अनुरोध गर्दछु र गर्दछौं ।

स्थापना गर्न लागेको उद्योगः

१. जैविक पदार्थः
२. चल्लाः
३. माछाका भुरा उत्पादन (ह्याचरी)ः
४. पशु दानाः
५. मासु प्रशोधनः

निवेदकको
नामः
सहीः
ठेगानाः

द्रष्टव्यः सिफारिशपत्रको लागि निवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरू विभागले तोके अनुसार हुनेछ ।

## अनुसूची–५
(**नियम १२ को उपनियम** (२) **संग सम्बन्धित**)

## सिफारिशपत्रको ढाँचा

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

विषयः सिफारिशपत्र ।

मितिः .........................

श्री ..........................................
तपाईको मिति ................................... को निवेदनमा कारवाही हुंदा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ अनुसार तपाईलाई निम्न बमोजिमको उद्योग स्थापना गर्नको लागि यो सिफारिशपत्र प्रदान गरिएको छ ।

१. ..................................
२. ...................................
३. ..................................
४. ...................................

अधिकृतको दस्तखत

## अनुसूची–६
**(नियम १३ को उपनियम (१) संग सम्बन्धित)**

## सिफारिशपत्रको लागि दिने निवेदनको ढाँचा

मितिः.....................

श्री महानिर्देशकज्यू,
पशु सेवा विभाग

विषयः सिफारिशपत्र पाउँ ।

मैले र हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १८ अनुसार निम्न कुराहरू निकासी र पैठारी गर्न लागेको हुँदा सिफारिशपत्र पाउन अनुरोध गर्दछु र गर्दछौं ।

निकासी र पैठारी गर्न चाहेको:

१. जैविक पदार्थ
२. चल्ला
३. माछाका भुरा
४. पशु दानाः

निवेदकको
नामः
सहीः
ठेगानाः

द्रष्टव्यः सिफारिशपत्रको लागि निवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरू विभागले तोके अनुसार हुनेछ ।

## अनुसूची–७
**(नियम १३ को उपनियम (२) संग सम्बन्धित)**

**सिफारिशपत्रको ढाँचा**

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

विषयः सिफारिशपत्र ।

मितिः ..........................

श्री ..........................................
तपाईको मिति ................................... को निवेदनमा कारवाही हुंदा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १८ अनुसार तपाईलाई निम्न बमोजिमको निकासी/पैठारी गर्ने प्रयोजनको लागि यो सिफारिशपत्र प्रदान गरिएको छ ।

१. ..................................
२. ...................................
३. ..................................
४. ...................................

अधिकृतको दस्तखत

## अनुसूची–८
**(नियम १६ को उपनियम (१) संग सम्बन्धित)**

### अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

मिति:......................

श्री महानिर्देशकज्यू,
पशु सेवा विभाग

विषय: अनुमतिपत्र पाउँ ।

मैले र हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १९ अनुसार जैविक पदार्थ र चल्ला र माछाका भुरा बिक्री र वितरण र मासु प्रशोधन गर्न चाहेको हुंदा अनुमतिपत्र पाउन अनुरोध गर्दछु र गर्दछौं ।

निवेदकको
नाम:
सही:
ठेगाना:

द्रष्टव्य: अनुमतिपत्रको लागि निवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरू विभागले तोके अनुसार हुनेछ ।

## अनुसूची–९
**(नियम १६ को उपनियम (२) संग सम्बन्धित)**

### अनुमतिपत्रको ढांचा

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

मितिः ..........................

विषयः अनुमतिपत्र ।

श्री ...................................................

तपाईको मिति .................................. को निवेदनमा कारवाही हुंदा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १९ अनुसार तपाईलाई निम्न बमोजिमको बिक्री/वितरण/मासु प्रशोधन गर्न पाउने गरी यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. .................................
२. .................................
३. .................................

अधिकृतको दस्तखत

## अनुसूची–१०
(नियम २० को उपनियम (२) संग सम्बन्धित)

### सुचित गर्नुपर्ने रोगहरूको विवरण

(१) एन्थ्राक्स
(२) एट्रोफिक राइनाइटिस्
(३) एजोकाइज डिजिज्
(४) वोभाइन ब्रुसेल्लोसिस्
(५) वोभाइन ट्युवरक्लोसिस्
(६) वफेलो पक्स
(७) क्याप्राईन एण्ड ओभाईन ब्रुसेल्लोसिस्
(८) क्लासिकल स्वाइन फिभर
(९) कन्टाजियस् वोभाईन प्ल्यूरोन्यूमोनिया
(१०) कन्टाजियस् क्याप्राईन प्ल्यूरोन्यूमोनिया
(११) ओभाइन इपिडिडिमाइटिस्
(१२) ओभाइन फुटरट
(१३) पेष्टिस डेस् पेटिटिस रुमिनान्ट्स (पि.पि.आर.)
(१४) पोर्साइन ब्रुसेल्लोसिस्
(१५) रिण्डरपेष्ट
(१६) सिप एण्ड गोट पक्स
(१७) एभिएन इन्फ्लुइन्जा र फाउल प्लेग
(१८) एभिएन ट्युवरकुलोसिस्
(१९) चिकन भाइरल इन्फेक्सियस् एनिमिया
(२०) डक भाइरल ईन्टेराइटिस (डक प्लेग)
(२१) डक भाइरल हेपाटाइटिस्
(२२) ग्ल्याण्डर्स

## अनुसूची (११
### (नियम २१ संग सम्बन्धित)
### जैविक पदार्थको उत्पादन, बिक्रि वितरण वा पैठारी गर्न निवेदन दिंदा उपलब्ध गराउनु पर्ने विवरण

(१) उत्पादन गर्नेको नाम र ठेगाना (Name and address of the producer)

(२) जैविक पदार्थको ब्यापारिक तथा जेनेरिक नाम (Trade and generic name of the biological)

(३) जैविक पदार्थको भौतिक तथा रसायनिक बनावट तथा जैविक गुण र प्रभाव गर्ने तरिका (Physical, chemical and biological properties and mechanism of action of the biologicals)

(४) जैविक पदार्थको प्रतिकारात्मक, उपचारात्मक वा रोग पहिचानको गुणात्मक विवरण (Description of the prophylactic, curative or diagnostic properties of the biologicals)

(५) जैविक पदार्थमा हानिकारक असर नभएको रोग प्रतिकारात्मक, असर तथा अन्य नकरात्मक असर बारे तथ्यांक (Data on harmlessness effect, immunogenic effect and side effects of biologicals)

(६) गुणात्मक र संख्यात्मक नियन्त्रण गरीने तरिकाको विवरण (Description of methods of qualitative and quantitative control [efficacy, quality and safety])

(७) जैविक पदार्थको रोग प्रतिकारात्मक गर्न वा प्रभावकारी रोग विश्लेषण गर्न सक्ने क्षमता बारे अन्य समान उत्पादनसंग तुलनात्मक विवरण (केहि भए) [Comparative assessment of the biologicals on immunological or diagnostic effectiveness in comparison with other similar preparations (if any)]

(८) अन्य जैविक पदार्थ वा भेटनरी औषधिहरूसंग एकैसाथ प्रयोग हुन सक्ने वा नसक्ने बारे विवरण (Indications, contra-indications, and compatibility with other biologicals and veterinary drugs)

(९) जैविक पदार्थ उत्पादन, ढुवानी, संचय र प्रयोग गर्दा अपनाउनु पर्ने सवाधनिहरू (Precautions that must be observed during the production, transportation, storage and use of the biologicals)

(१०) जैविक पदार्थको बनावट, प्रयोग विधि, मात्रा, संचय र प्याकिङ संबन्धि निर्देशनहरू (Instructions concerning the use of the biological preparation, ways of application, doasge, storage and packing)

(११) बिक्रि गरीने प्याकेजमा उल्लेख हुने कुराहरू (Label on the trade packing)

(१२) अन्य आवश्यक कुरा (कुनै भए) [Other information (if any)]

# पशु ढुवानी मापदण्ड, २०६४

**प्रस्तावनाः**

अव्यबस्थित ढुवानीका कारण पशुको स्वास्थ्य, कार्य क्षमता, उत्पादन क्षमता र गुणस्तरीयतामा समेत प्रतिकूल प्रभाव पर्ने भएको र उपभोक्तालाई गुणस्तरीय पशुजन्य पदार्थ उपलव्ध गराउनका लागि ढुवानी सम्बन्धमा व्यबस्थित गर्न वान्छनीय भएकोले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ (दोश्रो संशोधन, २०६४) को नियम १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभागले देहायको मापदण्ड बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम "पशु ढुवानी मापदण्ड, २०६४" हुनेछ।

(२) यो मापदण्ड बिभागले निर्णय गरि सार्बजनिक सूचना प्रकाशन गरी तोकिएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस मापदण्डमाः

(क) "पशु चिकित्सक" भन्नाले भेटेरिनरी विषयमा कम्तिमा स्नातकोपाधि हासिल गरी नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएका ब्यक्तिलाई सम्झनु पर्दछ।

(ख) "पशु" भन्नाले जुनसुकै प्रकारको पाल्तु वा जंगली जनावर सम्झनु पर्दछ

(ग) "ढुवानी साधन" भन्नाले पशुलाई ढुवानी गर्न प्रयोग हुने गाडा, गाडी, ट्रक, पिक(अप, रेल, हवाईजहाज र पानीजहाज सम्झनु पर्दछ।

(घ) "पशु ढुवानी" भन्नाले पशुहरूलाई पैदल हिडाएर वा ढुवानी साधनमा ढुवानी गरेको सम्झनु पर्दछ।

(ङ) "पशुधनी" भन्नाले पशु खरीद गरी ढुवानी गराउने ब्यक्ति वा पशुको स्वामित्ववालाले जिम्मामा दिएको ब्यक्ति समेत सम्झनु पर्छ।

## परिच्छेद २
## ढुवानीको तरिका तथा अपनाउनु पर्ने सावधानी

३. **ढुवानी गर्ने तरिका:**

पशुलाई पैदल, गाडा, गाडी, ट्रक, पिक-अप, रेल, हवाईजहाज, पानी जहाजमा राखेर स्थलमार्ग, जलमार्ग वा हवाई मार्गबाट ढुवानी गर्न सकिने छ ।

४. **ढुवानी गर्दा अपनाउनु पर्ने सावधानी:**

(१) पशुलाई ढुवानी गर्दा हलचल गर्न सकिने, घाउ चोट नलाग्ने, अत्यधिक चिसो वा तातोबाट बचाइ, एक आपसमा ठोक्किएर अगंभगं नहुने गरी सावधानी पूर्बक ढुवानी गर्नु पर्नेछ ।

(२) चालकले सवारीको गति एकनासको हुने गरी पशुलाई अप्ठयारो नपारीकन हाक्नुपर्नेछ

५. **असावधानी ब्यवहार भएको ठहरिने:**

पशु ढुवानी गर्दा पशुमा तनाव (Stress) हुने, सास फेर्न गाह्रो हुने (Suffocation), डाम पार्ने (Bruising), हृदयघात, धपेडी, घाममा अत्यधिक जलन हुने (Sunburn), पेट ढाडीने (Bloat), विषाक्तपन (Poisoning), शिकार (Predation), जलवियोजन (Dehydration), थकावट (Exhaustion), घाउचोट (Injury), पिडा, जुध्ने र अंगभंग हुने जस्ता अवस्था सृजना हुन गएमा पशु प्रति असावधानी व्यवहार भएको ठहरिनेछ ।

## परिच्छेद ३
## पशु पैदल ढुवानी को मापदण्ड

६. **पशु पैदल ढुवानी गर्दा अपनाउनु पर्ने:**

(१) पैदल ढुवानी गर्ने हरेक पशु स्वस्थ र हिंडेर निर्दिष्ट दूरी पार गर्न सक्ने हुनु पर्नेछ ।

(२) एउटै गोठमा संगै राखेर परिचय भै मेलमिलाप भएका पशुलाई एउटा सामाजिक समूह (social group) को रुपमा संगै हिंडाएर ढुवानी गर्न सकिने छ ।

(३) पाँच किलोमिटर भन्दा लामो दुरीमा ढुवानी प्रयोजनको लागि हिडाउनु पर्दा यो मापदण्ड अपनाउनु पर्नेछ ।

७. **पैदल ढुवानी गर्ने पशुको साथमा हुनु पर्ने सामाग्रीहरू:**

(१) पैदल ढुवानी गर्ने पशुको आकस्मिक उपचारको लागि आवश्यक प्राथमिक उपचार सामग्री र पशु धनीले गोठालासंगै उपलव्ध गराउनु पर्नेछ ।

(२) देश भित्र आन्तरिक ओसार पसार हुने पशुको हकमा ढुवानीकर्तासंगै प्रस्थान गर्नु भन्दा बढीमा तीन दिन अगाडि अनुसूची-१ अनुसारको ढाँचामा पशु चिकित्सकद्वारा जारी गरिएको स्वास्थ्य प्रमाणपत्र हुनु पर्नेछ । तर जिल्ला भित्रै ढुवानी गर्दा सो प्रमाणपत्र अनिवार्य हुने छैन । तर ब्यबसायीद्वारा जारी गरेको चलान साथमा हुनु पर्नेछ ।

(३) बाह्य मुलुकबाट पैठारी भई आएको पशुको हकमा क्वारेन्टाइन अधिकृतबाट जारी गरिएको सक्कल क्वारेन्टाइन प्रमाणपत्र साथमा हुनु पर्नेछ ।

८. **पशु पैदल ढुवानी गर्दा, प्रतिवन्धित कार्यहरू:**

पशुलाई पैदल ढुवानी गर्दा देहाय बमोजिमका कार्यहरू गर्न वा गराउनु हुदैन:

(१) नाल सुकि नसकेका नवजात, असक्त, रोगी, अन्धा, अपांग, लुला, लंगडा, थकित (fatigued), बहत्तर घण्टा भित्रका सुत्केरी वा ढुवानीको अवधिमा ब्याउन सक्ने सम्भावना भएका पशुहरूलाई पैदल ढुवानी गर्नु हुंदैन ।

(२) कसैले पनि लौरो, छडी वा कुनै औजारको प्रयोग गरेर वा शरीरको कुनै पनि भागमा खुर्सानी वा यस्तै अन्य कुनै पिडादायक पदार्थ लगाएर पशुलाई यातना दिन, लघार्न, अत्याउन वा दौडाएर ढुवानी गर्न हुंदैन ।

९. **पैदल ढुवानी गर्ने पशुको हेर विचार र विश्रामको व्यवस्था:**

(१) कसैले पनि पैदल पशु ढुवानी गर्दा पार गर्ने दुरी, समय, विश्राम अवधि र वातावरणीय अवस्था विपरित पशुलाई यातना हुने गरी तोकिएका दुरी र समय मिचेर पशुको ढुवानी गर्नु हुंदैन ।

(२) हिंडाउंदा निश्चित समयमा हिंडाउने बाटोको निश्चित दुरी, बास

बस्ने स्थान, चरी चरन र दाना पानीको प्रबन्ध मिलाउनु पर्दछ । कति समय भित्र हिंडाएर कति दुरी पार गराउने भन्ने कुरा पशुको जात, उमेर, अवस्था, मौसम, बाटोको अवस्था आदिमा निर्भर गर्दछ ।

(३) पानी पिउन दिए पछि हरेक पशुलाई कम्तिमा बीस मिनेट र आहारा दिएको एक घण्टासम्म आराम गर्ने समय दिनु पर्नेछ ।

(४) पैदल ढुवानी गरिएका गाई, भैंसी तथा भेंडा, बाख्रालाई दुई देखि चार घण्टाको फरकमा विश्राम गराई दाना पानीको उचित प्रवन्ध मिलाउनु पर्नेछ ।

(५) पैदल ढुवानी गर्दा गाई, भैंसी र भेंडा बाख्रालाई बढीमा तीन किलोमिटर, पाडा/पाडी बाच्छ/बाच्छी तथा पाठ/पाठीलाई दुई किलोमिटर र सुंगुर/बंगुरलाई बाह्र किलोमिटर प्रति घण्टामा नबढाइ हिंडाएर ढुवानी गर्न सकिनेछ ।

१०. **पैदल ढुवानी गराउंदा पशुले पार गर्ने दूरीः**

पैदल पशु ढुवानी गर्दा दैनिक हिंडाएर पार गर्ने अधिकतम दूरी गाई, भैंसी पच्चिस किलोमिटर, भेंडा/बाख्रा तीस किलोमिटर, पाडारपाडी, बाच्छा/बाच्छी र पाठा/पाठी पन्द्रह किलोमिटर र सुंगुर/बंगुर बाह्र किलो मिटरसम्मको हुने छ । तर पशुलाई दैनिक आठ घण्टा भन्दा बढी हिडाउनु हुदैन ।

११. **हिंडाउने मौसम र समयः**

(१) कसैले पनि प्रचण्ड गर्मी (३० डिग्री सेल्सियसभन्दा माथि), सुख्खा याम, चर्को घाम, अविरल बर्षा, आंधी-वेहरी, असिना, हिमपात तथा बज्रपात भैरहेको प्रतिकुल मौसममा पशुलाई पैदल ढुवानी गर्नु हुंदैन ।

(२) अप्ठेरो बाटोमा अध्यारो समयमा पशुलाई पैदल ढुवानी गर्नु हुंदैन ।

## परिच्छेद ४
## सडकमा चल्ने साधनमा पशु ढुवानी गर्ने मापदण्ड

१२. **पशु ढुवानी गर्ने गाडिमा हुनु पर्ने सामग्रीहरूः**

पशु ढुवानी गर्ने गाडिमा देहाय वमोजिमको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(१) देश भित्र आन्तरीक ओसार पसार हुने पशुको हकमा गोठालासंगै

निर्दिष्ट ढाँचाको पशु चिकित्सकद्वारा प्रदान गरिएको स्वास्थ्य प्रमाणपत्र हुनु पर्नेछ ।

(२) आकस्मिक उपचारको लागि अनुसुची-२ अनुसारको प्राथमिक उपचार सामग्री ढुवानी साधनमा रहनु पर्नेछ ।

(३) हरेक गाडीमा पशु पठाउने र पाउनेको नाम, ठेगाना, पशुको जात तथा संख्याको विवरण प्रष्ट देखिने गरी टांसिएको हुनु पर्नेछ ।

(४) पशु लोड गरिएको गाडिको विवरण र गन्तब्य स्थानमा पुग्ने समय पशु पाउने पक्षलाई अग्रिम जानकारी गराउनु पर्नेछ ।

(५) एक घण्टा भन्दा बढी समय लाग्ने अवधिको लागि पशु ढुवानी गर्नु पर्दा यो मापदण्ड  लागु हुनेछ ।

१३. **घुलमिल गराउनु पर्नेः**

एकै साथ ढुवानी गर्नु पर्ने पशुहरूलाई एक अर्कासंग परिचित गराउन कम्तीमा चौबीस घण्टा अगाडीदेखि नै एकै गोठमा, सगै राखी घुलमिल गराउनु पर्नेछ ।

१४. **छुट्टाछुट्टै ढुवानी गर्नेः**

(१) शारिरीक वनोट फरक फरक हुने विभिन्न जातका पशुलाई एउटै गाडिमा राखेर ढुवानी गर्नु हुंदैन। एउटै जातका पनि विभिन्न उमेर, लिंग, शारिरिक अवस्था तथा स्वभाव (तझउभचकभलत) फरक भएका पशुलाई छुट्टाछुट्टै गाडीमा राखेर ढुवानी गर्नु पर्नेछ ।

(२) भेंडा-बाख्रा, बंगुर, सुगुर, पाँच महिना भन्दा कम उमेरका पाडा-पाडी र बाच्छा र बाच्छीलाई थोरै संख्यामा ढुवानी गर्नु पर्ने भएमा ढुवानी साधनमा क्रेट बनाई वा अलग्गै कोठा पारी एकै ढुवानी साधनमा पनि ढुवानी गर्न सकिनेछ ।

(३) छ हप्ता भन्दा कम उमेरका पाडा र पाडी, बाच्छा र बाच्छीलाई माउसंगै एउटै गाडीमा छुटै क्रेटमा राखेर पनि ढुवानी गर्न सकिनेछ ।

(४) व्याउने अन्तिम अवस्थामा पुगेका गर्भिणी पशुलाई अलग्गै गाडीमा राखी ढुवानी गर्नु पर्नेछ ।

(५) गाडीको अग्र भागतर्फ मुख फर्कने गरी गाडीमा चढाएर पशुको ढुवानी गर्नु पर्नेछ ।

(६) साना चौपायाको तल्ला बनाइ ढुवानी गर्न सकिने छ । तर ठूला चौपायालाई तल्ला बनाइ ढुवानी गर्न पाइने छैन

**१५. ढुवानी गराउदा पशुलाई बांध्न नहुने:**

(१) ढुवानी गर्ने गाडीमा पशुलाई अस्वाभाविक रुपमा शरीर, नाके डोरी, पुच्छर वा खुट्टा बाध्नु हुदैन । तर पशुलाई घाउचोट नलागोस भनी सामान्य रुपमा यातना नहुने गरी बांध्न सकिनेछ ।

(२) एक्लो पशु गाडीमा ढुवानी गर्दा भने घाँटी नकसिने गरी बाध्न सकिनेछ ।

**१६. पशु ढुवानी गर्ने यातायातको साधन:**

पशु ढुवानी गर्ने यातायातको साधनमा देहायको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(क) गाडीमा पर्याप्त हावाको आवागमन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) यातायातका साधनको भुई वा सतहमा ढुवानी गरीने पशु नचिप्लीने गरी करिब छ इन्च बाक्लो बालुवा, भुस वा पराल लगायतका उपयुक्त सामग्रीरको सोत्तर हालेको हुनु पर्नेछ ।

(ग) यस्तो साधनमा मल मुत्र सजिलै बगेर जान सक्ने ब्यवस्था, घाम (पानीबाट जोगीने छाना र चोट नलाग्ने गरी नरम वस्तु सहितको भित्ता आदिको व्यवस्था भएको हुनु पर्नेछ ।

(घ) पशुले गाडि र जमिनको फरक थाहा नपाउने गरि गाडीको पछाडी ढालालाई प्लेटफर्ममा सुताउदा टम्म मिलेको हुनु पर्नेछ ।

(ङ) पशु गाडीमा उकाल्ने र ओराल्ने स्थानमा प्लेटफर्मको व्यवस्था हुनु पर्नेछ । सो नभएको स्थानमा उपयुक्त डोरी तथा काठको फ्ल्याकको व्यवस्था हुनु पर्नेछ ।

**१७. गाडी भित्र पर्याप्त स्थान उपलब्ध गराउनु पर्ने:**

(१) पशु ढुवानी गर्दा गाडीमा जबरजस्ति कोचेर राख्नु हुंदैन ।

(२) गाडीमा ढुवानी गर्दा विभिन्न पशुका जातलाई तालिका-१ मा उल्लेख भए वमोजिमको जमिनको सतह (Floor space) उपलव्ध गराउनु पर्नेछ ।

**तालिका १:**

विभिन्न जातका पशुको ढुवानी गर्दा गाडीमा चाहिने सतहको (Floor Space) अनुमानित क्षेत्रफल:

| पशुको प्रकार | प्रति पशु र सतह | कैफियत |
|---|---|---|
| गाई, भैंसी जात (Adult) | ०.८४ देखि १.२७ (वर्ग मिटर) | |
| पाडा बाच्छा | ०.३ देखि ०.४ (वर्ग मिटर) | |
| सुँगुर-बंगुर porker/Baconer | ०.३ देखि ०.४ (वर्ग मिटर) | |
| भेडा बाखा | ०.२ देखि ०.३ (वर्ग मिटर) | |

१८. **लामो दूरीको ढुवानी:**

(१) रोगी, घाइते पशुहरूलाई उपचार गराउने प्रयोजन बाहेक ढुवानी गर्न हुदैन । दुब्लो, बंधुवा र अशक्त पशुहरूलाई ढुवानी गराउनु पर्दा यिनिहरूको स्वास्थ्यको उचित ख्याल गरी ढुवानी गराउनु पर्नेछ । यस्तो ढुवानीको अवधी आठ घण्टा भन्दा बढीको हुने छैन ।

(२) ब्याउने अवधिको दश प्रतिशत समय बांकी भएका पशुलाई गाडिमा राखेर आठ घण्टा सम्म ढुवानी गराउनु सकिने छ ।

(३) गाइ, भैसी, भेडा वाखा, सुगुर वंगुर, जातका पशुहरूको हकमा लामो दुरी ढुवानी गर्दा दैनिक आठ घण्टामा नबढाई एक पटकमा छत्तिस घण्टासम्म ढुवानी गर्न सकिने छ । यसरी यात्रा गराउँदा आठ घण्टा पछि पशुलाई गाडीबाट ओरालेर रात बिताउने स्थान तथा दाना पानीको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

१९. **ढुवानी अवधिमा दाना पानीको व्यवस्था हुनुपर्ने:**

(१) ढुवानी अवधिभर घाँस पराल र दाना पानीको पर्याप्त व्यवस्था गरेको हुनु पर्नेछ ।

(२) सुगुर-बंगुर बाहेक गाई भैंसी लगायतका अन्य पशुहरूलाई उचित दाना पानी दिएर मात्र गाडीमा राख्न सकिनेछ ।

(३) लामो समयसम्म पशु ढुवानी गर्नु पर्दा कम्तीमा प्रत्येक आठ घण्टाको फरकमा ढुवानीको साधन रोकी पशुलाई आराम गराउने र दाना पानी दिनु पर्नेछ ।

(४) राम्रो संग पानी पिउन दिएर आराम गराई थकाई मेटे पछि मात्र पशुलाई ढुवानीको साधनमा राख्नु पर्नेछ । सुगुर-बंगुरलाई गर्मी मौसममा यात्रा गराउँदा प्रशस्त मात्रामा पिउने पानी उपलब्ध गराउनु पर्नेछ ।

२०. **ढुवानी अवधिमा पशुको स्याहार सुसारको व्यवस्थाः**

(१) दुहुना गाइ/भैंसीलाई दिनमा दुई पटक दुहुने र पाडा/पाडी बाच्छा/बाच्छीलाई प्रयाप्त दुध पिउन दिनु पर्नेछ ।

(२) ढुवानी गर्ने गाडीमा कुनै पशु बसेको छ वा उठ्नै नसक्ने अवस्थाको छ भने त्यस्तो पशुलाई समय समयमा ओल्टाई पल्टाई गर्नु पर्नेछ।

(३) बसेको वा पल्टेको पशुलाई तत्काल उठाउन वा अन्य सहयोग गर्न सहयोगी राख्नु पर्नेछ ।

२१. **गाडी हंकाई (Driving):**

गाडी हांक्दा नउफारीकन, एक्कासी नरोकीने गरी र घुम्तीहरूमा विशेष ध्यान पुर्याएर एकनासले हाक्नु पर्नेछ । पक्की बाटोमा अधिकतम गति चालिस किलोमिटर प्रति घण्टाको आसपासमा हुनु पर्नेछ ।

२२. **तातो वा चिसोबाट बचाउनु पर्नेः**

(१) चिसो मौसममा भिजेको पशुलाई नओभाए सम्म गाडीमा ढुवानी गर्नु हुदैन ।

(२) गर्मी मौसममा अवस्था हेरी बिहान बेलुका वा मौसमी तापक्रम कम रहने समय पारी ढुवानी गर्नु पर्नेछ ।

२३. **ढुवानी गर्न नपाइनेः**

व्यापारिक प्रयोजनको लागि छत, डिक्कि र यात्रु बाहक सार्वजनिक सवारी साधनहरूमा पशुहरू ढुवानी गर्न पाइने छैन ।

२४. **निःसंक्रमणा गर्नु पर्नेः**

ढुवानी सम्पन्न भएपछि ढुवानी साधनमा प्रयोग भएका सोत्तर पूर्ण रुपमा निःसंक्रमण गर्नु पर्नेछ वा जलाउनु पर्नेछ र ढुवानी साधनलाई पुनः प्रयोगमा ल्याउंदा निःसंक्रमण गरेर मात्र प्रयोग गर्नु पर्नेछ ।

२५. **ढुवानीको क्रममा मृत्यु भएको पशु सम्बन्धि ब्यबस्थाः**

(१) लामो दुरीबाट पशु ढुवानी गर्दा बिच बाटोमा कुनै पशु मर्न गएमा तत्काल त्यसको जानकारी नजिकको क्वारेन्टाइन कार्यालय वा जिल्ला पशुसेवा कार्यालय वा पशु सेवा केन्द्र/उपकेन्द्रलाई दिनु पर्नेछ । यात्रा तनाव (Transport Stress) कै कारण पशुको मृत्यु भएको ठहर भएमा त्यस्तो पशुलाई मानव बस्ती तथा पानीको श्रोत भन्दा टाढा उपयुक्त जमिनमा खाल्डो खनी गाड्नु पर्नेछ ।

(२) हवाई यातायातबाट ढुवानी हुने पशुहरूको हकमा अन्तर्राष्ट्रिय हवाई सेवा संघ (International Air Transport Assosiation) ले तोके बमोजिम हुनेछ ।

२६. **सुपरिवेक्षण तथा अनुगमनः**

(१) ढुवानी मापदण्ड अनुसार भए नभएको सुपरिवेक्षण तथा अनुगमन देहायका कार्यालयहरूले गर्ने छन् ।

(क) पशु क्वारेन्टाइन कार्यालय / पशु क्वारेन्टाइन चेकपोष्टहरू

(ख) जिल्ला पशु सेवा कार्यालयहरू

(ग) पशु सेवा केन्द्र / उप-केन्द्रहरू

(२) पशु चिकित्सकले स्वास्थ्य प्रमाणपत्र जारी गर्दा अनुसूची ३ अनुसारको फारम समेत संलग्न गराउनु पर्नेछ ।

(३) सुपरिबेक्षण तथा अनुगमन कार्यमा सहयोग पुऱ्याउने दायित्व सम्बन्धित ढुवानीकर्ता, ब्याबसायी तथा सुरक्षाकर्मीको हुनेछ।

(४) सवारी चालकले अनुगमनकर्ता समक्ष अनुसूची ३ बमोजिमको फारम पेश गर्नु पर्नेछ ।

(५) बिभाग तथा अन्तरगतका अन्य निकायले समेत अनुगमन गर्ने ।

२७. **कानून विपरित भएको ठहरिनेः**

यस मापदण्ड विपरित भएको कार्यहरू पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा सो को नियमावली, २०५६ को विपरित भएको ठहरिने छ ।

# अनुसूची १
## (दफा ६ को उपदफा (२) संग सम्बन्धित)

## भेटेरिनरी प्रमाणपत्र
## पशु, तथा पशु जन्य पदार्थको आन्तरिक ओसार प्रसार तथा विक्री र वितरणको लागी दिईने भेटेरिनरी प्रमाणपत्र

प.से.वि.को अनुमति नम्बर.....

मिति...............

(देशभित्र संवन्धित ह्याचरी र फार्मरउद्योगका आफना उत्पादनहरू विक्री र वितरण गर्ने उद्देश्यको लागी यो अनुमति पत्र प्रदान गरीएको छ । )

(क) उत्पत्ति/उद्गमस्थलको प्रमाणपत्र (ह्याचरी/फार्म/उद्योगद्वारा घोषणा गरीने)
म........................उत्पादक र वितरक यो विश्वास दिलाउंछु कि, क-३ मा उल्लेखित पशुरपशुजन्य पदार्थहरू मेरो ह्याचरी/फार्म/उद्योगमा उत्पादित वस्तु हुन् जुन नियमित रुपमा निरीक्षण गरिन्छन् । पशुरपशुजन्य पदार्थहरू देश भित्र ओसार/पसारका शर्तहरू मलाई ज्ञात छ र यो घोषणा गर्दछु कि मैले जाने बुझ्ेसम्म यस फाराममा भरिएका सवै विवरणहरू सत्य/तथ्य छन् ।

छाप

ह्याचरी/फार्म/उद्योगको ठेगानाः.........................................................

टेलिफोन/फ्याक्स..............................................मोवाइल नं.................

मिति (वर्ष/महिना/दिन) ...........................दस्तखत..............................

**क–१.**

पाउनेको नाम र ठेगाना.....................................................................

टेलिफोरफ्याक्स...............................................मोवाइल नं...................

**क–२.**

पठाउनेको नाम र ठेगाना...................................................................

टेलिफोन/फ्याक्स............................................मोवाइल नं....................

**क–३.**

पशु, पशु जन्य पदार्थको बिबरणाः (नोटः आवश्यकता नभए कृपया काट्नुहोस)

| वस्तुको विवरण | संख्या/परिमाण | प्रजाती (Species) | पोका/वाक्साको संख्या |
|---|---|---|---|
| | | | |

(१) विल नं..................................

(२) गन्तव्य स्थल ...........................................(मार्फत)....................

(३) सवारी साधनको प्रकृति र पहिचान.....................गाडी नं................

**(ख) भेटेरिनरी प्रमाणपत्रः**

(ओसार/पसार गर्नु पूर्व बढीमा २४ घण्टा अगावै दिईने भेटेरिनरी प्रमाणीकरण) म................................, दर्तावाल भेटेरिनरीयन यो स्पष्ट गर्दछु कि माथी उल्लेखित विवरणहरू मेरो सामुन्नेमा भरीएको ठीक साँचो हुन र यो प्रमाणीत गर्दछु कि, माथी क(३ मा उल्लेखित पशुरपशुजन्य पदार्थहरू पठाउनु पूर्व मैले निरिक्षण गरेको हुं र  हस्ताक्षर गरेको मितिसम्म यसमा कुनै पनि सर्ने खालका संक्रमित रोगहरू नभएको पुष्टि गर्दछु । यसर्थ, यि वस्तुहरू ओसार/पसार तथा विक्री वितरणका लागि योग्य छन् ।

भेटेरिनरीयनको नाम र ठेगाना.............................................................

ने.प.चि.प. दर्ता नं.........................

दस्तखत..................................

मिति (वर्ष/महिना/दिन) ..........................

(यो प्रमाणा पत्र प्रमाणीकरण गरेको मितिले ७२ घण्टाको लागि मात्र मान्य हुनेछ । फोटोकपि मान्य हुने छैन । निरिक्षण गर्ने क्वारेन्टाइन र भेटेरिनरी अधिकृतले कागजातको पछडी दरपिठ गरी ढिलासुस्ति नगरी वस्तु लैजान दिनु पर्नेछ ।)

## अनुसूची २
**(दफा ११ को उपदफा (२) संग सम्बन्धित)**

## पशु ढुवानी साधनमा हुनुपर्ने प्राथमिक उपचार सामग्रीको सुची

१. कपास
२. ब्यान्डेज
३. बिटाडिन
४. टिंक्चर आयोडिन
५. टिंक्चर बेन्जवाईन
६. हिमेक्स । चार्मिल मलहम
७. सिजर
८. ड्रेसिंग फोरसेप
९. पोटासयिम परम्यागनेट (पोटास) पाउडर

## अनुसूची ३
**(दफा २६ को उपदफा (४) संग सम्बन्धित)**

## पशु ढुवानी अनुगमन फारम

१. सवारी साधनको प्रकार तथा नम्बर :

२. सवारी साधनमा पशु राख्न सकिने क्षेत्रफल ब.फि. :

३. पशु पठाउनेको नाम, ठेगाना, टेलिफोन नं. :

४. पशुको जात :

५. पशुको संख्या :

६. पशुको किसिम :-गर्भिणी, दुहुनो, बयस्क आदि)

७. पशु पाउनेको नाम, ठेगाना र टेलिफोन नं. :

८. पशु लोड गरेको मिति, समय र स्थान :

९. पशु गन्तव्यमा पुग्नु पर्ने अनुमानित मिति तथा समय :

१०. पशु ढुवानी गरिनुको उदेश्य :

११. स्वास्थ्य प्रमाणपत्र जारी गर्ने पशु चिकित्सकको विवरण :
नाम :
ठेगाना :
परिषदमा दर्ता नं. :
टेलिफोन नं. र मोबाइल नं. :

रुजु गर्नेको प्रतिक्रिया :

नाम :

दर्जा :

कार्यालयको छाप :

नोट : राजमार्गमा रहेका पशु क्वारेन्टाइन चेकपोष्ट, जिल्ला पशु सेवा कार्यालय वा पशु सेवा केन्द्र । उपकेन्द्रले पशु ढुवानी गर्ने सवारी साधनमा उपरोक्त फारममा लेखिएको विवरण अनुसार भए नभएको रुजु गरी सोही फारममा जनाई छाप लगाई जान दिनु पर्नेछ ।

नेपाल सरकार (राज्यमन्त्री स्तर) को २०७३।१२।२४ को निर्णयबाट स्वीकृत

पशु कल्याण निर्देशिका, २०७३

प्रस्तावना

पशुप्रति हुने निर्दयी व्यवहारमा रोकावट गरी पशुको उचित व्यवस्थापन, विकास र गुणस्तर कायम गर्दै पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को मर्म र भावना अनुरुप पशु कल्याण सुनिश्चित गर्न वाञ्छनीय भएकोले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम २२क ले दिएको अधिकार प्रयोग गरी पशुपन्छी विकास मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

परिच्छेद १: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम "पशु कल्याण निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका दफा २ बमोजिमको क्षेत्रमा तत्काल लागु हुनेछ ।

२. निर्देशिका लागु हुने क्षेत्रः

व्यवसायिक वा व्यापारिक उद्देश्यले सञ्चालित कृषि, उद्योग तथा अन्य व्यवसायको क्षेत्रमा भारी बोक्ने, भार तान्ने र यातायात लगायतका विविध क्षेत्रमा पशुले बोक्नु पर्ने भार, काम गर्ने समय तथा पशुको न्यूनतम आवश्यकता (आहार, बासस्थान, सुरक्षा, स्वास्थ्य र सामान्य जीवनयापन) समेतको मापदण्ड कार्यान्वयन गर्दै पशुप्रति हुने निर्दयी व्यवहारमा रोकावट र पशु कल्याण सुनिश्चित गर्ने गरी यस निर्देशिकाको क्षेत्राधिकार कायम गरिएको छ ।

३. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ सम्झनु पर्दछ ।

(ग) "निर्देशिका" भन्नाले पशु कल्याण निर्देशिका, २०७३ सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले स्थानीय सरकारको भूमिकामा रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्दछ ।

(छ) "पशु सेवाका अधिकार प्राप्त निकाय" भन्नाले नेपाल सरकारको पशु सेवा विभाग सम्झनु पर्दछ र सो शब्दले सो विभागले अधिकार प्रत्यायोजन गरेका मातहतका अधिकार प्राप्त अन्य निकाय समेत सम्झनु पर्दछ ।

(ज) "भेटनरी निरीक्षक" भन्नाले ऐनको दफा २५ बमोजिमका भेटनरी निरीक्षक सम्झनु पर्दछ ।

(झ) "पशुधनी" भन्नाले पशुको स्वामित्व भएको प्राकृतिक वा कानूनी व्यक्ति सम्झनु पर्दछ र सो शब्दले त्यस्तो व्यक्ति वा संस्थाद्वारा पशुको हेरचाह वा व्यवस्थापन गर्न खटाएको अन्य व्यक्तिलाई समेत जनाउँदछ ।

(ञ) "भारवाहक पशु" भन्नाले व्यवसायिक वा व्यापारिक उद्देश्यले सञ्चालित कृषि, उद्योग लगायतका विविध क्षेत्रमा भारवहन, भार तान्ने कार्य वा श्रमशक्ति लगाएर गरिने जुनसुकै कार्यमा संलग्न सबै उमेर र लिङ्गका अश्व प्रजाती (घोडा, गधा, खच्चड), गोरु, राँगा–भैंसी, चौंरी, याक, भेंडा, बाखा, च्यांग्रा, हात्ती तथा तिनका वर्णशङ्कर समेतलाई सम्झनु पर्दछ ।

(ट) "पशु कल्याण" भन्नाले पशुको शारीरिक वा मानसिक भलाइ हुने निर्देशिकाको दफा ४ बमोजिमका कार्यहरु सम्झनु पर्दछ ।

(ठ) "निर्दयी व्यवहार" भन्नाले पशुलाई नियतबस वा लापरवाहीपूर्वक निर्देशिकाको दफा १५ बमोजिम गरिएका कार्यहरु सम्झनु पर्दछ ।

(ड) "भारवहन सामग्री" भन्नाले हल्टर, लगाम, गद्दा, पट्टा, पेटी, काठि, हौदा, जुवा, करपच्छ, लोकाल लगायत सोसँग सम्वद्ध सामग्री वा अन्य उपकरण सम्झनु पर्दछ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस निर्देशिकाको अधिनमा रही मन्त्रालयले तोकेका अन्य कार्यहरु सम्झनु पर्दछ ।

(ण) "दर्तावाल पशु चिकित्सक" भन्नाले नेपाल पशु चिकित्सा परिषदको दर्ता किताबमा नाम दर्ता भएका पशु चिकित्सक सम्झनु पर्दछ ।

## परिच्छेद २: पशु कल्याण सम्बन्धि व्यवस्था

### ४. पशु कल्याणका आधारभूत पक्षः

पशु कल्याण सुनिश्चित गर्न पशुलाई देहाय बमोजिमका आधारभूत पक्ष सुनिश्चित हुने गरी सुविधा उपलब्ध गराउनु पर्दछ ।

(१) भोक, प्यास र कुपोषण हुन नदिने,

(२) डर, त्रास र तनाव हुन नदिने,

(३) भौतिक तथा शित, तापजन्य असुविधाबाट सुरक्षित गर्ने,

(४) पिडा, घाउचोट र रोगव्याधिबाट सुरक्षित राखे,

(५) सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुनिश्चित गर्ने ।

५. पशुलाई देहाय बमोजिम काममा लगाउन सकिनेः

(१) निर्देशिका बमोजिम पशु कल्याण सुनिश्चित हुने र निर्दयी व्यवहार नहुने गरी पशुलाई भारवहन, भार तान्ने वा श्रमजन्य लगायतका विविध काममा लगाउन सकिनेछ ।

(२) पशुलाई काममा लगाउँदा देहाय बमोजिमका सावधानी अपनाउनु पर्नेछः

(क) पशुको उमेर, आहार, विकासको चरण, शारीरिक तन्दुरुस्ति, स्वास्थ्य स्थिति र सक्षमताका आधारमा काममा लगाउनु पर्नेछ ।

(ख) विभिन्न प्रजातीका पशुलाई काममा लगाउन सकिने न्यूनतम उमेर अनुसूची १ बमोजिम हुनेछ ।

(ग) काममा लगाउने पशु स्वस्थ हुनु पर्दछ । धेरै दुब्लो र धेरै मोटो पशुलाई काममा लगाउन हुँदैन । कुनै पशु कुनै काम गर्न सक्षम भए वा नभएको शारीरिक अवस्था यकिन गर्न निर्देशिकाको अनुसूची २ बमोजिमको शारीरिक अवस्था मापन (Body condition scoring) मापदण्डको प्रयोग गर्न सकिनेछ ।

(घ) लङ्गडोपन, गहिरो वा ठुलो घाउ, काठि वा अन्य सामग्री प्रयोग गरेको ठाउँमा घाउ, अन्धोपन, रोगी (पेट ढाडिएको, खोकी, अरुची, छेरौटी वा सिंगान बगेको), सिताङ्ग भएको, ज्वरो आएको वा रोगका अन्य लक्षण देखाएको वा जलवियोजन भएको पशुलाई काममा लगाउनु हुंदैन ।

(ङ) गर्भवती पशुलाई उसको गर्भावस्थाको तेस्रो तथा अन्तिम चरण देखि सुत्केरी भए पश्चात समेत सोही अनुसारको समयावधि सम्म काममा लगाउनु हुँदैन ।

(च) आमाको दूधमात्र खाउन्जेलसम्म नवजातलाई उसको आमाबाट छुटयाउनु हुँदैन ।

(छ) फरक फरक शारीरिक अवस्था भएका भिन्न प्रजातिका पशुलाई एकैसाथ एकै तवरले काममा लगाउनु हुँदैन ।

(३) पशुको साथमा रहेका पशुधनीसँग काममा लगाइएका पशुको जात तथा संख्या, पशुधनीको नाम ठेगाना र पशु प्रयोग गर्नेको नाम ठेगाना उल्लेखित विवरण भएको कागजात हुनु पर्नेछ ।

६. भारवहन सामग्रीको व्यवस्था

(१) पशुधनीले पशुलाई काममा लगाउनु अघि र काम सकिएपछि नियमित रुपमा पशुको नाल, खुट्टा, काँध, जोर्नी, पिठ्यूँ लगायतका सबै भागको नियमित रुपमा निरीक्षण गरी चोटपटक लागेको भए उचित औषधोपचार गर्नु पर्नेछ ।

(२) पशुमा भारवहन सामग्रीको प्रयोग गर्दा देहाय बमोजिमको सावधानी अपनाउनु पर्नेछः

(क) पशुको शरीरमा टम्म मिलेको हुनु पर्दछ ।

(ख) तिखो, धारिलो वा चुच्चो परेको हुनु हुँदैन ।

(ग) पशुलाई भारवहन सामग्री लगाउँदा चोटपटक र घाउ गराउने, श्वास प्रश्वास, रक्त सञ्चार वा शरीर सञ्चालनमा बाधा पुरयाउने खालको हुनु हुँदैन ।

(घ) भारीको बोझ पशुको शरीरको कुनै एक विन्दुमा मात्र नपारी समान रुपमा पर्ने गरी ध्यानपूर्वक मिलाएर बाँधिएको हुनु पर्नेछ ।

(ङ) काम सकिएपछि भारवहन सामग्रीलाई पशुको शरीरबाट उतारेर राम्रोसँग निरीक्षण गरी टुटफुट वा बिग्रिएको भए आवश्यकता अनुसार मर्मत सम्भार गर्नु पर्नेछ ।

(३) गाडा, बग्गी वा टाँङ्गाका चक्काहरु एकैनासको हुनुपर्नेछ ।

(४) घोडाको नाल लगाउने, निकाल्ने र खुर काट्ने कार्य पशु चिकित्सक वा सम्बन्धित विषयमा तालिम प्राप्त व्यक्तिले मात्र गर्नु पर्नेछ ।

७. काम गराउने उपयुक्त मौसम र समय

(१) देहायको अवस्थामा पशुलाई काममा लगाउनु हुँदैनः

(क) प्रचण्ड गर्मी, चर्को घाम, अविरल वर्षा, आँधिबेहरी, असिना, हिमपात तथा वज्रपात जस्ता प्राकृतिक विपद् भैरहेको प्रतिकूल मौसम रहेको अवस्थामा,

(ख) अँध्यारो वा पशुको ज्यानै जान सक्ने उच्च जोखिम हुने अप्ठ्यारो कार्यस्थल तथा प्रतिकूल समयमा,

(ग) दिनमा अधिकतम ८ घण्टा भन्दा बढी समय काममा लगाउनु हुँदैन।

(२) पशुलाई हप्तामा कम्तिमा एक दिन आराम गर्न दिनु पर्नेछ ।

८. कार्यबोझ सम्बन्धी व्यवस्था

(१) कार्यबोझ सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनुपर्नेछ,

(क) पशुको शारीरिक तौलको ४० प्रतिशत भन्दा अधिक भार बोकाउन पाइने छैन ।

(ख) भरखर काममा लगाइएको, बुढो र गर्भवती पशुलाई उनीहरुको अवस्था अनुसार कार्यबोझ कम गर्नु पर्नेछ ।

(ग) ज्यादै गर्मी, ठण्डी वा प्रतिकुल मौसम र धपेडी परेको अवस्थामा कार्यबोझ घटाउनु पर्नेछ ।

(घ) पशुले भारी बोकेर लरखराउने वा भार बोक्न वा काम गर्न नसकेको असामान्य लक्षण देखाएमा तुरुन्तै काम गराउन रोक्नु पर्नेछ । सो पशु ठिक भए पश्चात पुनः काममा लगाउँदा साबिकको भन्दा कार्यबोझ कम गर्नु पर्नेछ ।

९. आश्रय सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनुपर्नेछः

(१) पशुलाई राखिने गोठ, खोर वा अन्य स्थान सम्म परेको, सफा, सुक्खा, प्रकाश छिर्ने र भेन्टिलेसनयुक्त हुनु पर्नेछ ।

(२) पशुलाई उठ्न, बस्न र घुम्न पुग्ने गरी बाँध्ने वा राख्ने ठाउँको व्यवस्था गर्नु पर्नेछ ।

(३) सामान्यतया भाले र पोथी पशुलाई नजिकै वा एकैसाथ राख्नु हुँदैन ।

(४) पशुलाई धेरै गर्मी (हिट स्ट्रेस) र धेरै जाडोबाट सुरक्षा गर्न देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछः

(क) गर्मी मौसममा पशुमा छिटोछिटो सास फेर्ने, सास फेर्न कठिन हुने, नाकको पोरा फुल्ने, टाउको हल्लाइरहने जस्ता हिट स्ट्रेसका लक्षण देखिएमा सोबाट बचावट गर्न आवश्यक व्यवस्था गर्नु पर्नेछ,

(ख) जाडो मौसममा पशुलाई कठ्यांग्रिनबाट जोगाउन वासस्थानको बारबन्देज गर्ने, थप सोत्तर हाल्ने, कम्बल वा कपडा ओढाउने र न्यानो पार्ने लगायतका अन्य उपयुक्त व्यवस्था गर्नु पर्नेछ,

(ग) गोठ न्यानो पार्दा पशुको स्वास्थ्यमा क्षति नहुने गरी गोठमा हावाको गुणस्तर (भेन्टिलेसन) को उचित व्यवस्थापन गर्नु पर्नेछ ।

१०. दानापानीको सम्बन्धमा देहाय बमोजिम व्यवस्था हुनुपर्नेछः

(१) पशुलाई आवश्यकता अनुसार चरन र घाँस परालका अतिरिक्त पर्याप्त मात्रामा सन्तुलित आहारा उपलब्ध गराउनु पर्नेछ । पशुलाई थप दिनुपर्ने सन्तुलित दानाको परिमाण अनुसूची १ बमोजिमको मापदण्डको आधारमा निर्धारण गर्न सकिनेछ ।

(२) पशुधनीले पशु आहार कमी हुन सक्ने सम्भावित समय तथा स्थानमा अवस्था हेरी पर्याप्त आहारा सञ्चय गरेर राख्ने वा आपूर्तिको व्यवस्था गर्नु पर्नेछ ।

(३) भारवाहक पशुलाई काममा लगाउँदा हरेक ३ घण्टामा काम रोकी दानापानी तथा घाँसपात उपलब्ध गराउने र केही समयसम्म आराम गराउनु पर्नेछ ।

(४) पशुलाई विश्रामका बखत समेत पर्याप्त दाना तथा पानीको व्यवस्था गर्नु पर्नेछ ।

११. बाँध्ने वा थुन्ने सम्बन्धमा देहाय बमोजिम व्यवस्था हुनुपर्नेछः

(१) पशुलाई नियन्त्रण गर्न प्रयोग गरिने दाम्लो, डोरी वा पट्टी जस्ता सामग्रीहरु घाउ चोट नलाग्ने र पिडा नहुने गरी तयार गरिएको हुनु पर्नेछ ।

(२) पशुलाई नियन्त्रण गर्न प्रयोग गरिएका सामग्रीले घाउ चोट नपुराओस् भन्नका लागि पशुधनीले निरन्तर हेरचाह गर्नु पर्नेछ ।

(३) गर्भवती वा सुत्केरी पशुलाई सुरक्षित तवरले नियन्त्रण गर्नु पर्नेछ ।

१२. स्वास्थ्योपचार र अन्य ब्यवस्था देहाय बमोजिम हुनुपर्नेछः

(१) पशुले सामान्य भन्दा फरक व्यवहार देखाएमा पशुधनीले तत्काल नजिकको दर्तावाल पशु चिकित्सक वा अन्य आधिकारिक व्यक्ति वा निकायमा सम्पर्क गरी प्राप्त निर्देशन बमोजिम गर्नु पर्नेछ ।

(२) दर्तावाल पशु चिकित्सक वा आधिकारिक व्यक्तिको परामर्शमा पशुलाई आवश्यकता अनुसार परजीवी विरुद्धको औषधि, खोप र औषधोपचार गर्नु पर्नेछ र यसरी गरिएको कार्यको अभिलेख राख्नु पर्नेछ ।

(३) उपचारको क्रममा रहेको पशुलाई दर्तावाल पशु चिकित्सक वा आधिकारिक व्यक्तिको परामर्श लिएर मात्र पुनः काममा लगाउन सकिनेछ ।

(४) रोगव्याधि सर्न सक्ने जोखिमलाई मध्यनजर गर्दै रोगको स्रोत र रोग फैलिने मार्गमा नै रोकथाम तथा नियन्त्रण गर्न पशु धनीले जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(५) पशुको साथमा हुने पशुधनीसँग पशुको आकस्मिक उपचारको लागि अनुसूची ३ बमोजिमका प्राथमिक उपचार सामग्री हुनु पर्नेछ ।

१३. संक्रामक रोग व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम ब्यवस्था हुनुपर्नेछः

(१) पशुधनीले कुनै पशुमा संक्रामक वा अन्य रोगको शङ्का लागेमा त्यस्ता पशुलाई बथानबाट अलग्गै राखी नजिकको पशु सेवासँग सम्बन्धित निकायमा तत्काल सूचना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अलग्गै राखिएका पशुलाई दर्तावाल पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले नमूना सङ्कलन गरी प्रयोगशाला परीक्षणको लागि पठाउने र रोगको रोकथाम तथा नियन्त्रणको लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) संक्रामक रोगको रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा दर्तावाल पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले दिएको निर्देशन बमोजिम गर्नु पशुधनीको कर्तव्य हुनेछ ।

१४. निवृत्त पशु व्यवस्थापनः

पशुधनीले कामबाट निवृत्त भएका वा वृद्धावस्थामा पुगेका पशुको आवश्यक हेरचाह तथा व्यवस्थापन गर्नु पर्नेछ ।

परिच्छेद ३ः पशुप्रति हुने निर्दयी व्यवहार

१५. पशुप्रति निर्दयी व्यवहार भएको ठहरिनेः

(१) सामान्यतया व्यवसायिक रुपमा पशुपालन गर्दा वा भारवहन वा श्रमजन्य लगायतका अन्य काममा पशुको प्रयोग गर्दा देहाय बमोजिमका कार्य गरे, गराएमा पशुप्रति निर्दयी व्यवहार भएको मानिनेछः

(क) पशुलाई कोर्रा, चक्कु, बन्चरो, पासो, विद्युतीय करेन्ट, खुर्सानीको धुलो लगायतका वस्तुको प्रयोग गरी पिडा दिने,

(ख) पशुलाई घाउ चोट वा पिडा हुने गरी फाल्सन लगाउने (हब्लिङ्ग), नाक, पुच्छर, खुट्टा बाँध्ने वा झुण्डाउने,

(ग) पुच्छर बटार्ने वा भाँच्ने, अङ्गभङ्ग गर्ने,

(घ) नवजात पशुलाई मार्ने नियतले सुकेनास गराउने, भोकै राख्ने, अजिर्ण बनाउने वा फाल्ने लगायतका अन्य कार्य गर्ने,

(ङ) पशुलाई घाउ चोट लाग्ने वा पिडा हुने गरी हिर्काउने,

(च) विरामी वा घाइते पशुको उपचार नगर्ने,

(छ) पशु सेवा विभागले सिफारिस गरेको कार्यविधि विपरित बन्ध्याकरण गर्ने,

(झ) छाडा छाड्ने ।

(२) मानिसले नियतबस वा लापरवाहीपूर्वक निर्देशिकाको दफा ४ बमोजिमको पशु कल्याण सम्वन्धी व्यवस्था उल्लङ्घन हुने गरी पशुप्रति जुनसुकै कार्य गरी, गराई प्रताडित गरेमा पशुप्रति निर्दयी व्यवहार भएको मानिनेछ ।

१६. निर्दयी व्यवहार भएको नमानिनेः

(१) देहायको अवस्थामा पशुप्रति निर्दयी व्यवहार भएको मानिने छैनः

(क) दर्तावाल पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले कानूनले तोके बमोजिम वा स्वीकृत कार्यविधि अनुसार सिङ काट्न, खसी पार्न, खुर काट्न, स्वास्थ्य परीक्षण, शल्य चिकित्सा वा स्वास्थोपचार वा अन्य कार्यहरु गर्न ।

(ख) उपचार नहुने रोग लागेको वा अन्य कारणले अङ्गभङ्ग भई पिडाग्रस्त अवस्थामा रहेको पशुलाई त्यस्तो पिडाबाट मुक्त गर्न आवश्यक देखिएमा, पशु स्वास्थ्य, जनस्वास्थ्य संरक्षण र जनसुरक्षाको कारण वा अन्य कारणले पशुलाई नपक्री नहुने भएमा र उपचार नहुने रेबिज जस्ता रोग लागेर वध गर्नैपर्ने अवस्था भएको भन्ने ठहर गरेमा दर्तावाल पशु चिकित्सकको सुपरिवेक्षणमा तोकिए बमोजिमको मानवीय तरीका अपनाएर पशुलाई नियन्त्रणमा लिन वा करुणा मृत्यु दिन प्रयोग गरिने क्रियाकलाप गर्न ।

## परिच्छेद ४: पशु कल्याण सम्बन्धी जिम्मेवारी र उत्तरदायित्व

१७. जिम्मेवारी वहन गर्नु पर्ने:

पशु सेवाका आधिकारिक निकाय, पशुको प्रयोग गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरकारी, गैरसरकारी वा निजी क्षेत्रका निकाय, स्थानीय तह, दर्तावाल पशु चिकित्सक, पशु सेवा प्रदायक, सम्बन्धित पशुधनी र पशुलाई व्यवसायमा प्रयोग गर्ने व्यक्ति वा संस्था, अन्य सरोकारवाला व्यक्ति वा संघ संस्थाले पशु कल्याण सुनिश्चित गर्न र पशुप्रति हुने निर्दयी व्यवहारमा रोकावट गर्नको लागि निर्देशिकाको दफा १८, १९, २०, २१, २२ र २३ मा व्यवस्था गरिए बमोजिम आ-आफ्नो स्थानमा समान रुपमा जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व वहन गर्नु पर्नेछ ।

१८. पशु सेवाका आधिकारिक निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(१) निर्देशिका लागु गर्न, अनुगमन गर्न र यस निर्देशिकालाई आवश्यकतानुसार अद्यावधिक गर्न मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने ।

(२) निर्देशिकाको कार्यान्वयन गराउन सम्बन्धित सरोकारवालाहरुबीच जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने तथा सहजीकरण गर्ने ।

(३) पशु सेवालाई गुणस्तरीय बनाउन र निर्देशिका लागु गराउन अख्तियारप्राप्त व्यक्तिको क्षमता अभिवृद्धि गर्न सहजीकरण गर्ने ।

(४) भेटनरी निरीक्षण गर्दा पशु कल्याण सम्बन्धी व्यवस्थाको पनि निरीक्षण गर्न र निजी क्षेत्रका दर्तावाल पशु चिकित्सकहरुलाई समेत निर्देशिका कार्यान्वयन गर्न, गराउन आवश्यकता अनुसार जिम्मेवारी प्रदान गरी अनुगमन गर्ने ।

(५) निर्देशिकाको कार्यन्व्यनका लागि सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय वा व्यक्तिसँग समन्वय गर्ने ।

१९. अन्य निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(१) पशुको कल्याण सुनिश्चित गर्न र पशुप्रति हुने निर्दयी व्यवहारमा रोकावट गर्न पशु सेवाका आधिकारिक निकाय बाहेकका अन्य निकायले आफुलाई प्राप्त कानूनको प्रयोग गर्दा आ–आफ्नो क्षेत्रमा समान रुपमा जिम्मेवार हुने छन् ।

(२) शिक्षासम्बन्धी सरोकारवाला निकायहरुले पाठ्यक्रममा पशुको कल्याण सम्बन्धि विषयवस्तु संलग्न गर्न सक्ने छन् ।

२०. स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(१) छाडा छाडिएका तथा मरेका पशुको व्यवस्थापन गर्ने, गराउने ।

(२) अन्य अधिकार प्राप्त निकाय र सरोकारवालाहरुसँगको सहकार्य वा संयोजकत्वमा जनचेतनामूलक कार्यक्रम गर्ने, गराउने ।

२१. भेटनरी निरीक्षकको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(१) नियमावलीको नियम १९ बमोजिम भेटनरी निरीक्षण गर्दा पशु कल्याणको सुनिश्चितता र पशुप्रति हुने निर्दयी व्यवहारमा रोकावट भए, नभएको सम्बन्धमा पशु कल्याण मापन सूचक (अनुसूची ४) फारमको प्रयोग गरी निरीक्षण गर्ने र सम्बन्धित पशु सेवाका आधिकारिक निकायमा प्रतिवेदन पेश गर्ने ।

(२) निर्देशिकाको कार्यान्वयन गर्न, गराउन सम्बन्धित सरोकारवालाहरुबीच जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने तथा सहजीकरण गर्ने ।

(३) पशु कल्याण सेवामा संलग्न मातहतका प्राविधिकहरुको सुपरीवेक्षण र निर्देशन गर्ने ।

(४) पशु सेवाका आधिकारिक निकाय, पशुधनी तथा पेशागत संघ संगठनसँग दोहोरो सूचना सञ्चारको माध्यमको कार्य गर्ने ।

(५) निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने र अनुगमन तथा पृष्ठपोषण गर्ने ।

(६) निजी क्षेत्रमा कार्यरत दर्तावाल पशु चिकित्सक तथा अन्य पशु सेवा प्रदायकहरुले समेत अनुसूची ४ बमोजिम पशु कल्याण मापन सूचकको प्रयोग गरी पशु सेवाका आधिकारिक निकायमा प्रतिवेदन बुझाउनु पर्नेछ ।

२२. गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघसंस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(१) दर्तावाल पशु चिकित्सक र पशु सेवाका आधिकारिक निकायको समन्वयमा पशुप्रति गरिने निर्दयी व्यवहार हुन नदिने र पशुको कल्याणको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।

(२) पशुपालन तथा पशु कल्याणको क्षेत्रमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्न सघाउने ।

२३. पशुधनी र प्रयोगकर्ताको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(१) दफा ४ बमोजिमका पशु कल्याण सम्बन्धी व्यवस्थाको सुनिश्चित गर्ने ।

(२) दफा १५ बमोजिमका पशुप्रति हुने निर्दयी व्यवहारको रोकावट गर्ने ।

(३) आफुले पालेको पशुलाई सम्बन्धित स्थानीय तहमा दर्ता गर्ने ।

(४) पशु सेवाका आधिकारिक निकायले तोके बमोजिमका पशु कल्याण सम्बन्धी अन्य कार्य गर्ने ।

(५) मरेको पशुको सिनो सुरक्षित तवरले व्यस्थापन गर्ने ।

(६) रोग सर्भिलेन्स तथा नियन्त्रण गर्न सघाउने ।

(७) आफ्ना पशुलाई लाग्ने सामान्य रोगव्याधिको लक्षण र रोकथामको बारेमा आवश्यक जानकारी लिने ।

(८) पशु कल्याणसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न संयोजन तथा सहयोग गर्ने ।

## परिच्छेद ५: विविध

२४. पशु कल्याण मापन सूचकः

(१) पशु कल्याण सुनिश्चित भए, नभएको देहाय बमोजिम मापन गर्न सकिनेछः

(क) जिल्ला पशु सेवा कार्यालयले भेटनरी निरीक्षक, निजी क्षेत्रका दर्तावाल पशु चिकित्सक वा अन्य पशु सेवा प्रदायकहरुबाट सङ्कलन गरेको पशु कल्याण मापन सूचकका आधारमा हरेक वर्ष तयार गर्ने पशु कल्याण निरीक्षणको प्रगति प्रतिवेदन ।

(ख) पशु सेवा विभागले गर्ने पशु कल्याण सूचकहरुको नतिजाको वार्षिक तुलनात्मक अध्ययन ।

२५. निर्देशिका पालना गर्नु पर्नेः


पशुलाई काममा लगाउँदा निर्देशिका विपरित हुने गरी पशु कल्याण सम्बन्धी व्यवस्थाको उल्लङ्घन गर्न र पशुप्रति निर्दयी व्यवहार गर्न पाइने छैन ।

२६. प्राविधिक प्रकृया तोक्न सक्नेः

निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि विभागले मौजुदा ऐन तथा नियमसँग मेल खाने गरी पशु कल्याणको क्षेत्रमा अन्य आवश्यक प्राविधिक प्रक्रियाहरु निर्धारण गरी लागु गर्न र निर्देशिकाका अनुसूचीहरुमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्ने छ ।

२७. प्रचलित कानून बमोजिम हुनेः

निर्देशिकामा लेखिएको कुरा यसै निर्देशिका बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ । निर्देशिकामा लेखिएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।



अनुसूची १: पशुलाई भारवाहक काममा लगाउन सकिने न्यूनतम उमेर र सन्तुलित आहार

(निर्देशिकाको दफा ५ को उपदफा (२) को खण्ड (ख) र दफा १० को उपदफा (१) सँग सम्बन्धित)

| भारवाहक पशु प्रजाति | न्यूनतम उमेर[1] | दैनिक आवश्यक दाना[2] |
|---|---|---|
| अश्व प्रजाति | ३ वर्ष | ४ के.जी. |
| गधा प्रजाति | ३ वर्ष | २.५ के.जी. |
| गोरु, राँगा | २ वर्ष | ३ के.जी. |
| भेंडा, च्यांग्रा, बाखा | १ वर्ष | १ के.जी. |
| याक, नाक, चौंरी | ३ वर्ष | ३ के.जी. |
| हात्ती प्रजाति | १३ वर्ष | ४० के.जी. |

१. "न्यूनतम उमेर" भन्नाले पशुले भारवहन कार्य सुरु गर्न सक्ने उमेरलाई बुझाउँदछ ।

२. "दैनिक आवश्यक दाना" भन्नाले भारवाहक पशुलाई चरन र घाँस परालका अतिरिक्त दैनिक दिनु पर्ने सन्तुलित दानाको परिमाणलाई बुझाउँदछ ।


अनुसूची २: पशुको शारीरिक अवस्था मापन **(Body condition scoring)** मापदण्ड

(निर्देशिकाको दफा ५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

| शारीरिक अवस्था | घाँटी र काँध | जुरो र मेरुदण्ड | करङ र पेट | ढाड र कम्मर | पिठ्यूँका हाड र फिला |
|---|---|---|---|---|---|
| १. दयनीय | घाँटी र काँध झ्वाट्ट हेर्दा जोडिएको देखिने । दुवै पाताका तिनकुने हाडको आकृति देखिने र छाम्न सकिने । | जुरो चुच्चो परेको देखिने । मेरुदण्डका हाड सहजै देखिने र छाम्न सकिने । | टाढैबाट करङ देखिने र सहजै छाम्न सकिने । पेट माथिपट्टि टाँस्सिएको । | ढाडमा मेरुदण्डका हाडको ठाडो धार र तेर्सा चुच्चो परेको आकृति टाढैबाट देखिने । | पिठ्यूँका हाड थोरै मांसपेशीले ढाकेको र छाम्न सकिने । पुच्छरको फेंदको तलपट्टि कोप्रो परेको । |
| २. दुब्लो | घाँटी र कुम जोडिने स्थानमा थोरै मांसपेशीले हाड पुरिएको देखिने । | हाडका चुच्चालाई थोरै मांसपेशीले ढाकेको, सहजै नदेखिने तर छाम्न सकिने । | करङ नदेखिने तर छामेर सहजै भेट्टाउन सकिने । | | |
| | मेरुदण्डको दुवैपट्टि थोरै मांसपेशी, सामान्य दबाब दिएर छामेपछि मात्र हाड फेला पर्ने । | फिलामा थोरै मासु भेटिने, पिठ्यूँका हाड सहजै छाम्न सकिने । | | | |
| ३. स्वस्थ | राम्रो मांसपेशी /बोसोको सामान्य तहले हाड पुरिएको, गोलाकार काँध र घाँटी बिस्तारै मिलेको देखिने । | मेरुदण्डका हाडलाई मांसपेशीले राम्रोसँग ढाकेको, जुरो र ढाड बिस्तारै मिलेको । | करङ पुरिएका, दबाब दिएर मात्र फेला पर्ने । दरिला मांसपेशीले पेट टम्म मिलेर फैलिएको । | मेरुदण्डको दुवैपट्टि राम्रोसँग मांसपेशी विकास भएको र सामान्य दबाब दिंदा पनि हाड फेला पार्न नसकिने । | फिलामा प्रशस्त मांसपेशी भेटिने, पिठ्यूँका हाड गोलो परेको देखिने र दबाब दिएर मात्र छाम्न सकिने । |
| ४. मोटो | बाक्लो घाँटी, मेरुदण्डको धार साह्रो, काँधको दुवैतर्फ समान रुपमा बोसोले भरिएको । | जुरोमा बोसो भरिएर फैलिएको, दरिलो गरी थिचेपछि मात्र हाड फेला पर्ने । | दरिलो गरी थिचेपछि मात्र तल्लो भागमा करङ फेला पर्ने । पेट बढेर शरीरबाट बाहिर आएको । | दरिलो दबाब दिएर छामे मात्र मेरुदण्डका हाड फेला पर्ने । मेरुदण्डको सामान्य धार मात्र देखिने । | गोलाकार फिला, दरिलो दबाब नदिएसम्म हाड फेला नपर्ने, सबै भागमा समान रुपमा बोसो भरिएको । |
| ५. धेरै मोटो | बोसो भरिएर धेरै बाक्लो घाँटी, | जुरोमा बोसो भरिएर | करङ छामेर नभेटिने, बोसोका | ढाड च्याप्टिएको, दरिलो दबाब | पिठ्यूँका हाड फेला नपर्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | एकातर्फ ढल्किएको डल्लो जुरो, गोलो उठेको काँध । | फैलिएको, दरो गरी छामेर पनि मेरुदण्डको हाड फेला पार्न नसकिने । | अग्ला होचा बनोट देखिने । पेट झुण्डिएको देखिने । | दिए पनि मेरुदण्ड नभेटिने, मेरुदण्डको धारमा गहिरो परेको । | पुच्छरको फेंदमा दुवै तर्फ बोसोका लोती निस्किएको र ठाउँठाउँमा बोसो थुप्रिएको देखिने । |





अनुसूची ३: पशुको प्राथमिक उपचार सामग्री

(निर्देशिकाको दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

१. कपास

२. ब्याण्डेज

३. पोभिडिन आयोडिन

४. टिञ्चर बेन्जोइन

५. एन्टिसेप्टिक मलम

६. सिजर

७. ड्रेसिङ फोर्सेप्स

८. पोटासियम परम्याग्नेट

अनुसूची ४: पशु कल्याण मापन सूचक फाराम

(निर्देशिकाको दफा २१ को उपदफा (१) सँग सम्बन्धित)

१. पशु धनीको विवरण:

(१) नाम:

(२) ठेगाना (फोन, इमेल समेत):

२. पशुको विवरण:

(१) प्रजाति: (२) उमेर (वर्ष): (३) शारीरिक तौल (के.जी.):

(४) लिङ्ग (भाले, पोथी):

३. गर्भिणी पशुको अवस्था (हालको गर्भावस्था):

(१) प्रथम (२) दोश्रो (३) तेश्रो

४. शारीरिक अवस्था मापन:

(१) (२) (३) (४) (५)

५. खुरको अवस्था:

(१) सामान्य (२) धेरै बढेको (३) फुटेको (४) असामान्य

६. घाउ भए/नभएको अवस्था:

(१) भएको (२) नभएको

७. घाउको प्रकृति:

(१) गहिरो (२) ठुलो (३) सानो

८. शारीरिक अवस्था:

९. अस्वस्थकर अवस्था:

१०. आवश्यक खोप:

(१) लगाएको (२) नलगाएको

११. पशुले बोकेको वा तानेको औसत वजन:

१२. दैनिक काम गर्ने समय (घण्टा):

१३. दानापानी दिने समय र दानाको परिमाणः

१४. के पशुले अहिले पनि काम गर्दै छन् ? (१) छ (२) छैन

१५. स्थलगत निरीक्षण अवलोकन गर्दा देखिएको अवस्थाः

(१) आश्रयस्थलः (क) खुला (ख) बन्द

(२) किलोमा बाँधिएको दूरी (मिटर):


(३) अन्य निर्दयी व्यवहार भए, गरेको देखिएको भएः

१६. निरीक्षण, अनुगमनकर्ताको विवरणः

नामः

ठेगानाः हस्ताक्षर

मितिः



# पशु क्वारेन्टाईन (पहिलो संशोधन) कार्यविधि, २०७१

**नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय**
**(मा. मन्त्रीस्तरको निर्णयबाट स्वीकृत भई २०६४ श्रावण देखि लागु भएको)**

**संशोधन**

**पहिलो संशोधन मितिः २०७१/१०/०२***

पशु क्वारेन्टाईन चेकपोष्टमा ल्याइएका पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको परीक्षण, निरीक्षण तथा प्रमाणीकरण गर्ने सम्बन्धमा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम ७ को उपनियम (१) मा निर्दिष्ट कार्यविधिलाई सरल तथा सहज तुल्याउन कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

*(१) यस कार्यविधिको नाम "पशु क्वारेन्टाईन (पहिलो संशोधन) कार्यविधि, २०७१" रहेको छ ।

*(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्छ ।

३. **पैठारी गर्दा अपनाउनु पर्ने कार्यविधिः**

नेपालमा पैठारी गरिने विभिन्न ठुला तथा साना पशु, चल्ला, माछा, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री, जैविकी पदार्थ तथा पशुको दानाको क्वारेन्टाईन जाँच गर्दा देहायको कार्यविधि अवलम्बन गर्नु पर्नेछ :

**(क) पशु जाँच गर्दा :**

(१) नेपालमा पशु पैठारी गर्न चाहने कुनै व्यक्ति वा संस्थाले पशु पैठारी गर्दा पैठारी गरिने पशुको किसिम, जात, सहित उल्लेख भएको

आधिकारिक निकायबाट दिएको स्वास्थ्य प्रमाणपत्र र सो मुलुकमा लगाइएको भ्याक्सिनको प्रमाणपत्र सहितको विवरण खोली कम्तीमा सात दिन अगावै सम्बन्धित पशु क्वारेन्टाईन चेकपोष्टमा आवेदन दिनु पर्नेछ । सो आवेदन माथि पशु क्वारेन्टाईन चेकपोष्टबाट अनुमति प्राप्त गरेपछि मात्र पशु पैठारी गर्न सकिनेछ ।

(२) पैठारी गरिएका पशुको शारीरिक परीक्षण गर्दा नियमावलीको अनुसूची (१० बमोजिम सूचित गर्नु पर्ने रोगहरूको लागि भौतिक परीक्षण तथा क्लिनिकल परीक्षण गर्नु पर्नेछ ।

(३) विभिन्न रोगहरूको तुलनात्मक परीक्षण गर्दा केन्द्रीय पशु क्वारेन्टाईन कार्यालयबाट उपलव्ध गराइएको डिजिज रिकग्नीसन म्यानुअल उपयोगमा ल्याउनु पर्नेछ । पशु निकासी गर्ने मुलुकका सूचीकृत गर्नुपर्ने रोग विरुद्ध खोप लगाएको प्रामाणिक प्रमाणापत्र जांची स्वस्थ्य भएको यकीन भएमा मात्र पशुहरू प्रवेश गर्न अनुमति दिनु पर्नेछ ।

*(४) पैठारी गरिएका भेडा बाखा पालनका लागि पैठारी गरिएका भए उक्त भेडा बाखालाई अनिवार्य रुपमा पि.पि.आर. खोप लगाई क्वारेन्टाइन प्रमाणपत्र समेत जनाई पैठारी अनुमती दिनु पर्नेछ तर मासुको लागि आयात भएका र तुरुन्तै कटानमा जाने भेडा बाखालाई जाँच गर्दा स्वास्थ्य रहेको पाइएमा अन्य पशुसँग नमिसाउने शर्तमा सिधै विक्री वितरण गरी कटानमा पठाउन खोप नलगाएको प्रमाण प्रमाणपत्रमा उल्लेख गरी पैठारी गर्न अनुमती दिनु पर्नेछ ।

(५) नियमावलीको नियम ६ को उपनियम (३) मा उल्लेख भएका संक्रामक रोगहरूको शंका लागेमा र ती रोगहरू विरूद्ध खोप लगाईएको प्रमाणपत्र नभएमा पैठारी गरिएका पशुहरूलाई सोही उपनियममा उल्लेख भए बमोजिमको अवधिसम्म क्वारेन्टाइनमा राख्नु पर्नेछ ।

(६) जनस्वास्थ्य तथा पशु स्वास्थ्यमा प्रत्यक्ष दुष्प्रभाव पार्न सक्ने संक्रामक रोगहरूको शंका लागेमा जाँचको लागि नमूना प्रयोगशालामा पठाइएको अवस्थामा प्रयोगशालाको प्रतिवेदन नआएसम्म पैठारीकर्ताले बेच बिखन गर्न नपाउने गरी पशु क्वारेन्टाईन कार्यालयको निगरानीमा पशुहरू क्वारेन्टाईन अधिकृतले तोकेको ठाँउमा राख्नु पर्नेछ ।

(७) सीमावर्ती क्षेत्रको नेपाली भू-भागमा लाग्ने हाट बजारमा बेच

बिखनको लागि सीमापारीबाट ल्याइने पशुहरूको साथमा स्वास्थ्य प्रमाणपत्र हुनु पर्नेछ र संक्रामक रोगको शंका लागेमा खण्ड (६) बमोजिम गर्नु पर्नेछ ।

(८) पशुहरूमा खोप लगाउनु पर्ने तथा नमूना जाँच गराउन प्रयोगशालामा पठाउनु पर्ने भएमा सोको लागि लाग्ने भ्याक्सिन, सिरीन्ज, निडिल, भ्याकुटेनर जस्ता औषधी तथा उपकरणका समपूर्ण खर्च नियमावलीको नियम ६ को उपनियम (५) बमोजिम पैठारीकर्ताले व्यहोर्नु पर्नेछ ।

(९) कुकुर तथा बिरालो पैठारी गर्दा नियमावलीको अनुसूची-३, फाराम-१, मा उल्लेख भए बमोजिमको ढाँचामा आधिकारिक निकायबाट प्राप्त स्वास्थ्य प्रमाणपत्र र रेबिज भ्याक्सिन लगाएको प्रमाणपत्र संलग्न हुनु पर्नेछ । खरायो तथा मुसा पैठारी गर्दा आधिकारिक निकायबाट प्राप्त स्वास्थ्य प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

(१०) पशु पैठारी गर्दा कुनै पशु मरेको भेटिएमा अथवा संक्रामक रोगको शंका लागेमा त्यस्ता पशुलाई होल्डीङ यार्डमा राख्नु पर्छ । होल्डीङ यार्ड नभएको ठाउँमा पैठारी कर्ताको आफ्नो खर्चमा छुट्टै राख्ने व्यवस्था गर्नुपर्नेछ । प्रयोगशाला परीक्षणबाट संक्रामक रोगका जिवाणु रहेको यकीन भएमा ऐन नियम अनुसार गर्ने र सो नभएको प्रमाणित भएमा रीत पुर्याइ क्वारेन्टाईन प्रमाणपत्र प्रदान गरी प्रवेश गर्न दिन सकिने छ ।

**(ख) कुखुराको चल्ला जांच गर्दा :**

(१) चल्ला पैठारी गर्दा प्रत्येक खेपमा अन्तर्राष्ट्रिय पशु स्वास्थ्य प्रमाणपत्र र विभागको सिफारिसपत्र साथैमा हुनु पर्नेछ ।

(२) प्यारेन्ट चल्ला पैठारी गर्दा हवाइ मार्ग (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित पशु क्वारेन्टाईन चेकपोष्टको बाटो) बाट मात्र ल्याउनु पर्नेछ ।

(३) चल्ला पैठारी गर्दा अनुसूची–१ मा उल्लेखित मापदण्ड पूरा भएको हुनु पर्नेछ ।

**(ग) माछा जांच गर्दाः**

(१) माछाको भुरा पैठारी गर्दा विभागको सिफारिसपत्र अनिवार्य

रुपमा संलग्न गर्नु पर्नेछ । तर खाने माछा पैठारी गर्नको लागि सिफारिसपत्र आवश्यक पर्नेछैन ।

(२) पैठारी गरिने माछाको भुराको जात तथा मापदण्ड अनुसूची-२ बमोजिम हुनु पर्नेछ ।

(३) मत्स्य पालनको लागि सिफारिस नभएका जात पैठारी, ओसार पसार र बिक्री गर्न पाइने छैन । तर अनुसन्धान र परीक्षणको लागि नेपाल सरकारको मत्स्य विकास निर्देशनालयको पूर्व स्वीकृतिमा जुनसुकै जातको माछाको भुरा पैठारी गर्न सकिनेछ।

(४) पैठारी गरिने माछाको भुराको साथमा अनुसूची-३ बमोजिमको अन्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

(५) खानको लागि पैठारी गरिएका प्रत्येक खेपको साथमा अनुसूची-४ बमोजिम अन्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

(६) पैठारी गरिने माछाको भुराको ढुवानी तथा प्याकिङ सम्बन्धी मापदण्ड अनुसूची-५ मा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

(७) सिपी र गंगटा जाति पैठारी गर्दा प्रत्येक खेपको साथमा अनुसूची-६ फाराम(१ देखि ३ अनुसारको इन्टरनेशनल एक्वेटिक एनिमल हेल्थ सर्टिफिकेट फर लाईभ मोलस्कस एण्ड ग्यामेट्स, इन्टरनेशनल एक्वेटिक एनिमल हेल्थ सर्टिफिकेट फर लाईभ एण्ड डेड क्रस्टेसियन्स, संलग्न हुनु पर्नेछ ।

(८) एक्वारियम तथा अर्नामेन्टल प्रयोगको लागि पैठारी गरिने माछाको हकमा पनि भुरा माछा पैठारी गर्दा कै कार्यविधि अनुरुप हुनेछ ।

(९) खाने माछा तथा भुरा जाँच गर्दा रोग भएको शंका लागेमा नजिकको मत्स्य विकास केन्द्रका बरिष्ठ मत्स्य विकास अधिकृत वा मत्स्य विकास अधिकृत वा जिल्ला कृषि विकास कार्यालय स्थित मत्स्य विकास अधिकृतको राय सल्लाह लिई सोही अनुरुप गर्नु पर्नेछ ।

(१०) पैठारी गरिएका भुरा माछाहरूमा रोगको शंका लागी होल्ड गर्नु परेमा अनुसूची-७ मा उल्लेखित मत्स्य विकास केन्द्र वा

मत्स्य प्रयोगशालामा रहेका होल्डिंग ट्यांक्क उक्त कार्यालयको अनुमति लिएर प्रयोग गर्न सकिने छ ।

(११) भुरा माछा ल्याउन प्रयोग गरेको पानीलाई निसंक्रमण गरी सुख्खा जमीनमा फाल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(१२) नेपालमा मत्स्य पालनको लागि सिफारिस गरिएका जातका माछाका भुरा एवं सौन्दर्यका लागि एक्वोरियममा सजाउने उदेश्यले उष्ण जातिय माछा (Tropical Species) विदेशबाट पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र आयात गर्न सकिनेछ ।

(१३) अनुसन्धान तथा परीक्षणको लागि नेपाल सरकारको पूर्व स्वीकृतिबाट आयात गरिने नयाँ जातका माछाका भुरा अन्तर्राष्ट्रिय हवाई मार्गबाट मात्र नेपाल प्रवेश गराउन पाइनेछ ।

**(घ) पशु जन्य पदार्थ र पशु उत्पादन सामाग्री जाँच गर्दाः**

(१) निकासी गर्ने देशबाट जारी गरिएको प्रमाणपत्रमा उल्लेख भए अनुसारको भौतिक स्वरुप भए वा नभएको जाँच गर्नु पर्नेछ ।

(२) तौल, प्याकिङ, लेबल तथा सिलबन्दी ठीक भएको वा नभएको जाँच गर्नु पर्नेछ ।

(३) सिलबन्दी नभएकोमा वा सिलबन्दी ठीक नभएकोमा बास्ना, रंगग एवं वस्तुको अवस्थाको सम्बन्धमा परीक्षण गर्नु पर्नेछ ।

(४) अवशेष, संक्रमण गर्ने तत्व तथा परिवर्तित संकेतको पहिचान गर्नु पर्नेछ ।

(५) उपयुक्त तापक्रममा रहे नरहेको पहिचान गर्नु पर्नेछ र आवश्यक परेमा तापक्रम जाँच गर्न आवश्यक उपकरण समेत प्रयोग गर्नु पर्नेछ ।

(६) खाने अन्डा तथा चल्ला उत्पादन गर्ने अन्डाको पैठारी गर्दा अनुसूची-८, फारम (१ र २ बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

(७) पैठारी गरिने पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीहरूको साथमा सेनेटरी प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(८) पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्री पैठारी गर्दा प्रयोग भएको सवारी साधनमा संक्रामक रोगका किटाणु भएको शंका लागेमा त्यस्ता वस्तु उत्पादन भएको स्थानमा पाइने पशु रोगको स्थिति बारे जानकारी लिनु पर्नेछ ।

(९) पशु आहारा, औद्योगिक वा औषधिको रुपमा प्रयोग हुने पशु जन्य पदार्थ पैठारी गर्दा नियमावलीको अनुसूची-३ फारम(५ बमोजिमको आधिकारिक निकायबाट प्राप्त सेनेटरी प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

(१०) पशुजन्य पदार्थ र पशु उत्पादन सामागी पैठारी गर्दा प्रयोग गरिने साधन, भाडा, कन्टेनर आदि सो पदार्थको हित तथा बचावटलाई ध्यानमा राखी बनाएको हुनु पर्नेछ र ती समानहरू प्रयोग  गर्नुभन्दा अगावै सफा र निःसंक्रमण गरेको हुनु पर्नेछ ।

(ङ) **जैविक पदार्थ जाँच गर्दाः**

(१) जैविक पदार्थ पैठारी गर्दा प्रत्येक पटक विभागको सिफारिसपत्र समेत साथै संलग्न गर्नु पर्नेछ।

(२) जैविक पदार्थ बिक्री वितरण तथा पैठारी गर्न निवेदन दिंदा नियमावलीको अनुसूची-११ अनुसारको विवरण समेत साथै संलग्न गर्नु पर्नेछ ।

(३) जैविक पदार्थ पैठारी गर्दा अटुट रुपमा कोल्डचेनको व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(४) भ्याक्सिन उत्पादन गर्न प्रयोग गरिएको अन्डा वा सेललाईनको स्रोत तथा कुन कुन रोगमुक्त छ सो खुलेको प्रमाणपत्र तथा गुणस्तर परीक्षणको लागि अपनाइएको प्रक्रियाको प्रतिवेदन कन्साइनमेन्ट साथ उपलब्ध गराउनु पर्नेछ ।

(५) पैठारी गरिएका जैविक पदार्थहरूको प्रत्येक भाइलमा देहायको विवरण उल्लेख भएको लेबल स्पष्ट रुपमा अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछः

(क) Scientific name of the product
(उत्पादनको बैज्ञानिक नाम)

(ख) Product trade name (उत्पादनको व्यापारिक नाम)

(ग) Lot / serial number (लट/सिरियल नम्बर)

(घ) Manufacturing date (उत्पादन मिति)

(ङ) Expiry date (म्याद समाप्त हुने मिति)

(च) Volume and number of doses (मात्राको परिमाण र संख्या)

(छ) Name and address of the manufacturer (उत्पादक कम्पनीको नाम तथा ठेगाना)

(ज) Direction for use (प्रयोग गर्ने विधि)

(झ) Only for veterinary use (भेटेरिनरी प्रयोजनको लागि मात्र)

(ञ) Process for safe disposal of the vials (सुरक्षित ढंगबाट सामान तह लगाउने विधि)

(६) पैठारी गरिएका जैविक पदार्थहरूको सेल्फ लाईफ लेबलमा उल्लेख भएको अवधिको कम्तिमा पनि आधा अवधिको हुनु पर्नेछ ।

**(च) पशुको दाना जाँच गर्दा:**

(१) पशुको तयारी दाना पैठारी गर्दा विभागको सिफारिसपत्र अनिवार्य संलग्न हुनु पर्नेछ ।

(२) पशुदाना प्याक गरिने बोरा नाईलनको वा जुटबाट भित्र पटटी प्लाष्टिक लाईनिंग गरी बनाईएको र कुनै पनि भागमा हुक नगरिएको हुनु पर्नेछ ।

(३) पशु दानाको बोरामा देवनागरी लिपी वा अंग्रेजी भाषामा देहायको विवरण लेखिएको लेबल हुनुपर्नेछ :-

(क) उत्पादकको नाम र ठेगाना

(ख) उत्पादनको व्यापारिक नाम

(ग) ब्याच वा कोड नम्बर

(घ) तौल (किलोग्राममा)

(ङ) उत्पादन मिति

(च) प्रयोग गर्न सकिने मिति

(छ) प्रयोग गरिएको कच्चा पदार्थको नाम

(४) पैठारी गर्न लागिएको ब्याच वा कोड नम्बरको पशु दानाको निम्न चारित्रिक गुणहरूको आधिकारिक प्रयोगशालाबाट परीक्षण गरिएको प्रयोगशाला परीक्षणको नतिजा अनिवार्य रुपमा संलग्न गरेको हुनुपर्नेछ :

(क) जलांश

(ख) कुड प्रोटिन

(ग) कुड फ्याट

(घ) कुड फाइवर

(ङ) टोटल आस

४. **नमूना परीक्षण गर्दा अपनाउनु पर्ने कार्यविधि :**

(१) पैठारी गरिएका पशुहरूमा संक्रामक रोग भएको वा रोग लागेको शंका लागेमा वा पशु जन्य पदार्थ वा पशु उत्पादन सामाग्रीमा कुनै हानिकारक तत्व भएको शंका लागेमा थप परीक्षणको लागि नियमावलीको नियम ७ को उपनियम (२) बमोजिम नमूना संकलन गरी अनुसूची-९ मा उल्लेख गरिएको प्रयोगशालामा जांच गर्न पठाउनु पर्नेछ ।

(२) खाने माछा तथा भुरा जाँच गर्दा रोग भएको शंका लागी प्रयोगशाला परीक्षण गर्नु पर्ने भएमा नमूना संकलन गरी केन्द्रीय मत्स्य प्रयोगशाला बालाजुमा पठाउनु पर्नेछ ।

(३) पैठारी गरिएका भ्याक्सिनको कोल्डचेन तथा गुणस्तरमा शंका लागेमा क्वारेन्टाईन अधिकृतले नमूना परीक्षणको लागि भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ ।

(४) परीक्षणकोलागि जैविक पदार्थको नमूना संकलन गर्दा अनुसूची-१० बमोजिमको परिमाणमा उपलब्ध गराउनु पर्नेछ ।

(५) पशु दानाको प्रयोगशाला परीक्षणको लागि नमुना लिंदा देहायको परिमाणमा देहाय बमोजिम लिनुपर्नेछ :-

| सि.न. | परिमाण (बोरामा) | नमूना लिने |
|---|---|---|
| १ | २ देखि ५ | १ बोराबाट |
| २ | ६ देखि १५ | २ बोराबाट |

| | | |
|---|---|---|
| ३ | १६ देखि २५ | ३ बोराबाट |
| ४ | २६ देखि ४५ | ५ बोराबाट |
| ५ | ४६ देखि ६५ | ७ बोराबाट |
| ६ | ६६ देखि १२५ | ९ बोराबाट |
| ७ | १२६ देखि ३०० | १० बोराबाट |
| ८ | ३०१ देखि ५०० | १२ बोराबाट |
| ९ | ५०० भन्दा माथि | १३ बोराबाट |

(६) दानाको नमूना लिंदा लटलाई निश्चित तरिकाबाट थाक लगाई सके पछि त्यस थाकको जुनसुकै ठाँउबाट शुरु गरी बोराको गिन्ती गर्दै लैजाने र उपखण्ड (६) मा उल्लेख गरिए अनुसार लट साईजलाई नमूना साईजले भाग गर्दा जुन पूर्ण संख्या आउछ त्यसै संख्याको अन्तर पारी चाहिने जति बोरा अलग्ग राख्नु पर्छ । प्रत्येक छानीएका बोराबाट नमूना लिंदा कमसेकम बोराको तीन भाग (माथिल्लो, बीचको र तल्लो भाग) बाट लिनु पर्दछ। नमूना लिने भाडोले कर्ण रेखाबाट बोरामा खोपी नमूना लिनु पर्दछ। यसरी हरेक बोराबाट लिईएको नमूनाको तौल कम्तीमा सात सय पचास ग्राम हुनु पर्दछ । प्रत्येक बोराबाट लिएको नमूना मिसाई कम्पोजिट नमूना बनाउनुपर्दछ। उक्त कम्पोजिट नमूनाबाट कोनिङ तथा क्याटरिङ तरिका अपनाई कम्तीमा दुई सय ग्राम नमूना तयार पारी हावा तथा पानी नछिर्ने भाडोमा राखी परीक्षणको लागि राष्ट्रिय खाद्य प्रयोगशाला वा सम्बन्धित खाद्य क्वारेन्टाईन प्रयोगशालामा पठाउनु पर्नेछ ।

(७) क्वारेन्टाईन चेकपोष्टहरूले नमूना पठाउदा आफुलाई तोकिएको प्रयोगशालामा पठाउनु पर्नेछ ।

(८) उक्त प्रयोगशालाबाट परीक्षण सम्भव हुन नसकेमा अन्य रिफिरेन्स तथा केन्द्रीय प्रयोगशालामा नमूना पठाउने जिम्मेवारी प्रयोगशालाको हुनेछ ।

(९) जैविक पदार्थ, पशु जन्य पदार्थमा भएका हानिकारक तत्व तथा खोरेत रोग परीक्षण गर्न सम्बन्धित प्रयोगशालामा सिधै पठाउन

सकिनेछ ।

(१०) परीक्षणाकोलागि नमूना संकलनन गर्ने विधि तथा नमूनाको परिमाण बारे सम्बन्धित प्रयोगशालाको माग बमोजिम हुनेछ ।

(११) यसरी परीक्षण गर्न पठाइएको नमूनाको परीक्षण प्रतिवेदन सम्बन्धित चेकपोष्ट र सेवाग्राहीलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**५. पैठारी गरीएका वस्तुहरूको क्वारेन्टाईन प्रमाणपत्र जारी गर्ने कार्यविधिः**

(१) क्वारेन्टाईन अधिकृतले क्वारेन्टाइनको बाटो भएर आएका कुनै पनि पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूको क्वारेन्टाइन जाँच प्रक्रिया पूरा भएपछि नियमावलीको अनुसूची-२ बमोजिमको क्वारेन्टाइन प्रमाणपत्र जारी गर्नु पर्नेछ।

(२) क्वारेन्टाईन प्रमाणपत्र जारी गर्दा प्रत्येक खेपको जतिसुकै परिमाण वा संख्या भए पनि एउटा मात्र प्रमाणपत्र जारी गर्नुपर्नेछ ।

(३) प्रमाणपत्रमा सम्बन्धित कार्यालयको कोड नम्बर तथा प्रमाणपत्रको सिरियल नम्बर समेत उल्लेख गर्नुपर्नेछ ।

(४) प्रमाणपत्र तीन विभिन्न रंगको हुनेछ, जस अनुसार सेतो सम्बन्धित पैठारीकर्ताको लागि, आकाशे नीलो सम्बन्धित भन्सार कार्यालयको लागि र गुलावी कार्यालय प्रयोजनको लागि रहने छ।

**६. निकासी गर्दा अपनाउनु पर्ने कार्यविधि :**

(१) जैविक पदार्थ, चल्ला वा माछाका भुरा वा पशु दाना निकासी गर्न चाहने ब्यक्तिले ऐनको दफा १८ बमोजिम एकसय रुपैयाँ दस्तुर तिरी विभागको सिफारिस समितिबाट नियमावलीको अनुसूची-५ बमोजिमको ढाँचामा सिफारिस पत्र लिनु पर्नेछ ।

(२) निकासीकर्ताले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री निकासी गर्दा नियमावलीको नियम १४ बमोजिमका शर्तहरू पालना गरे नगरेको क्वारेन्टाइन अधिकृतले ध्यान दिनु पर्नेछ ।

(३) निकासी योग्य पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको स्वास्थ्य वा नेटरी प्रमाणपत्र नियमावलीको अनुसूची- ३ को फाराम( १ देखि ८ सम्मको ढाँचामा विभागले तोकेको भेटेरिनरी अधिकृतले जारी गरेको भएमा सो अनुसार रुजु गरी क्वारेन्टाईन अधिकृतले

निकासी गर्न अनुमति दिनु पर्नेछ ।

(४) निकासीकर्ताले निकासी गरिने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको स्वास्थ्य वा स्यानेटरी प्रमाणपत्रको लागि सोझै क्वारेन्टाईन कार्यालय/चेकपोष्टमा सम्पर्क राख्न आएमा क्वारेन्टाईन अधिकृतले स्थलगत निरीक्षण गरी निकासी योग्य भएमा त्यस्ता पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूको निकासीको लागि नियमावलीको अनुसूची-३ को फाराम-१ देखि ८ सम्मको ढाँचा बमोजिम स्वास्थ्य वा स्यानेटरी प्रमाणपत्र जारी गर्न सक्नेछ ।

(५) यस्ता प्रमाणपत्र कुकुर तथा बिरालो को लागि भए प्रत्येक पशुको छुटा छुटै र अन्य पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री भए प्रत्येक खेपको एउटा प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

(६) यसरी उपलव्ध गराएको स्वास्थ्य वा स्यानेटरी प्रमाणपत्रको वैधता अधिकतम दश दिनका लागि हुनेछ । उक्त व्यहोरा प्रमाणपत्रमा उल्लेख गरिदिनु पर्नेछ ।

(७) स्वास्थ्य वा स्यानेटरी प्रमाणपत्र योग्यता पुगेको अधिकृतले बाहेक अरुले जारी गर्न हुदैंन

७. **सिफारिसपत्र लिन आवश्यक पर्ने कागजातहरू:**

(१) चल्ला, जैविक पदार्थ, पशु दाना र माछाको भुरा पैठारी वा निकासी गर्न चाहने व्यक्ति वा संस्थाले विभागबाट नियमावलीको अनुसूची-५ बमोजिमको सिफारिसपत्र लिनु पर्नेछ । सिफारिसपत्र प्राप्त गर्नकोलागि निम्न कागजातहरू संलग्न हुनु पर्नेछ :-

(क) पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीका लागि ब्यापार तथा उद्योग गर्न फर्म दर्ता भएको प्रमाणपत्र

(ख) कर वा भ्याट सम्बन्धी प्रमाणपत्र

(ग) नेपाली नागरिकताको प्रमाणपत्र

(घ) विभागले तोके बमोजिमको गुणस्तर खुलेको आधिकारिक पत्र र

(ङ) नियमावलीको अनुसूची-४ बमोजिमको निवेदनमा पाँच रुपैयाँको टिकट टासी एक सय रुपैयाँको नगदी रसिद काटी विभागको सिफारिस समितिको सचिवालयमा निवेदन दर्ता गराउनु पर्नेछ।

(२) निकासी वा पैठारीकर्ताले किटानी साथ कुन र कति पशु, पशुजन्य

पदार्थ तथा पशु उत्पादन सामाग्री कुन मितिसम्ममा कुन नाकाबाट ल्याउने हो सोको विवरण उक्त निवेदनमा खुलाउनु पर्नेछ ।

(३) समितिको बैठक बस्नु तीन दिन अगाडिसम्म दर्ता भएका निवेदनहरूलाई रीतपूर्वक भए नभएको जाँच गरी, सिफारिस समितिको सचिवालयले सिफारिस समितिमा पेश गर्नेछ सिफारिस समितिले सिफारिस दिने निर्णय गरेमा सिफारिस समितिको सचिवालयले बढीमा तीन महिनाको लागि संख्या, तौल, नाका र अवधि समेत तोकी सिफारिसपत्र तयार गरी उपरोक्त नाकाको भन्सार कार्यालय र पशु क्वारेन्टाईन कार्यालय/चेकपोष्टलाई बोधार्थ दिई सिफारिसपत्र प्रदान गर्नेछ ।

(४) सिफारिसपत्रको म्याद सकिएपछि पुनः अर्को सिफारिस पत्र लिनु पर्नेछ । अर्को सिफारिसपत्र लिंदा रीतपूर्वक को निवेदन दर्ता गराउनु पर्नेछ ।

(५) सिफारिसपत्र प्राप्त गरेपछि व्यक्ति वा संस्थाले विभागले तोकिदिएको मापदण्ड बमोजिम पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री निकासी पैठारी गर्न सक्नेछ ।

८. **अनुमतिपत्र लिन आवश्यक पर्ने कागजातहरूः**

जैविक पदार्थ, चल्ला, माछाका भुरा बिक्री वितरण गर्न वा मासु प्रशोधन गर्न चाहने व्यक्ति वा संस्थाले नियमावलीको अनुसूची-९ बमोजिमको अनुमति पत्र लिनु पर्नेछ । अनुमतिपत्र लिनको लागि निम्न कागजातहरू संलग्न गर्नु पर्नेछ :-

(क) उद्योग वाणीज्यमा दर्ता भएको प्रमाणपत्र

(ख) भ्याट/पान दर्ता प्रमाणपत्र

(ग) नागरिकताको प्रमाणपत्र

(घ) गुणस्तरको प्रमाणपत्र र

(ङ) व्यापारिक सम्झौतापत्र

९. **पोशाक लगाउनु पर्ने :**

क्वारेन्टाईनमा काम गर्ने अधिकृत तथा अन्य कर्मचारीहरूले ड्युटीमा रहँदा नियमावलीमा व्यवस्था भए बमोजिम मौसम अनुसार अनुसूची-११ बमोजिमको पोशाक अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

१०. **अन्तराष्ट्रिय मापदण्ड लागू हुने :**
पशु, पशु जन्य पदार्थ, पशु उत्पादन सामाग्री, जैविक पदार्थको निकासी वा पैठारी गर्दा यस निर्देशिकामा व्यवस्था गरिएको मापदण्डको अतिरिक्त विश्व पशु स्वास्थ्य संगठनले निर्धारण गरेको अनुसूची (१२ बमोजिमको अन्तराष्ट्रिय मापदण्ड समेत पूरा गरेको हुनु पर्नेछ।

११. **प्राविधिक प्रक्रिया तोक्न सक्ने :**
पशु क्वारेन्टाईनको क्षेत्रमा आवश्यकता अनुसारका अन्य प्राविधिक प्रक्रियाहरू विश्व पशु स्वास्थ्य संगठनको प्रावधान तथा मौजुदा ऐन नियमको प्रतिकुल नहुने गरी केन्द्रीय पशु क्वारेन्टाईन कार्यालयले तोक्न सक्नेछ ।

१२. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:**
विभागले यस कार्यविधिको अनुसूचीहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची–१

**(दफा ३ को खण्ड (ख) को उप खण्ड (३) संग सम्बन्धित)**

### प्यारेन्ट र कमर्सियल चल्ला पैठारीको लागि क्वारेन्टाइन मापदण्ड

(१) चल्लाको साथ अन्तर्राष्ट्रिय पशु स्वास्थ्य प्रमाणपत्र पेश गरिएको हुनुपर्छ ।

(२) चल्ला सिपमेन्ट भएको दिनमा कुनै रोगको लक्षण देखिएको हुनुहुदैन ।

(३) चल्ला उत्पादन भएको ह्याचरी र ब्रिडिङफार्म सालमोनेला पुलोरम, सालमोनेला ग्यालिनेरम, सालमोनेला इन्टेरीटडीस, सालमोनेला टाइफिमोरियम, माइकोप्लाज्मोसिस, चिकेन इन्फेक्सियोस एनिमिया, एभियन इन्सेफालोमाइलाईटिस, एभियन इन्ल्फूएन्जा, एडिनोभाइरस, रियोभाइरस, लिउकोसिस, मेरेक्स र इडिएस रोग मुक्त भएको हुनुपर्छ ।

(४) चल्ला उत्पादन गर्ने माउमा लगाउने गरेको भ्याक्सिनेसन सेड्युल समावेश गरिएको हुनुपर्छ ।

(५) चल्लामा पहिलो दिनमा मरेक्स रोगको रिस्पेन्स स्ट्रेन भ्याक्सिन लगाएको हुनु पर्नेछ। उपरोक्त भ्याक्सिन नलगाएको चल्लाहरूलाई ३ दिनभित्र उक्त

भ्याक्सिन लगाइ कम्तीमा २१ दिनसम्म बिक्री वितरण नगरी भेटेरिनरी निरीक्षक वा क्वारेन्टाइन अधिकृतको निगरानीमा तोकिएको ठाँउमा राख्नुपर्छ ।

(६) चल्लाको तौल कम्तिमा ३३ ग्रामको हुनुपर्छ ।

(७) चल्लाको जात र नश्ल स्पेसिफिकेसन अनुसार हुनुपर्छ ।

(८) चल्लाको मलद्वारमा सुलि र शरीरमा फोहर मैला नलागेका हुनुपर्छ।

(९) चल्ला फुर्तिलो र आँखा चम्किलो भएको हुनुपर्छ ।

**अनुसूची–२**

**(दफा ३ को खण्ड (ग) को उपखण्ड (२) संग सम्बन्धित)**

१. **पैठारीको लागि माछाको भुराको गुणस्तर मापदण्ड**

(क) माछाको भुरा भन्नाले नेपाल अधिराज्यमा मत्स्य पालनको लागि सिफारिस गरिएका मत्स्य अध्ययन, अनुसन्धान, स्टक इन्ह्यान्समेट (Stock Enhancement) तथा सौन्दर्यका लागि एक्वोरियम वा अन्यत्र सजाउने देहायको अवस्थाको मत्स्य बीजलाई सम्झनु पर्छ ।

१. भ्रूर्ण अवस्थाको फुल (Spawn),

२. ह्याचलिङ, गर्भेपोषण थैली (Yolk-sac) उपयोग भैसकेको र स्वतन्त्र रुपमा पानीमा तैरने क्षमता विकास हुँदै गरेको भुसुना माछा भुरा,

३. आंखा विकसित भएको भ्रूर्ण (Eyed-egg),

४. सानो माछा भुरा (Fry): सरदर २ ग्राम सम्म तौल भएको,

५. ठूलो माछा भुरा (Fingerling) सरदर २ देखि १० ग्रामसम्म तौल भएको,

६. वर्षे भुरा (Advanced Fingerling) सरदर १० ग्राम भन्दा माथि तौल भएको,

७. झिंगे माछा वर्ग (Crustacea) मा पर्ने भर्खर जन्मेका लार्भी अवस्था (Lerval) पार गरी सकेर वयस्क अवस्थाको शारिरीक विकास भैसकेको अवस्थाको भुरा ।

(ख) मत्स्य बीज एवं जिँउदो माछा पैठारी गर्दा अनुसूची-३ बमोजिमको अन्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

(ग) माछाको भुरा ढुवानीको लागि तयार गरिएको अवस्था सम्ममा कुनै रोगको लक्षण नदेखिएको हुनु पर्नेछ ।

(घ) माछा भुरा उत्पादन गर्ने मत्स्य ह्याचरी एवं मत्स्य नर्सरीसँग सम्वद अन्य संरचना (facilities) अनुसूची-३ बमोजिमको अन्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्रमा उल्लेख भएका माछाका रोगबाट मुक्त भएको हुनुपर्छ ।

(ङ) माछा भुराको जात र नश्ल प्रमाणित भएको हुनुपर्छ ।

(च) माछाको भुरा स्वस्थ, फुर्तिलो र आँखा चम्किलो भएको हुनुपर्छ ।

२. **पैठारी गरिने माछाको जाति सम्बन्धी मापदण्ड**

क) नेपालमा मत्स्य पालनकोलागि सिफारिस गरिएका देहायका जातिका माछा भुरा मात्र पैठारी गर्न पाइने छ। मत्स्य पालनकोलागि सिफारिस नभएका जात पैठारी एवं स्वदेशमा ओसार पसार र बिक्री गर्न पाइने छैन ।

नेपालमा मत्स्य पालनमा सिफारिस भएका माछाका जातहरू :-

(१) कमन कार्प (Cyprinus carpio)

(२) सिल्भर कार्प (Hypophthalmichthys molitrix)

(३) बिगहेड कार्प (Aristichthys nobilis)

(४) ग्रास कार्प (Ctenopharyngodan idella)

(५) रोहु (Labeo rohita)

(६) नैनी (Cirrhinus mrigala)

(७) भाकुरा (Catla calta)

(८) रेन्बो ट्राउट (Onchorhynchus mykiss)

(ख) मत्स्य विकास र विस्तारको लागि हाल अनुसन्धानका दृष्टिकोणले महत्वपूर्ण मानिएका देहाय बमोजिमका आयातित जातका माछाका भुरालाई अनुमतिपत्रका आधारमा पैठारी तथा निकासी, ओसार/पसार र बिक्री वितरण गर्न पाइनेछ ।

(१) तिलापिया जाति (Oriochromis nilotica)

(२) मागुर जाति (Clarias spec)

(३) झिंगे माछा जाति (Macrobrachium Species)

(४) पोठिया (Puntius gonionotus)

(५) पेंगासियस (Pangacius species)

## अनुसूची–३

### (दफा ३ को खण्ड (ग) को उपखण्ड (४) संग सम्बन्धित

### INTERNATIONAL AQUATIC ANIMAL HEALTH CERTIFICATE FOR LIVE FISH AND GAMETES

### LIVE FISH AND GAMETES

NOTE : Mark all the relevant items with a cross in the appropriate space

1. Identification

☐ Cultured Stock ☐ Wild Stock ☐ Fish ☐ Unfertilized egg

☐ Unfertilized egg ☐ Larvae

Species

Latin name :...................................................

Common name :............................................

Age (Years)

☐ Unknown ☐ 0± ☐ 1± ☐ 2± ☐ >2±

Total weight (kg) :............................................

or

Number (×10000) ............................................

2. Place of harvest
   a. Country :...........................................
   b. Zone :...........................................
   c. Aquaculture establishment/zone :
      i. Name :...........................................
      ii. Location:...........................................
3. Origin of consignment (if different from ii)
   a. Country :...........................................
   b. Zone :...........................................

c. Aquaculture establishment/zone :
   i. Name :...........................................
   ii. Location:...........................................

4. Destination
   1. Country :...........................................
   2. Zone :...........................................
   3. Aquaculture establishment/zone :
      a. Name :...........................................
      b. Location:...........................................
      c. Nature and identification of means of .........................

5. Declaration

I, the undersigned, certified that the live fish and/or fish larvae, fish gamete, ova and fertilized eggs in the present consignment have as their place of production a : country zone aquqculture establishment that has been subjected to an official fish health surveillance scheme according to the procedure described in OIE Diagnostic manual for Aquatic animal disease that the country, zone or aquaculture establishment identified in section 2 is officially recognized as being free from the p[athogen causing disease listedn in this aquatic code, as identified in the table below:-

| Name of diseases | Country | | Zone | | Aquaculture establishment | |
|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No |
| Epizootic haetopoitic necrosis | | | | | | |
| Infectoius haetopoitic necrosis | | | | | | |
| Oncorhynchus masou virus disease | | | | | | |
| Spring viraemia of carp | | | | | | |
| Viral haemorrhagic septicaemia | | | | | | |
| Channel catfish virus disease | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Viral encephalopathy and retinopathy | | | | | | |
| Infectious pancreatic necrosis | | | | | | |
| Infectious salmon anaemia | | | | | | |
| Epizootic ulcerative syndrome | | | | | | |
| Bacterial Kidney Disease (Renibacterium slamonimarum) | | | | | | |
| Enteric septicemia in cat fish | | | | | | |
| Piscirckettsiosis (Piscirckettsia salmonis) | | | | | | |
| Gyrodactylosis (Gyrodactylus salaries) | | | | | | |
| Red sea bream irridoviral disease | | | | | | |
| White sturgeon irridoviral disease | | | | | | |

Exporting Country :..................................................
Component Authority :...........................................

Stamp :

Date :...................................................
Issued at :...........................................
Name and address of certifying official:...........................................
Signature : ...........................................

IMPORTANT NOTE : This certificate must be completed no more than three days prior to shipment

अनुसूची–४

(दफा ३ को खण्ड (ग )को उपखण्ड (५) सग सम्बन्धित

## INTERNATIONAL AQUATIC ANIMAL HEALTH CERTIFICATE FOR DEAD UNVISCERATED FISH

### DEAD UNVISCERATED FISH

NOTE : Mark all the relevant items with a cross in the appropriate space

1. Dentification

☐ Cultured Stock ☐ Wild Stock

Species

Latin name :.........................................

Common name :..................................

Age (Years)

☐ Unknown ☐ 0± ☐ 1± ☐ 2± ☐ >2±

Total weight (kg) :.........................................

or

Number (×10000) .........................................

2. Place of harvest
   a. country: .........................................
   b. zone: .............................................
   c. Aquaculture establishment/zone :
      i. Name: .............................................
      ii. Location: .........................................
3 Origin of consignment (if different from ii)
   a. Country : .........................................
   b. Zone : .........................................
   c. Aquaculture establishment/zone :
      i. Name : .........................................
      ii. Location: .........................................
      iii. Nature and identification of means of .........................
      ..........................................................................................
4. Destination
   1. Country : .........................................

2. Zone : ..............................................
3. Aquaculture establishment/zone :
    a. Name : .........................................
    b. Location: .........................................
    c. Nature and identification of means of .........................
    ..........................................................................................

5. Declaration

I, the undersigned, certified that the live fish and/or fish larvae, fish gamete, ova and fertilized eggs in the present consignment have as their place of production a : country zone aquqculture establishment that has been subjected to an official fish health surveillance scheme according to the procedure described in OIE Diagnostic manual for Aquatic animal disease that the country, zone or aquaculture establishment identified in section 2 is officially recognized as being free from the p[athogen causing disease listedn in this aquatic code, as identified in the table below:-

| Name of diseases | Country | | Zone | | Aquaculture establishment | |
|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No |
| Epizootic haetopoitic necrosis | | | | | | |
| Infectoius haetopoitic necrosis | | | | | | |
| Oncorhynchus masou virus disease | | | | | | |
| Spring viraemia of carp | | | | | | |
| Viral haemorrhagic septicaemia | | | | | | |
| Channel catfish virus disease | | | | | | |
| Viral encephalopathy and retinopathy | | | | | | |
| Infectious pancreatic necrosis | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Infectious salmon anaemia | | | | | | |
| Epizootic ulcerative syndrome | | | | | | |
| Bacterial Kidney Disease (Renibacterium slamonimarum) | | | | | | |
| Enteric septicemia in cat fish | | | | | | |
| Piscirckettsiosis (Piscirckettsia salmonis) | | | | | | |
| Gyrodactylosis (Gyrodactylus salaries) | | | | | | |
| Red sea bream irridoviral disease | | | | | | |
| White sturgeon irridoviral disease | | | | | | |

Exporting Country :..................................................
Component Authority :............................................

Stamp :

Date :...................................................
Issued at :............................................
Name and address of certifying official:............................................
Signature : ...........................................
IMPORTANT NOTE : This certificate must be completed no more than three days prior to shipment

## अनुसूची–५
## (दफा ३ को खण्ड (ग) को उपखण्ड (६) संग सम्बन्धित)

## माछाको भुरा ढुवानी तथा प्याकिङ सम्बन्धी मापदण्ड

(१) माछाको भुरा ढुवानीकोलागि प्याकिङ गर्नु पूर्व भुराको अवस्था हेरी ८ देखि २४ घण्टा पहिले कन्डिसनिङ गराइएको हुनुपर्छ ।

(२) भुरा प्याकिङ गर्दा सफा र स्वच्छ पानीको प्रयोग गरिएको हुनु पर्छ ।

(३) प्याकिङ भएर आएको माछाको भुरामा स्वस्थ्य माछाको भुरामा हुनु पर्ने अवस्था विद्यमान भएको र रोग, परजीविका लक्षणहरू नदेखिएको हुनु पर्छ । कत्ला झरेको, पुच्छर वा पखेटा काटिएको, जीउमा ढुसी देखिएको, शरिरमा रक्तश्राव भएको, आँखा बाहिर निस्केको, शरीर बाङ्गो टङ्गो भएको, कत्ला उठेका, सेतो थोप्ला भएको आँखामा बादल लागेको, पेट फुलेको, पिंधमा पल्टेर बसेको, तैरने सन्तुलन गुमाएको, रंगमा फरक आदि आँखाले देख्न सकिने रोग वा परजीवीका लक्षण मुक्त भएको हुनु पर्छ ।

(४) माछाको भुरा ढुवानी गर्दा देहाय बमोजिम तीन प्रकारले प्याकिङ गरी ढुवानी गर्न सकिनेछः

(क) मुख खुल्ला भएको प्लाष्टिक वा धातुको भाँडामा एरियटर, अक्सिजन ग्यासको उपयोग गरेर वा नगरेर ।

(ख) प्लाष्टिकको ब्याग वा बन्द भाँडामा अक्सिजन ग्याँस पर्याप्त रहेको एअरटाइट अवस्थामा प्याक गरेर ।

(ग) आँखा विकसित भएको माछाको फुल (भ्थभ(भनन) लगायत अन्य मत्स्यजन्य जैविक वस्तु (Live genetic Material) लाई इनसुलेटड स्टाइरोफोमभित्र बरफमा प्याक गरेर ।

(५) भुरा प्याक भएको प्लाष्टिकको थैलोलाई प्वाल पर्न र अक्सिजन लिक हुनबाट बचाउन कार्डबोर्ड वा अन्य उपयुक्त भाडोभित्र राखेर ढुवानी गरिएको हुनु पर्छ ।

(६) माछाको भुरा ढुवानी भएको प्याकको भित्रपट्टी र बाहिरपट्टी पनि लेबल लागेको (भुरा प्याक भएको मिति, जात, साइज, संख्या समेत) खुलाईएको हुनु पर्छ ।

(७) लठ्याउने औषधि (Tranquilzer) प्रयोग गरी ढुवानी गरी ल्याएको भए प्रयोग भएको रसायन एवं सोको मात्रा उल्लेख भएको हुनु पर्छ ।

(८) खाद्य प्रयोजनको लागि मृत अवस्थाको सिंगो माछा (Dead Univicerated) बाट पनि मत्स्यजन्य रोग वा परजीवीको संक्रमण हुन सक्ने भएकोले त्यस्ता वस्तु पैठारी वा निकासी गर्दा अनुसूची-४ बमोजिमको मत्स्य स्वास्थ्य प्रमाणपत्र साथमा संलग्न रहनु पर्छ ।

**फाराम – १**

**अनुसूची-६**

**(दफा ३ को खण्ड (ग) को उपखण्ड (७) सग सम्बन्धित)**

**INTERNATIONAL AQUATIC ANIMAL HEALTH CERTIFICATE FOR LIVE MOLLUSCS AND GAMETES**

**LIVE MOLLUSCS AND GAMETES**

NOTE : Mark all the relevant items with a cross in the appropriate space

1. Identification

☐ Cultured Stock ☐ Wild Stock

Species

Latin name :................................

Common name :................................

Age (Years)

☐ Gamets ☐ Unknown ☐ >24 months ☐ 12-24 months

☐ 0-11 months ☐ Larvae

Total weight (kg) :................................

or

Number (×10000) ................................

2. Place of harvest

a. Country :................................

b. Zone :................................

c. Aquaculture establishment/zone :

i. Name :...................................
ii. Location:................................

3. Origin of consignment -if different from ii _
   a. Country :................................
   b. Zone :................................
   c. Aquaculture establishment/zone :
      i. Name :................................
      ii. Location:................................
      iii. Nature and identification of means of .........................
      ..........................................................................

4. Destination
   1. Country :................................
   2. Zone :................................
   3. Aquaculture establishment/zone :
      a. Name :................................
      b. Location:................................
      c. Nature and identification of means of .........................
      ..........................................................................

5. Declaration

I, the undersigned, certified that the live fish and/or fish larvae, fish gamete, ova and fertilized eggs in the present consignment have as their place of production a : country zone aquqculture establishment that has been subjected to an official fish health surveillance scheme according to the procedure described in OIE Diagnostic manual for Aquatic animal disease that the country, zone or aquaculture establishment identified in section 2 is officially recognized as being free from the p[athogen causing disease listedn in this aquatic code, as identified in the table below :-

| Name of diseases | Country | | Zone | | Aquaculture establishment | |
|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No |
| Infection with Bonamia exitiosus | | | | | | |
| Infection with Bonamia ostreae | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Infection with Haplosporidium nelson | | | | | | |
| Infection with Marteilla refrengens | | | | | | |
| Infection with Marteilla sydneyi | | | | | | |
| Infection with Mikrocytos mackini | | | | | | |
| Infection with roughleyi | | | | | | |
| Infection with Perkinsus Marinus | | | | | | |
| Infection with Perkinsus olsen/atlanticus | | | | | | |
| And any of the following if required by the importing country | | | | | | |
| Infection with candidates xenohaliotis californiensis | | | | | | |
| Infection with Haplosporidium costale | | | | | | |

Exporting Country :..................................................
Component Authority :............................................

Stamp :

Date :...................................................
Issued at :...........................................
Name and address of certifying official:...........................................
Signature : ...........................................
IMPORTANT NOTE : This certificate must be completed no more than three days prior to shipment

फाराम–२

अनुसूची–६

(दफा ३ को खण्ड (ग) को उपखण्ड (७) सग सम्बन्धित )

## INTERNATIONAL AQUATIC ANIMAL HEALTH CERTIFICATE FOR DEAD CRUSTACEANS

## DEAD CRUSTACEANS

NOTE : Mark all the relevant items with a cross in the appropriate space

1. Identification

☐ Cultured Stock ☐ Wild Stock

Species

Latin name :................................

Common name :................................

Age (Years)

☐ Fertilized eggs of nauplii ☐ postiarvae ☐ juneniles

☐ Broodstocks

Total weight (kg) :................................

or

Number (×10000) ................................

2. Place of harvest
   a. Country :................................
   b. Zone :................................
   c. Aquaculture establishment/zone :
      i. Name :................................
      ii. Location:................................
3. Origin of consignment (if different from ii)
   a. Country :................................
   b. Zone :................................
   c. Aquaculture establishment/zone :
      i. Name :................................
      ii. Location:................................

4. Destination
    1. Country :...............................
    2. Zone :...............................
    3. Aquaculture establishment/zone :
        a. Name :...............................
        b. Location:...............................
        c. Nature and identification of means of .........................
        ...........................................................................................

5. Declaration

I, the undersigned, certified that the live fish and/or fish larvae, fish gamete, ova and fertilized eggs in the present consignment have as their place of production a : country zone aquqculture establishment that has been subjected to an official fish health surveillance scheme according to the procedure described in OIE Diagnostic manual for Aquatic animal disease that the country, zone or aquaculture establishment identified in section 2 is officially recognized as being free from the p[athogen causing disease listedn in this aquatic code, as identified in the table below :-

| Name of diseases | Country | | Zone | | Aquaculture establishment | |
|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No |
| Taura syndrome | | | | | | |
| White spot disease | | | | | | |
| Yellow head disease | | | | | | |
| And any of the following if required by the importing country | | | | | | |
| Tetrahedral baculovirosis (Penaeus monodon type baculovirus) | | | | | | |
| Spherical baculovirosis (Penaeus monodon type baculovirus) | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Crayfish plague (Aphanomycos astaci) | | | | | | |
| Spawner-isolated mortality virus disease | | | | | | |

Exporting Country :.................................................
Component Authority :...........................................

Stamp :

Date :..................................................
Issued at :..........................................
Name and address of certifying official:...........................................
Signature : ..........................................
IMPORTANT NOTE : This certificate must be completed no more than three days prior to shipment

फाराम–३

अनुसूची–६

(दफा ३ को खण्ड (ग) को उपखण्ड (७) सग सम्बन्धित)

**INTERNATIONAL AQUATIC ANIMAL HEALTH CERTIFICATE FOR DEAD CRUSTACEANS**

**DEAD CRUSTACEANS**

NOTE : Mark all the relevant items with a cross in the appropriate space

1. Identification

☐ Cultured Stock ☐ Wild Stock

Species

Latin name M–--------------------------------
Common name M–---------------------------

Age (Years)

☐ Head on Animali ☐ Head off Animali ☐ Polled Animali

☐ Block frozen ☐ Individually quick frozen

☐ other processing method

Total weight (kg) :...............................

or

Number (×10000) ...............................

2. Place of harvest
   a. Country :...............................
   b. Zone :...............................
   c. Aquaculture establishment/zone :
      i. Name :...............................
      ii. Location:...............................
3. Origin of consignment (if different from ii)
   a. Country :...............................
   b. Zone :...............................
   c. Aquaculture establishment/zone :
      i. Name :...............................
      ii. Location:...............................
4. Destination
   1. Country :...............................
   2. Zone :...............................
   3. Aquaculture establishment/zone :
      a. Name :...............................
      b. Location:...............................
      c. Nature and identification of means of .........................
      ..........................................................................................
5. Declaration

I, the undersigned, certified that the live fish and/or fish larvae, fish gamete, ova and fertilized eggs in the present consignment have as their place of production a : country zone aquqculture establishment that has been subjected to an official fish health surveillance scheme according to the procedure described in OIE Diagnostic manual for Aquatic animal disease that the country, zone or aquaculture establishment identified in section 2 is officially recognized as being free from the p[athogen causing disease listedn in this aquatic code, as identified in the table below :-

| Name of diseases | Country | | Zone | | Aquaculture establishment | |
|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No |
| Taura syndrome | | | | | | |
| White spot disease | | | | | | |
| Yellow head disease | | | | | | |
| And any of the following if required by the importing country | | | | | | |
| Tetrahedral baculovirosis (Penaeus monodon type baculovirus) | | | | | | |
| Spherical baculovirosis (Penaeus monodon type baculovirus) | | | | | | |
| Crayfish plague (Aphanomycos astaci) | | | | | | |
| Spawner-isolated mortality virus disease | | | | | | |

Exporting Country :..................................................
Component Authority :............................................

Stamp :

Date :...................................................
Issued at :...........................................
Name and address of certifying official:............................................
Signature : ...........................................
IMPORTANT NOTE : This certificate must be completed no more than three days prior to shipment

## अनुसूची-७

### (दफा ३ को खण्ड (ग) को उपखण्ड (१० ) संग सम्बन्धित)

**माछा राख्नको लागि तोकिएको होल्डीङ ट्याक रहेको मत्स्य केन्द्रको विवरण**

- केन्द्रीय फिस हयाचरी, बालाजु, काठमाडौँ
- त्स्य विकास तथा तालिम केन्द्र जनकपुर, धनुषा
- मत्स्य विकास तथा तालिम केन्द्र भैरहवा, रुपन्देही
- मत्स्य विकास तथा तालिम केन्द्र गेटा, कैलाली
- मत्स्य विकास तथा तालिम केन्द्र शमशेरगंज, बांके
- मत्स्य विकास तथा तालिम केन्द्र फतेपुर, सप्तरी

**फाराम-१**

## अनुसूची-८

### (दफा ३ को खण्ड (घ) को उपखण्ड (६) संग सम्बन्धित

**चल्ला उत्पादन गर्ने अण्डाको लागि क्वारेन्टाइन मापदण्ड**

(१) अण्डाको श्रोत खुलेको अन्तर्राष्ट्रिय पशु स्वास्थ्य प्रमाणपत्र हुनुपर्छ ।

(२) अण्डा फर्टिलाईज्ड हुनुपर्छ ।

(३) अण्डा उत्पादन गर्ने माउ सालमोनेलोसिस, माइकोप्लाजमोसिस, चिकेन इन्फेक्सियस एनिमिया, इनसिफाइलोमाइलाईटिस, एभियन इन्फ्ल्यून्जा, एडिनो भाइरस, रियोभाइरस, ल्यूकोसिस, मरेक्स र एग ड्रप सिन्ड्रोम बाट मुक्त हुनु पर्छ ।

(४) अण्डा विश्व पशु स्वास्थ्य संगठनको मापदण्डमा तोकिए बमोजिम निःसंक्रमण गरिएको हुनुपर्छ ।

(५) अण्डाको साथमा निर्यात गर्ने देशको तोकिएको भेटेरीनरी अधिकारीले निरीक्षण गरेको प्रतिवेदन हुनुपर्छ ।

(६) अण्डाको सिपमेन्ट सफा र प्रयोग नगरेको प्याकेजमा हुनुपर्छ ।

(७) अण्डाको औशत तौल कम्तीमा ५० ग्रामको हुनुपर्छ ।
(८) अण्डा सफा, नटटेको र कडा खोल भएको हुनुपर्छ ।
(९) अण्डामा मासु र रगतको थोपा नलागेको हुनुपर्छ ।
(१०) अण्डाको पहेंलो र सेतो भाग नबिग्रिएको हुनुपर्छ ।
(११) अण्डाको उत्पादन मिति लेखिएको हुनुपर्छ र अण्डाको उमेर १ हप्ताभन्दा बढी हुनु हुंदैन ।
(१२) प्रत्येक पटक अण्डा ढुवानी गर्ने ट्रे नयाँ हुनुपर्छ ।

**फाराम–२**

**अनुसूची–८**

**(दफा ३ को खण्ड (घ) को उपखण्ड (६) संग सम्बन्धित**

**खाने अण्डा पैठारीको लागि क्वारेन्टाइन मापदण्ड**

(१) अण्डाको श्रोत खुलेको हुनुपर्छ ।
(२) अण्डा इन्फरटायल हुनु पर्छ ।
(३) अण्डा उत्पादन गर्ने माउ कुखुरामा सालमोनेला रोगमुक्त भएको प्रमाण पत्र समावेश भएको हुनुपर्छ ।
(४) अण्डा ग्रेडीङ गरिएको हुनुपर्छ ।
(५) अण्डा सफा, नफुटेको र कडा खोल भएको हुनुपर्छ ।
(६) अण्डामा मासु र रगतको थोपा तथा सुली नटाँसिएको हुनुपर्छ ।
(७) अण्डा भित्रको सेतो र पहेंलो भाग नबिग्रेको हुनुपर्छ ।
(८) अण्डा अफुलाटक्सिन मुक्त हुनु पर्नेछ अर्थात २५ पि.पि.वि.भन्दा बढी हुनु हुदैन ।
(९) अण्डालाई फोरेर हेर्दा सेतो र पहेंलो भाग मिसिएको हुनु हुँदैन ।
(१०) अण्डा उत्पादनको मिति लेखिएको हुनु पर्दछ र त्यसको उमेर १ हप्ता भन्दा बढी हुनु हुँदैन ।

## अनुसूची–९
## (दफा ४ को उपदफा (१) संग सम्बन्धित

| सि.नं. | पशु क्वारेन्टाइन कार्यालय र चेकपोष्ट | पशु रोगको नमुना परिक्षणको लागि सिफारिस गरिएका प्रयोगशालाहरू | |
|---|---|---|---|
| | | सम्पर्क गर्नु पर्ने प्रयोगशाला | रेफेरेन्स प्रयोगशाला |
| १. | काकड़भीट्टा | | |
| | क) पशुपतिनगर | जिल्ला पशु सेवा कार्यालय इलामको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, बिराटनगर |
| | ख) काकड़भीट्टा | जिल्ला पशु सेवा कार्यालय झापाको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, बिराटनगर |
| | ग) गौरीगन्ज | जिल्ला पशु सेवा कार्यालय झापाको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, बिराटनगर |
| २. | बिराटनगर | | |
| | क) रानी | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, बिराटनगर | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | ख) भन्टाबारी | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, बिराटनगर | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | ग) माडर | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |

| | | | |
|---|---|---|---|
| ३. | जनकपुर | | |
| | क) भिट्ठामोड | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | ख) मलंगवा | जिल्ला पशु सेवा कार्यालय सर्लाहीको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर |
| | ग) जठही | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| ४. | बिरगंज | | |
| | क) सिरसिया | जिल्ला पशु सेवा कार्यालय पर्साको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर |
| | ख) औरहिया | जिल्ला पशु सेवा कार्यालय पर्साको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर |
| | ग) पथलैया | जिल्ला पशु सेवा कार्यालय पर्सा वा मकवानपुरको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर |
| ५. | काठमाडौं | | |
| | क) रामनगर | जिल्ला पशु सेवा कार्यालय चितवनको प्रयोगशाला | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | ख) सिन्धुपाल्चोक | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |

| | | | |
|---|---|---|---|
| | ग) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| ६. | भैरहवा | | |
| | क) त्रिबेणी | जिल्ला पशु सेवा कार्यालय रुपन्देहीको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगाशाला, पोखरा र केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | ख) बेलहिया | जिल्ला पशु सेवा कार्यालय रुपन्देहीको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगाशाला, पोखरा र केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | ग) कृष्णनगर | जिल्ला पशु सेवा कार्यालय रुपन्देहीको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगाशाला, पोखरा रकेन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| ७. | नेपालगंज | | |
| | क) भंन्सार रोड, नेपालगन्ज | जिल्ला पशु सेवा कार्यालय बांकेको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगाशाला, सूर्खेत र केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |

| | | | |
|---|---|---|---|
| | ख) गुलरिया | जिल्ला पशु सेवा कार्यालय बांकेको प्रयोगशाला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगाशाला, सूर्खेत रकेन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| ८. | गड्डाचौकी | | |
| | क) गड्डाचौकी | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, धनगढी | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | ख) बेलौरी | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, धनगढी | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | ग) धनगढी | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, धनगढी | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |
| | घ) दार्चुला | क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, धनगढी | केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर |

## अनुसूची–१०
### (दफा ४ को उपदफा (४) सग सम्बन्धित

### जैविक पदार्थ परिक्षणको लागि आवश्यक पर्ने नमुना

<table>
<tr><th colspan="5">नियमित परिक्षणको लागि निम्न बमोजिम भाएल प्रति Serial नमुना बुझाउनु पर्दछ ।</th></tr>
<tr><td rowspan="2">१. रोग निदानका सामाग्रीहरू Colostrol whey products, एन्टीजन /टक्सवाइड, Pasteurella haemolytica र Haemophilus somnus भएका जीवाणु वा extract (चौपाया मात्र) बाहेक हरेक जैविक उत्पादनको हकमा</td><td>१० एम.एल भन्दा कम</td><td>१०-२० एम.एल</td><td>२१-१०० एम.एल</td><td>१०० एम.एल भन्दा बढी</td></tr>
<tr><td>१०</td><td>८</td><td>३</td><td>१</td></tr>
<tr><td>२. रोग निदानका सामाग्रीहरू (Diagnostic kit)</td><td colspan="4">कम्तिमा २ सेट सामाग्रीहरू</td></tr>
<tr><td>३. Colostrol whey product</td><td colspan="4">कम्तिमा ५ मात्रा</td></tr>
<tr><td>एन्टीजन रटक्सवाइड</td><td colspan="4"></td></tr>
<tr><td>Pasteurella haemolytica / Haemophilus somnus भएका जीवाणु वा extract (चौपाया मात्रा)</td><td colspan="4">नं.१ मा उलेखित भाएल संख्या बाहेक, बराबर मात्रामा Pre adjuvant material पठाउनु अनिवार्य हुनेछ</td></tr>
</table>

द्रष्टवय:

१. उत्पादक वा कार्यालयले कम्तीमा ६ महीना सम्म परीक्षणको लागि प्राप्त भएका नमुनाहरू मध्ये केही नमुनाहरू संचय गर्नु पर्नेछ । पुन: परीक्षण गर्नु परेमा यस नमुनालाई उपयोग गर्नु पर्नेछ ।

२. यसमा उल्लेख नभएका विषय वस्तुको OIE Technical manual मा उल्लेख भए बमोजिम हुनेछ ।

## अनुसूची–११
(दफा ९ सम्बन्धित)

### क्वारेन्टाइनका कर्मचारीले पर्ने पोशाक
### राजपत्रांकित श्रेणीको लागि राजपत्र अनंकित श्रेणीको लागि

| राजपत्रांकित श्रेणीको लागि | | | राजपत्र अनंकित श्रेणीको लागि | | |
|---|---|---|---|---|---|
| पोशाकको नाम | रंग र गुणस्तर | परिमाण | पोशाकको नाम | रंग र गुणस्तर | परिमाण |
| टोपी | कालो भादगाउँले | १ थान | टोपी | कालो भादगाउँले | १ थान |
| कमिज | अजुरे ब्लु (Azure blue) | २ थान | कमिज | स्मोक ग्रे (Smoke grey) | २ थान |
| पैन्ट | ओलिभ ग्रिन (Olive green) | २ थान | पैन्ट | लाईट ओलिभ ग्रिन (Light Olive green) | २ थान |
| कोट | डार्क ब्लु (Dark blue) | १ थान | स्विटर | डार्क ब्लु (Dark blue) | १ थान |
| जुत्ता | कालो छाला | १ जोर | जुत्ता | कालो छाला | १ जोर |
| मोजा | कालो | २ जोर | मोजा | कालो | २ जोर |
| पेटी | कालो, छाला १ इन्च | १ थान | पेटी | कालो, छाला १ इन्च | १ थान |
| टाइ | चंकिलो निलो | १ थान | टाइ | चंकिलो निलो | १ थान |

नोटः राजपत्राँकित प्रथम श्रेणीको लागि कोटको हकमा ग्रे कोट एक थान अन्य यथावत हुनेछ । महिला कर्मचारीको हकमा उपरोक्त रंग र गुणस्तर बमोजिम ब्लाउज, सारी र अन्यमा टोपी बाहेक माथि उल्लेख गरिए बमोजिमको पोशाक हुनेछ ।

## अनुसूची–१२
### (दफा १० संग सम्बन्धित)
### निकासी र पैठारीको लागि अपनाउनु पर्ने विश्व पशु स्वास्थ्य संगठनले निर्धारण गरेको अन्तराष्ट्रिय मापदण्ड

(१) पशु, पशुजन्य पदार्थ कुन देशको हो या कुन क्षेत्रको हो सो खुलाउनु पर्छ ।

(२) पैठारी गर्ने देशलाई आवश्यक परेको बायोलोजिकल परीक्षण, खोप लगाएको रेकर्ड र निसंक्रमण विधि आदि निर्यात गर्ने देशले उपलव्ध गराउनु पर्छ ।

(३) पशुलाई छड्नुभन्दा पहिले क्वारेन्टाइन स्टेसनमा पशु रोगी भए नभएको जाँच्नु पर्दछ, साथै इन्कुवेशन अवधिमा अवलोकन गरेर मात्र निरोगी ७हऋयाएमा छड्न सकिनेछ ।

(४) निकासी र पैठारी गर्ने देश तथा पक्षबीच कुन प्रयोजनको लागि पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री किनबेच गरिने हो, उनीहरूबीच सहमति भएको प्रमाणहरू पेश गरेको हुनु पर्छ ।

(५) सिमेन, भ्रुण, तथा चल्ला उत्पादन गर्ने अण्डा आयात गर्दा कुनै पनि देशको भेटेरिनरी अधिकारीले नियन्त्रण गरेको कम्पनीबाट उत्पादन भएका भ्रुण, सिमेन, चल्ला उत्पादन गर्ने अण्डा पैठारी गर्नु पर्छ । त्यसको लागि निगरानी गर्न भेटेरिनरी निरीक्षकले जाँच गरेको प्रमाणपत्र पेश गरेको हुनु पर्छ ।

(६) पशुहरूको निकासी र पैठारी गर्नु भन्दा २४ घण्डा अगाडिदेखि मात्र पशु स्वास्थ्य प्रमाणपत्र जारी गरेको हुनु पर्छ ।

(७) निकासी गर्ने देश नेपालमा नभएका सूचीकृत गर्नुपर्ने रोगबाट मुक्त भएको हुन पर्छ ।

(८) यदि टान्जिटमा कुनै सूचीकृत गर्नुपर्ने रोग देखा परेमा पैठारी गर्ने देशलाई तुरुन्त खबर गर्नु पर्छ।

(९) टान्जिटको फ्रन्टियर पोष्टमा कार्यरत भेटेरीनरी अधिकारीले क्वारेन्टाईन जाँच  गर्दा ढिलो नहुने गरी जाँच गरी दिने व्यवस्था गर्नु पर्दछ । सोको लागि निकासी र पैठारी गर्ने व्यक्ति तथा फर्मले भेटेरीनरी अधिकारीलाई सामान पैठारी भैरहेको सम्बन्धमा अग्रिम सूचना दिनु पर्नेछ । यसरी

अग्रीम सूचना नगरी पैठारी गर्ने पैठारीकर्ताको जाँच कार्यमा ढिलाई भएमा पैठारीकर्ता स्वयम् जिम्मेवार हुन पर्छ ।

(१०) भेटेरीनरी अधिकारीले सुचीकृत गर्नुपर्ने रोग तथा रोग सार्ने भेक्टरलाई बाहिर जानबाट बचाउन पर्छ ।

(११) पशु, पशुजन्य पदार्थ सँग विश्व पशु स्वास्थ्य संगठनले निर्धारण गरेको सेनेध्री प्रमाणपत्र उपलव्ध हुनु पर्छ ।

(१२) टान्जिट हुनु अघि पशु क्वारेन्टाइन चेकपोष्ट वा कुनै देशको फ्रन्टियर पोष्टलाई अग्रिम खबर गरेमा र उक्त चेकपोष्ट वा फ्रन्टियर पोष्टको भेटेरीनरी अधिकारीले स्वास्थ्यको कारणले नरोकेसम्म पशुलाई आवत जावत गर्न दिइने छ ।

(१३) पैठारी गर्ने देशमा कुनै सूचीकृत गर्नुपर्ने रोग छ भन्ने कुरा टान्जिट हुने देशले थाहा पाएमा पशुहरू उक्त देश भएर जान रोक लगाउन सक्नेछ ।

(१४) यात्रा गर्ने साधन शिल गरेको नभएमा टान्जिट देशको भेटेरीनरी अधिकारीले आवश्यक जाँचबुझ गर्न सक्नेछ । दोषी ठहरिएमा फिर्ता पठाउन सक्नेछ । यसो भएमा निकासी  गर्ने देशको भेटेरीनरी अधिकारीलाई तुरुन्त खबर गर्नु पर्छ ।

(१५) टान्जिट देशमा खाना र पानीको लागि पशुहरूलाई भेटेरीनरी अधिकारीको रेखदेखमा ओराल्न सकिन्छ तर अन्य देशका पशुसँग लसपस हुन दिनु हुदैन ।

(१६) टान्जिट देशमा गाडी वा रेलबाट यात्रा गर्दा जनावरको मलमुत्र वा जनावर फुत्कन सक्ने खालको हुनु हुदैन ।

(१७) टान्जिट गर्दा कुनै खास ठाँउमा मात्र पशुलाई पानी र दाना खुवाउन लाई उतार्न सकिने छ तर उक्त ठाँउ टान्जिट देशको आधिकारिक भेटेरिनरियनको प्रत्यक्ष निगरानीमा हुनु पर्नेछ ।

(१८) टान्जिट गर्ने देशका आधिकारीक भेटेरिनरियन र सिमानाको चेकपोष्टको आधिकारीक भेटेरिनरियनलाई कुन पशु कुन माध्यमबाट कसरी कुन नाका भएर कुन मितिमा देशभित्र प्रवेश गर्देछ र कुन मितिमा कुन नाकाबाध वाहिर जान्छ भन्ने कुरा समयमै अवगत गराउन पर्छ ।

(१९) यदि जाँच्दा सङ्क्रमण हुन सक्ने रोग भएको शंका लागेमा जहाँबाट ल्याएको हो त्यहीं फिर्ता लैजान सम्बन्धित पैठारीकर्तालाई भनिने छ ।

यदि फिर्ता लैजान सकिदैन भने नष्ट गर्नु अगाडि ल्याइएको देशको आधिकारिक भेटेरिनरियनलाई जानकारी गराइ फेरी प्रस्ट्याउन मौका दिइने छ  यदि संक्रमणयुक्त ठहरेमा खास प्रकृयाबाट नष्ट गरिनेछ ।

(२०) सिलवन्दी वस्तुको आवश्यक बाहिरी जाँच मात्र गरिनेछ ।

(२१) हवाइ यात्राबाट पशु वस्तु ल्याउँदा विमानमा गडवडी भइ आपतकालीन अवतरण गर्न परेमा नजिकको आधिकारीक भेटेरिनरियनलाई जति सक्दो चाडो जानकारी गराउन पर्नेछ ।

(२२) आपतकालीन अवतरण गरे पछि त्यहाका  पशुलाई विमान वाहिर जान दिइने छैन । सवै जाँच पडतालको प्रकृया पुरा गरेपछि मात्र बाहिर जान दिइनेछ । यदि जाँच पडतालको सुविधा नभएमा अन्यत्र विमानस्थलमा लग्नु पर्नेछ ।

(२३) आपतकालीन अवस्थामा यात्रु र पशु वस्तुको लागि विमानस्थल भित्रै क्याप्टेनले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

# माछा भुरा बारे मापदण्ड, २०६१

## पशु सेवा विभागको मिति २०६१।०५।२५ को निर्णय अनुसार स्वीकृत

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १८ एवम् र पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६, को दफा १७ बमोजिम गुणस्तर तथा मापदण्ड सम्बन्धी व्यवस्था अनुसार माछाको भुरा र सो को ढुवानीको साधनको गुणस्तर तथा मापदण्ड निम्न अनुसार तोकिएको छ ।

१. **विदेशबाट पैठारी गरिने माछाको भुराको गुणस्तरको मापदण्डः**

(क) माछाको भुरा भन्नाले नेपाल अधिराज्यमा मत्स्य पालनको लागि सिफारिस गरिएका मत्स्य अनुसन्धान, स्टक इन्ह्यान्समेन्ट (Stock Enhancement) एवम् सौन्दर्यको लागि एक्वोरियम वा अन्यत्र सजाउने निम्नलिखित अवस्थाको मत्स्य सबजलाई सम्झनु पर्दछ ।

१. भ्रुण अवस्थाको फुल (Spawn)

२. ह्याचलिङ्ग, गर्भे पोषण थैली (Yolk sac) उपयोग भैसकेको एवम् स्वतन्त्र रुपमा पानीमा तैरने क्षमता विकास हुदै गरेको भुसुना माछा भुरा

३. आँखा विकसित भएको भ्रुण (Eyed-egg)

४. सानो माछा भुरा (Fry) सरदर साइज २ ग्रामसम्म तौल भएको भुरा

५. ठुलो माछा भुरा (Fingerling) सरदर साइज २ देखि १० ग्रामसम्म तौल भएको भुरा

६. वर्षे भुरा (Advanced Fingerling) सरदर साइज १० ग्राम भन्दा माथि तौल भएको भुरा

७. झिंगे माछा वर्ग (Crustacea) मा पर्ने भरखर जन्मेका लार्भि अवस्था (Larval) पार गरि सकेर वयस्क अवस्थाको शारिरीक विकास भैसकेको अवस्थाको भुरा

(ख) मत्स्य विज एवं जिउदो माछा पैठारी गर्दा सो को साथमा आधिकारिक अर्न्तराष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्र साथमा संलग्न हुनु पर्नेछ ।

(ग) माछाको भुरा ढुवानीको लागि तयार गरिएकोअवस्था सम्ममा कुनै रोगको लक्षण नदेखिएको हुनु पर्दछ ।

(घ) माछाको भुरा उत्पादन गर्ने मत्स्य ह्याचरी एवं मत्स्य नर्सरीसंग सम्बद्ध अन्य संरचना (Facilities) संलग्न तालिका (१) मा उल्लेख भएका माछाको रोगबाट मुक्त भएको हुनु पर्दछ ।

(ङ) माछाको भुराको जात र नश्ल प्रमाणित भएको हुनु पर्दछ ।

(च) माछाको भुराको स्वस्थ्य, फुर्तिलो र आँखा चम्किलो हुनु पर्दछ ।

२. **विदेशबाट पैठारी गरिने माछाको जाति सम्बन्धी मापदण्ड :**

नेपालमा मत्स्य पालनको लागि सिफारिस गरिएका निम्न लिखित जातिका माछाको भुरा मात्र आयात गर्न पाईने छ। मत्स्य पालनको लागि सिफारिस नभएका जात वैदेशिक पैठारी एवं स्वदेशमा ओसार पसार र बिक्रि गर्न पाईने छैन ।

नेपाल मत्स्य पालनको लागि सिफारिस भएका माछाका जातहरू :

- कमन कार्प (Cyprinus carpio)
- सिल्भर कार्प (Hypothalmitchthys molitrix)
- बिगहेड कार्प (Aristichthys nobilis)
- ग्रास कार्प (Ctenopharyngodan idella)
- रोहु (Labeo rohita)
- नैनी (Cirrhinus mrigala)
- भाकुरा (Catla catla)
- रेन्वो ट्राउट (Onchorhynchus mykiss)

तर अनुसन्धान वा परीक्षणको लागि नेपाल सरकारको सम्बन्धित निकायको पुर्व स्वीकृतिमा जुन सुकै जातको माछाको भुरा पैठारी तथा निकासी गर्न यस मापदण्डले बन्देज गर्ने छैन ।

(ख) मत्स्य विकास र विस्तारको लागि हाल अनुसंन्धानका दृष्टिकोणले महत्वपुर्ण मानिएका तपसिल बमोजिमका आयातित जातका माछाका भुरालाई अनुमति पत्रका आधारमा पैठारी तथा निकासी, ओसार पसार र बिक्रि वितरण गर्न यस मापदण्डले बन्देज गर्न पाईनेछ ।

- तिलापिया जाति (Orichromis nilotica)
- मागुर जाति (Clarias species)
- झिंगे माछा जाति (Macrobrachium species)
- पोठीया जाति (Puntius goniotus)

- पेंगासियस (Pangacius species)

३. **माछाका भुरा पैठारी गर्ने नाका सम्बन्धी मापदण्ड :**

(क) नेपालमा मत्स्य पालनको लागि सिफारिस गरिएका जातका माछाका भुरा एवम् सौन्दर्यको लागि एक्वेरियम मा सजाउने उदेश्यले उष्ण जातिय माछा (Tropical species) विदेशबाट पैठारी गर्दा क्वारेनटाइन चेक पोष्टबाट मात्र आयात गर्न सकिनेछ ।

(ख) अनुसन्धान वा परीक्षणको लागि नेपाल सरकारको पुर्व स्वीकृतिबाट आयात गरिने नयाँ जातको माछाको भुरा अन्तर्राष्ट्रिय हवाई मार्गबाट नेपाल प्रवेश गराउन पाउने गरि नाका तोकिएकोछ ।

४. **माछाका भुरा ढुवानी तथा प्याकिङ्ग सम्बन्धी मापदण्ड**

(क) माछाका भुरा ढुवानीको लागि प्याकिङ्ग गर्न पुर्व भुराको अवसथा हेरि ८ देखि २४ घन्टा पहिले कण्डिसनिङ गराईएको हुनु पर्दछ ।

(ख) भुरा प्याकिङ्ग गर्दा सफा र स्वच्छ पानीको प्रयोग गरेको हुनु पर्दछ ।

(ग) प्याकिङ्ग भएर आएको माछाका भुरामा स्वस्थ माछाको भुरामा हुनु पर्ने सवै अवस्था विधमान भएको र रोग परजिवी का लक्षणहरू नदेखिएका हुनु पर्दछ  कत्ला झरेको, पुच्छर वा पखेटा काटिएको, जिउमा ढुसी देखिएको, शरीरमा रक्तश्राव भएको, आँखा बाहिर निस्केको, शरीर बांगो टिंगो भएको, कत्ला उठेको, सेतो थोप्ला भएको, आँखामा बादल लागेको, पेट फुलेको, पिंधमा पल्टेर बसेको, तैरने सन्तुलन गुमाएको, रंगमा फरक आदि आँखाले देख्न सकिने रोग परजिवीका लक्षण मुक्त भएको हुनु पर्दछ ।

(घ) माछाका भुरा ढुवानी गर्दा निम्न लिखित तीन प्रकारले प्याकिङ्ग गरि ढुवानी गर्न सकिनेछ ।

१. प्लाष्टिक वा धातुको मुख खुल्ला भएको भाडामा एरियटर अक्सिजन ग्याँसको उपयोग गरेर वा नगरेर ।

२. प्लाष्टिकको ब्याग वा बन्द भाँडामा अक्सिजन ग्याँस पर्याप्त रहेको एअरटाइट अवस्थामा प्याक गरेर ।

३. आँखा विकसित भएको माछाको फुल (Eyed egg) लगायत अन्य मत्स्यजन्य जैविक वस्तु (Live Genetic Material) लाई इन्सुलेटेड स्टाइरोफोरम भित्र बरफमा प्याक गरेर ।

४. भुरा प्याक भएको प्लाष्टिकको थैलालाई प्वाल पर्न र अक्सिजन लिक हुनबाट बचाउन कार्डबोर्ड वा अन्य उपयुक्त भाडो भित्र राखेर ढुवानी गरिएको हुनु पर्दछ ।

५. माछाका भुरा ढुवानी भएको प्याकको भित्रपट्टी र बाहिरपट्टी पनि लेबल लागेको (भुरा प्याक भएको मिति, जात, साईज, संख्या समेत) खुलाईएको हुनु पर्दछ ।

६. लठ्याउने औषधी (Tranquilizer) प्रयोग गरि ढुवानी गरि ल्याएको भए प्रयोग भएका रसायन एवं सोको मात्रा उल्लेख भएको हुनु पर्दछ ।

७. खाद्य प्रयोजनको लागि मृत अवस्थाको सिंगो माछा (Dead Unviscerated Fish) वा मत्स्यजन्य उत्पादित वस्तुबाट पनि मत्स्यजन्य रोग परजिवीको संक्रमण हुन सक्ने भएकोले त्यस्ता वस्तु पैठारी वा निकासी गर्दा पशु क्वारेन्टाइन कार्यविधि २०६४ को अनुसुचि ३ र ४ मध्ये उपयुक्तताको आधारमा कुनै अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको स्वास्थ्य प्रमाणपत्र साथमा संलग्न रहनु पर्नेछ ।

५. **अनुगमन एवं मुल्याङ्कन सम्बन्धी व्यवस्था :**

(क) पशु सेवा विभाग वा अन्तर्गतको यस विभागले तोकेको सम्बद्ध कार्यालय एवं मत्स्य विकास निर्देशनालय वा यसले तोकेको सम्बद्ध अनुसन्धान, शिक्षण संस्था, गैर सरकारी एवं अन्य कार्यालयको संयुक्त समन्वयमा माछा भुरा एवं मत्स्यजन्य सामग्री पैठारी हुने चेकपोष्टको स्थलगत अनुगमन गरिनेछ ।

(१) मत्स्यजन्य सामग्री पैठारी हुने पशु क्वारेन्टाइन कार्यालय/चेकपोष्टले सम्पन्न गरेको कार्यको जानकारी मासिक रुपमा मत्स्य विकास निर्देशनालयलाई पनि उपलब्ध गराउनु पर्नेछ ।

६. **पैठारी वा निकासीको लागि आवश्यक पर्ने मत्स्य स्वास्थ्य सम्बन्धि प्रमाणपत्रहरू OIE International Aquatic Animal Health Code (२००४ को खण्ड ६ मा उल्लेख भएका Aquatic Animal Health Certificates मा आधारित रहेको हनु पर्नेछ ।**

## अनुसूची–१

OIE मस्य आचारसंहिता २००४ (OIE Aquatic Animal Health Code-2004) मा तोकिए अनुसार Part 2 Diseases of Fish : Section 2.1 Diseases Listed by OIE मा उल्लेखित मध्ये खण्ड क मा उलेख भएका रोग लागेका माछाको भुरा पैठारी र बिक्रि वितरण गर्न पाइने छैन ।

खण्ड (क) Diseases of Fish listed by OIE

१. Epizootic haetopoitic necrosis
२. Infectoius haetopoitic necrosis
३. Oncorhynchus masou virus disease
४. Spring viraemia of carp
५. Viral haemorrhagic septicaemia
६. Channel catfish virus disease
७. Viral encephalopathy and retinopathy
८. Infectious pancreatic necrosis
९. Infectious salmon anaemia
१०. Epizootic ulcerative syndrome
११. Bacterial Kidney Disease (Renibacterium slamonimarum)
१२. Enteric septicemia in cat fish
१३. Piscirckettsiosis (Piscirckettsia salmonis)
१४. Gyrodactylosis (Gyrodactylus salaries)
१५. Red sea bream irridoviral disease
१६. White sturgeon irridoviral disease

## अनुसूची–२

नेपाल अधिराज्यमा तपसिल बमोजिमका ८ वटा पशु क्वारेन्टाइन कार्यालयहरू रहेका छन् । ति कार्यालय अन्तर्गत आवश्यकता अनुसार पशु क्वारेन्टाइन चेकपोष्ट र नाकाहरू संचालन गरिने छन् ।

| क्र.स. | पशु क्वारेन्टाइन कार्यालयको नाम | जिल्ला | कैफियत |
|---|---|---|---|
| १ | पशु क्वारेन्टाइन कार्यालय, काकरभित्ता | झापा | |
| २ | पशु क्वारेन्टाइन कार्यालय, विराटनगर | मोरङ | |
| ३ | पशु क्वारेन्टाइन कार्यालय, जनकपुर | धनुषा | |
| ४ | पशु क्वारेन्टाइन कार्यालय, वीरगन्ज | पर्सा | |
| ५ | पशु क्वारेन्टाइन कार्यालय, काठमाडौं | काठमाडौं | |
| ६ | पशु क्वारेन्टाइन कार्यालय, भैरहवा | रुपन्देही | |
| ७ | पशु क्वारेन्टाइन कार्यालय, नेपालगंज | बाँके | |
| ८ | पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी | कंचनपुर | |

## अनुसूची–३

## INTERNATIONAL AQUATIC ANIMAL HEALTH CERTIFICATE FOR LIVE FISH AND GAMETES

NOTE : Mark all the relevant items with a cross in the appropriate space

**1 . Identification**

☐ Cultured Stock ☐ Wild Stock ☐ Fish

**Species**

Latin name :..........................................

Common name :...................................

**Age (Years)**

☐ Unknown ☐ 0± ☐ 1± ☐ 2± ☐ >2±

Total weight (kg) :....................................

or

Number (×10000) ....................................

**2. Place of harvest**

a. Country :.........................................

b. Zone :.............................................

c. Aquaculture establishment/zone :

d. Name :............................................

e. Location:.........................................

**3. Origin of consignment (if different from ii)**

a. Country :.........................................

b. Zone :.............................................

c. Aquaculture establishment/zone :

d. Name :............................................

e. Location:.........................................

**4. Destination**

1. Country :..........................................
2. Zone :..............................................
3. Aquaculture establishment/zone :

a. Name :.............................................
b. Location:..........................................
c. Nature and identification of means of ...............................
.............................................................

**5. I, the undersigned, certified that the live fish and/or fish larvae, fish gamete, ova and fertilized eggs in the present consignment have as their place of production a : country zone Aquqculture that has been subjected to an official fish health surveillance scheme according to the procedure described in OIE Diagnostic manual for Aquatic animal disease that the country, zone or aquaculture establishment identified in section 2 is officially recognized as being free from the p[athogen causing disease listedn in this aquatic code, as identified in the table below M–**

| Name of diseases | Country | | Zone | | Aquaculture establishment | |
|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No |
| Epizootic haetopoitic necrosis | | | | | | |
| Infectoius haetopoitic necrosis | | | | | | |
| Oncorhynchus masou virus disease | | | | | | |
| Spring viraemia of carp | | | | | | |
| Viral haemorrhagic septicaemia | | | | | | |
| Channel catfish virus disease | | | | | | |
| Viral encephalopathy and retinopathy | | | | | | |
| Infectious pancreatic necrosis | | | | | | |
| Infectious salmon anaemia | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Epizootic ulcerative syndrome | | | | | | |
| Bacterial Kidney Disease (Renibacteriumslamonimarum) | | | | | | |
| Enteric septicemia in cat fish | | | | | | |
| Piscirckettsiosis (Piscirckettsia salmonis) | | | | | | |
| Gyrodactylosis (Gyrodactylus salaries) | | | | | | |
| Red sea bream irridoviral disease | | | | | | |
| White sturgeon irridoviral disease | | | | | | |

\Exporting
Country :....................................................................
Component Authority :.............................................
Stamp :

Date :..............................................

Issued at :..............................................

Name and address of certifying official:.............................

IMPORTANT NOTE : This certificate must be completed no more than three days prior to shipment

# मासु तथा मासुको परिकार आयात निर्यात मापदण्ड, २०६४
# (Standards for the import-export of meat and meat products, 2007)

(**पशु सेवा विभागको मिति २०६४/०५/१४ को निर्णय अनुसार स्वीकृत**)

**क्षेत्र (scope)**

विदेश वा स्वदेशमा उत्पादित गुणस्तरीय मासु र मासुको परिकारको आयात निर्यात, विक्री वितरण गर्न र स्वस्थकर पशुजन्य पदार्थ (मासु र मासुको परिकार) को प्रयोगबाट जनस्वास्थ्य संरक्षण गर्नका साथै खाद्य सुरक्षा गर्न आवश्यक भएकोले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १७ को अधिनमा रही पशु सेवा विभागले यो "मासु तथा मासुको परिकार आयात निर्यात मापदण्ड, २०६४" निर्धारण गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **सन्क्षिप्त नाम र प्रारम्भ :**

(१) यस मापदण्डको नाम "मासु तथा मासुको परिकार आयात निर्यात मापदण्ड, २०६४" रहने छ ।

(२) यो मापदण्ड नेपालका गैर सरकारी संघ र संस्था वा नागरिकले मासु र मासुको परिकार आयात निर्यात गर्दा समान रुपमा लागु हुनेछ ।

(३) यो मापदण्ड पशु सेवा विभागले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

(४) यो मापदण्ड नेपालभर लागु हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(१) "पशु" भन्नाले मासु खाने उद्येश्यले पालिएका जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्भनु पर्दछ र सो शब्दले पंक्षी समेतलाई जनाउदछ ।

(२) "पैठारीकर्ता" भन्नाले नेपालमा पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने संघ/संस्था वा व्यक्तिलाई सम्झनु पर्दछ ।

(४) "निकासीकर्ता" भन्नाले नेपालबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने संघ/संस्था वा व्यक्तिलाई सम्झनु पर्दछ ।

(५) "शीतभण्डार" भन्नाले उपयुक्त स्तरिय तापमान कायम गरी राख्ने भनी सम्झनु पर्दछ ।

(६) "क्वारेन्टाइन अधिकृत" भन्नाले नेपाल सरकारबाट तोकिएको पशुसेवा विभाग अन्तर्गतका क्वारेन्टाइन कार्यालय/चेकपोष्टहरूमा कार्यरत अधिकृतलाई सम्झनु पर्दछ ।

(७) "मासु" भन्नाले प्रशोधित वा अप्रशोधित खान योग्य सबै प्रकारका पशुबाट उत्पादित मासु (हाड भए/नभएको वा चिलिङ वा फ्रिजिङ गरिएको) र मासुको परिकारहरूलाई सम्झनु पर्दछ ।

(८) "कार्यालय" भन्नाले पशु सेवा विभाग अन्तर्गतको पशु क्वारेन्टाइन कार्यालयलाई सम्झनु पर्दछ ।

(९) "चेकपोष्ट" भन्नाले पशु क्वारेन्टाइन कार्यालय अन्तर्गतको पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनु पर्दछ ।

(१०) "विभाग" पशु सेवा विभागलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## मासु र मासुको परिकार ओसार पसार, निकासी पैठारी सम्बन्धि ब्यवस्था

३. **मासु र मासुको परिकारको निरीक्षण/परिक्षण गर्ने कार्यविधिः**

(१) निकासि गर्ने देशवाट जारी गरीएको प्रमाण पत्रमा उल्लेख भए अनुसार भौतिक स्वरूप भए नभएको जाँच गर्ने ।

(२) तौल, प्याकिङ, लेवुल तथा सिलवन्दि ठिक भए नभएको जाँच गर्ने ।

(३) शिलवन्दि ठीक नभएमा वासना, रंग एवं वस्तुको अवस्थाको परिक्षण गर्ने, अवशेष, संक्रमण गर्ने ।

तत्व तथा परिवर्तित संकेतको पहिचान गर्ने, उपयुक्त तापक्रममा रहे नरहेको पहिचान गर्ने .

(४) नमूना लिनु पर्दा कम्तीमा दश प्रतिशत प्याकेज तथा पार्सलवाट नमूना लिनु पर्नेछ । तर

क्वारेन्टाइन अधिकृतले आवश्यक देखेमा सो भन्दा वढि नमूना परिक्षण गर्न सक्नेछ ।

(५) प्रयोगशाला परिक्षणको नतिजा तुरून्त उपलब्ध हुन नसक्ने भएमा त्यस्तो नमूना संकलन गरि सके ।
पछि पैठारीकर्ताले प्रयोगशालाको परिक्षण प्रतिवेदन प्राप्त नभएसम्म विक्रि वितरण गर्न नपाउने गरी सोही व्यहोरा जनाइ छाप लगाइ छाडि दिनु पर्नेछ ।

४. **मासु र मासुको परिकार पैठारी गर्दा पालना गर्नुपर्ने शर्तहरू :**

**पैठारी:**

पैठारीकर्ताले मासु र मासुको परिकारहरू पैठारी गर्दा देहायका शर्तहरू पालना गर्नु पर्नेछ ।

(१) मासु र मासुको परिकारहरूको पहिचान चिन्ह, संख्या, तौल, किसिम संम्बन्धी विवरण पैठारी गर्दाको बखत क्वारेन्टाईन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) मासु र मासुको परिकारहरू पैठारी गर्दा प्रयोग गरिने सवारी साधन निःसंक्रमण गरिएको हुनु पर्नेछ ।

(३) मासु र मासुको परिकारमा पशुको किसिम अनुसार अनुसूची-५ मा उल्लेख भएका रोग तथा जुकाहरू र अन्तर्राष्ट्रिय मापदण्ड भन्दा बढी antibiotic residue level / aflatoxin level नभएको अन्तर्राष्ट्रीय स्यानिटरी प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

(४) यदि उग्राउने जनावर (Ruminants) बाट उत्पादित मासु वा मासुको परिकार हो भने पैठारी गर्न लागिएको मासु वा मासुको परिकार पशुजन्य प्रोटिन नखुवाईएको जनावरबाट उत्पादन गरिएको हो भनी आधिकारिक पशु चिकित्सकबाट प्रमाणित प्रमाण-पत्र सिमानाको पशु क्वारेन्टाईन चेकपोष्टमा पेश गर्नु पर्नेछ ।

(५) मासु पैठारीकर्ताले विभागबाट मान्यता प्राप्त वधशाला वा मासु प्रशोधन प्लान्टबाट वा गुड म्यानु फ्याक्चरिङ प्राक्टिस प्रमाण-पत्र प्राप्त वधशाला वा मासु प्रशोधन प्लान्टबाट मात्र मासु पैठारी गर्न

सक्नेछन ।

(६) पैठारी गर्न लागेको मासुमा कुनै अखाद्य रंग राख्न पाईने छैन ।

(७) पैठारी गरिने मासु र मासुका परिकारमा कुनै शंका लागेमा मासु उत्पादन गर्ने बधशाला, प्रशोधनशाला (Processing Plant), प्रशोधनको प्रकिृया र प्रशोधन सुविधाहरू निरीक्षण आवश्यकता अनुसार आयातकर्ताले आयात गरिने मुलुकको आधिकारीक पशु चिकित्सकबाट गराउनु पर्नेछ ।

(८) पशु स्वास्थ्य तथा जन-स्वास्थ्यमा प्रभाव पार्ने किसिमको रोग लागेमा वा फैलिएको मुलुकबाट मासु र मासुको परिकार आयात गर्न विभागले प्रतिबन्ध लगाउन सक्नेछ ।

(९) मासु वा मासुको परिकार आयात गर्दा शीतभण्डारयुक्त सवारी साधनमा उपयुक्त स्तरिय तापमान कायम गरी ढुवानी गराउनु पर्नेछ ।

**५. मासु र मासुको परिकार निकासी गर्दा पालना गर्नुपर्ने शर्तहरूः**

(१) मासु र मासुको परिकार निकासी गर्न चाहने संघ/संस्था वा व्यक्ति वा निकासीकर्ताले मासु र मासुको परिकारहरू निकासी गर्दा प्रयोग गरिने सवारी साधन निःसंक्रमण गराएको हुनु पर्दछ ।

(२) निकासी गर्न लागेको मासु र मासुको परिकारहरू आधिकारीक पशु चिकित्सकद्धारा परिक्षण गराउनु पर्नेछ र क्वारेन्टाईन अधिकृतले आवश्यक कागजात हेरी दुरूस्त पाईएमा निकासीको लागि अनुमति दिनु पर्नेछ ।

(३) मासु निकासीको लागि प्रयोग गरिने सेनिटरी प्रमाणपत्र पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को अनुसूचि–३ मा उल्लेख गरिएको "पशुको मासुको लागि सेनिटरी प्रमाण-पत्रको ढाँचा" (यस मापदण्डको अनुसूचि-४ मा उल्लेख) बमोजिम र आयात गर्ने देशको आवश्कता अनुसारको ढाँचा बमोजिम प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद – ३
## अनुमति पत्र सम्बन्धी व्यवस्था

६. **अनुमति पत्र लिनुपर्नेः**

(१) पशुस्वास्थ्य तथा पशु सेवा ऐन, २)५५ को दफा १८ र १९ को प्रयोजनको लागि नेपालमा मासु पैठारी गर्न चाहने संघ/संस्था वा व्यक्तिले एक सय रूपया दस्तुर सहित पशु सेवा विभागमा अनुसूची १ र २ मा उल्लेख भएको ढाँचामा आवेदन दिई अनुमति–पत्र लिनुपर्नेछ ।

(२) मान्यता प्राप्त (ख्बष्मि) स्यानिटरी इम्पोर्ट पर्मिट (Sanitary Import Permit) नभएको मासु र मासुको परिकार नेपालमा पैठारी गर्न पाईने छैन ।

(३) पैठारी गर्न लागेको मासुको जोखिम विश्लेषण (Risk Analysis) गर्दा पशु स्वास्थ्य तथा जन-स्वास्थ्यमा कुनै पनि हानी नोक्सानी हुदैन भनी अधिकार प्राप्त अधिकारीलाई प्रमाणित भएमा विभागले आवेदकलाई स्यानिटरी इम्पोर्ट पर्मिट (Sanitary Import Permit) उपलब्ध गराउनु पर्ने छ ।

(४) विभागका विशेषज्ञहरूले जोखिम विश्लेषणको कार्य निश्चित उत्पादन (Specific Product) र निकासी पैठारी गर्ने दुबै देशमा मौजुदा रोगको अवस्थाको आधारमा गर्नु पर्नेछ ।

(५) निर्धारित परिमाणको लागि पहिलो पटक दिएको अनुमति पत्र ६ (छ) महिनाको लागि मान्य (Valid) हुनेछ र पैठारीकर्ताको अनुरोधमा आधिकारिक व्यक्तिले अर्को ६ (छ) महिनाको लागि म्याद थप गरिदिन सक्नेछन ।

(६) क्वारेन्टाइन अधिकृतले मासु वा मासुको परिकार जाँच गर्दा शंका लागेमा उपयुक्त संख्यामा नमूना संकलन गरी तोकिएको प्रयोगशालामा पठाउनु पर्नेछ । नमूना संकलन गर्ने विधि अनुसूचि ३ मा दिईएको छ ।

७. **पैठारीकर्ताको दायित्व (Responsibilities of the Importer):**

(१) मासु र मासुको परिकार तोकिएको पशु क्वारेन्टाइन चेकपोष्टको बाटो भएर ल्याउने ।

(२) पशु क्वारेन्टाईन अधिकृतको रोवहरमा आवश्यकता अनुसार मासुको परिक्षण कार्यमा सहयोग गर्ने ।

(३) क्वारेन्टाइन अधिकृतको आदेश अनुसार मासु वा मासुको परिकारमा शंका लागेमा जाँच गराउने, सिल गर्ने वा तह लगाउने ।

## परिच्छेद -४
## विविध

८. **विविधः**

(१) पैठारी गरिएको मासु तथा मासुका परिकारमा कुनै एक पटकमा कुनै पनि कैफियत देखिएको भएमा पैठारीकर्ताले अर्को पटक देखि सुधार प्रकृया अपनाउनु पर्नेछ अन्यथा पैठारीको लागि सिफारीस गरिने छैन ।

(२) यस मापदण्डको उद्येश्य कार्यान्वयन गर्नको लागि मासु तथा मासुको परिकार पैठारी/निकासी सम्बन्धी कुनै पनि निर्देशन चेकपोष्ट/कार्यालयले दिन सक्नेछ । चेकपोष्ट/कार्यालयले दिएको यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित पैठारीकर्ता/निकासीकर्ताको कर्तव्य हुनेछ ।

## अनुसूची–१

## मासु वा मासुको परिकार पैठारी गर्नको लागि आवेदन पत्रको नमूना

(व्यक्तिगत उपभोगको लागि)

श्री महानिर्देशक ज्यू,
पशुसेवा विभाग,
हरिहरभवन ।

**विषयः पैठारी गर्न अनुमति/इजाजत पाउँ ।**

मैले/हामीले निम्न बमोजिमका मासु वा मासुका परिकार (पशुजन्य पदार्थ) पैठारी गर्न अनुमति/इजाजत पाउनका लागि यो आवेदन दिएको छु/छौ ।

निवेदकको :
नामथर :
दस्तखत :
पूरा ठेगाना :

**विवरण**

(१) पैठारी गर्न लागेको मासु र मासुको परिकारको नामः
(२) मासु/मासुको परिकारको संम्पूर्ण विवरण र परिमाणः
(३) मासु/मासुको परिकार प्राप्त गर्ने संघ/संस्था वा व्यक्तिको नाम र ठेगानाः
(४) पैठारीकर्ताको नाम र ठेगानाः
(५) मासु वा मासुको परिकार उत्पादन गर्नेको नाम र ठेगानाः
(६) कुन मुलुकबाट माल झिकाउन लागेकोः
(७) कुन ठाँउबाट माल चलानी हुनेः
(८) माल आईपुग्ने अनुमानित मितिः
(९) माल नेपाल भित्रिने नाकाको नामः
(१०) मालको गन्तव्य स्थानः

म/हामी घोषणा गर्छौं कि माथि उल्लेख गरिएका विवरण बिल्कुल सत्य छन्, झुट्टा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला । म/हामी Sanitary Import Permit र सो सम्बन्धी सबै शर्तहरू पालना गरी काम गर्नेछु/छौ ।

स्थान :
मिति :

## अनूसूची–२

## मासु वा मासुको परिकार पैठारी गर्नको लागि आवेदन पत्रको नमूना

(व्यापारिक/विक्री वितरणको लागि)

श्री महानिर्देशक ज्यू,
पशुसेवा विभाग,
हरिहरभवन ।

**विषयः पैठारी गर्न अनुमति/इजाजत पाउँ ।**

मैले/हामीले निम्न बमोजिमका मासु वा मासुका परिकार (पशुजन्य पदार्थ) पैठारी गर्न अनुमति/इजाजत पाउनका लागि यो आवेदन दिएको छु/छौ ।

निवेदकको :
नामथर :
दस्तखत :
पूरा ठेगाना :

**विवरण**

(१) पैठारी गर्न लागेको मासु र मासुको परिकारको नामः
(२) मासुको/मासुको परिकारको संम्पूर्ण विवरण र परिमाणः
(३) मासु/मासुको परिकार प्राप्त गर्ने संघ/संस्था वा व्यक्तिको नाम र ठेगानाः
(४) पैठारीकर्ताको नाम र ठेगानाः

(५) मासु वा मासुको परिकार उत्पादन गर्नेको नाम र ठेगाना::
(६) कुन मुलुकबाट माल झिकाउन लागेको:
(७) कुन ठाँउबाट माल चलानी हुने:
(८) माल आईपुग्ने अनमानित मितिः
(() माल नेपाल भित्रिने नाकाको नाम:
(!)) मालको गन्तव्य स्थान:

म/हामी घोषणा गर्छौं कि माथि उल्लेख गरिएका विवरण बिल्कुल सत्य छन्, झुट्टा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला । म/हामी Sanitary Import Permit र सो सम्बन्धी सबै शर्तहरू पालना गरी काम गर्नेछु/छौ ।

स्थान :
मिति :

## अनुसूची–३

## साल्मोनेला अनुगमन

कुनै पनि ताजा मासु/हाड हटाएको वा हाड नहटाएको वा चिलिङ वा फ्रिजिङ गरेको मासुमा साल्मोनेला भए/नभएको एकिन गर्नै पर्दछ । तसर्थ मासुमा जैविक परिक्षण (Microbiological Tests) गर्न अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नमूना संकलन गर्नु पर्दछ जुन निम्न बमोजिम छ :

**नमूना संकलन विधिः**

(१) पशु वधशालाबाट सिधा पठाइएको पूरै, आधा र चौथाई भाग शरीर भएको मासु (Carcass, half carcass and quarter carcass) भए :
   (क) सर्फेस स्वाबिङ मेथड (Surface Swabbing Method) बाट मासुको सतह र काटिएको भागबाट नमूना संकलन गर्नु पर्दछ ।
   (ख) रांगो/खसी/बोकाको पूरै मासुबाट स्वाब लिदा कम्तिमा खुट्टाको भाग, पेटको भाग (बिलप) र घाँटीको भागबाट लिनु पर्दछ । बंगुरको हकमा खुट्टा र घाँटीको भागबाट स्वाब लिनु पर्दछ । यो कार्य

गर्दा क्रस–कन्टामिनेसन (Cross Contamination) बाट बचाउन हातले मासुलाई सिधै नछोईकन जिवाणुरहित कटन स्वाब र धात'को धारिलो हतियार (Templates) को सहायताले गर्नु पर्दछ ।

(ग) नमूना लिदा मासुको २० X २० वर्ग सेन्टिमिटर (cm2) को सतहबाट २ वटा कटन स्वाब लिनु पर्दछ। जसमा पहिलो स्वाब लिदा पेप्टोन–पानीमा कटन स्वाब चोप्दै मासुको सतहमा धेरै पटक घोटी नमूना लिने र दोश्रो पटक चाही सुख्खा स्वाब दलेर नमूना लिने । त्यसपछि द'बै तरिकाबाट लिएको स्वाबलाई १०० मि.लि. पेप्टोन-पानीमा राखी लेबुल लगाउनु पर्दछ ।

(२) मासु प्रशोधन गरी स–साना टुक्राको रूपमा प्राप्त भएको भए :

(क) जिवाणुरहित कर्क बोरर (Cork Borer) को सहायताले मासुमा प्वाल पारी २५ वर्ग से.मी.को टुक्रा निकाल्नु पर्दछ ।

(ख) सकलित नमूनालाई नमूना संकलन गर्ने जिवाणुरहित भाडोमा वा सफा प्लाष्टिकको झोलामा राखी रोटरी होमोजिनाइजरको सहायताले एकनासको बनाउने ।

(ग) संकलित नमूना फ्रोजेन भए फ्रोजेन अवस्थामा र चिल्ड (Chilled) भए रेफ्रिजेरेटेड तापक्रममा कायम गरी तोकिएको प्रयोगशालामा पुऱ्याउनु पर्दछ ।

**नमूना संकलन गर्दा लिनुपर्ने मासुको नमूना संख्याः**

(१) पुरै वा आधा मासुबाटः

| माल (इकाई संख्या) | नमूना लिनुपर्ने संख्या |
|---|---|
| १–२४ | इकाई संख्याको बराबर तर बढीमा २० |
| २५–२९ | २० |
| ३०–३९ | २५ |
| ४०–४९ | ३० |
| ५०–५९ | ३५ |
| ६०–८९ | ४० |
| ९०–१९९ | ५० |
| २००–४९९ | ५५ |
| ५०० वा ५०० भन्दा बढी | ६० |

(२) चौथाई मासु वा स–साना टुक्रा मासुबाटः

| माल (प्याकिङ इकाई संख्या) | नमूना लिनुपर्ने प्याकिङ इकाई संख्या |
|---|---|
| १–२४ | इकाई संख्याको बराबर वा बढीमा २० |
| २५–२९ | २० |
| ३०–३९ | २५ |
| ४०–४९ | ३० |
| ५०–५९ | ३५ |
| ६०–८९ | ४० |
| ९०–१९९ | ५० |
| २००–४९९ | ५५ |
| ५०० वा ५०० भन्दा बढी | ६० |

तल लेखिएको गुणात्मक (Multiplication Factor) प्रयोग गरी प्याकेजिङ युनिटको तौलको आधारमा नमूना संख्या घटाउन सकिन्छ ।

| प्याकेजिङको युनिटको तौल | २० के.जी. भन्दा बढी | १०–२० के.जी. | १० के.जी. भन्दा घटी |
|---|---|---|---|
| गुणात्मक (Multiplication Factor) | x १ | x ३ र ४ | x १ र २ |

**नमूना परिक्षण गर्ने विधिः**

पशु क्वारेन्टाइन कार्यालय वा पशु क्वारेन्टाइन चेकपोष्टबाट प्राप्त भएका मासुको नमूना परिक्षण गर्नुपर्दा प्रयोगशालाले तोकेको विधि अनुसार परिक्षण गर्नु पर्दछ ।

**पैठारी गर्न लागेको माासु वा मासुको परिकारको साथमा हुनुपर्ने कागजातहरूः**

(१) International veterinary certificate for meat of domestic animals

(२) Sanitary import permit

(३) आधिकारीक पशु चिकित्सकबाट meat inspection गराएको certificate

(४) कुनै पनि अखाद्य coloring agent नराखेको प्रमाणपत्र

(५) ढुवानीको साधन निःसंक्रमण गरिएको र रेफ्रिजिरेटेड (उपयुक्त तापक्रम भएको) प्रमाण

(६) ढुवानी मासु उत्पादन स्थल देखि सिधै गन्तव्य स्थानमा पठाउन गरेको चलानी–पत्र

## अनुसूची–४

## MODEL INTERNATIONAL VETERINARY CERTIFICATE FOR MEAT OF DOMESTIC ANIMALS OF THE BOVINE, BUBALINE, EQUINE, OVINE, CAPRINE OR PORCINE SPECIES OR OF POULTRY

Exporting country:
Ministry
Department:
Province or District, etc.:

**I. Identification of the meat**

Type of portions of meat:
Type of package:
Number of objects or packages:
Net weight:

**II. Origin of the meat**

[1]Address/es and number/s of veterinary approval of the abattoir/s:

[1]Address/es and number/s of veterinary approval of the cutting-up establishment/s:

**III. Destination of the meat**

The meat is being sent from (place of dispatch):
to (country and place of destination):
Nature and identification of means of transport:
Name and address of exporter:
Name and address of consignee:

**IV. Attestation of wholesomeness**

The undersigned Official Veterinarian certifies that:

a. the meat[1], packages of meat[1] referred to above is/are stamped, thereby attesting that all the meat comes from animals or birds slaughtered in abattoirs;
b. the meat is considered to be fit for human consumption;
c. the meat was cut up in a cutting-up establishment;
d. the meat satisfies the following requirements[2]:

Official stamp:
Issued at ........................................ on
Name and address of Veterinarian:
Signature:

[1]Delete where not applicable.
[2]These conditions are agreed between the Veterinary Services of the importing and exporting countries in accordance with the options provided in this Terrestrial Code.

## अनुसूची–५
## मासु तथा मासुको परिकारमा हुन नहुने रोगका जिवाणु/विषाणु तथा जुकाहरू र अन्तर्राष्ट्रिय मापदण्ड भन्दा बढी हुन नहुने antibiotic residue / aflatoxin level

१. साल्मोनेला
२. ई.कोलाई
३. लिष्टेरिया
४. स्ट्रेप्टोकोकस
५. बी.एस.ई.
६. स्टाफाइलोकोकस
७. गौगोटी
८. फुट–रट
९. पट्के
१०. चिकेन इन्फेक्सीयस एनिमिया
११. टिनियासिस
१२. हाईडेटिडियासिस
१३. सिष्टीसर्कोसिस
१४. अन्तर्राष्ट्रिय मापदण्ड भन्दा बढी antibiotic residue level नभएको
१५. अन्तर्राष्ट्रिय मापदण्ड भन्दा बढी बाबितयहष्ल भिखर्भा नभएको
१६. पी पी आर
१७. एभियन इन्फ्यून्जा

# अनुसूची–६

## A. MICROBIAL SPECIFICATION OF FRESH AND RAW MEAT

| S.N. | Test | Satisfactory | Acceptable but investigate | Reject |
|---|---|---|---|---|
| 1 | Total Viable Count | < o=5 million/gm | > 0=5 million but < 2 million | > 2 million |
| 2 | Coliform | < 500 per gm | > 500 but < 5000 per gram | > 5000/gm |
| 3 | Salmonella | 0 per 25 gm | - | Positive in 25 gm |
| 4 | Shigella | 0 per 25 gm | - | Positive in 25 gm |
| 5 | Staphyllococcus (Coagulase Positive) | <100/gm | 100 - 1000/gm | > 1000/gm |

## B. RECOMMENDED MICROBIAL STANDARDS FOR MEAT AND MEAT PRODUCTS (PER GM COUNT)

| Meat Type | Total Viable Count | Coliform | Salmonella | Enterococci | Staph. aureus |
|---|---|---|---|---|---|
| Raw Type | 105 - 107 | 0 | 0 | 0 | 0 per 50 gm |
| Raw Poultry | Less than 105 | 0 | 0 | 0 | 0 |

# अण्डा ढुवानी तथा भण्डारण मापदण्ड, २०७१

**प्रस्तावनाः**

**नेपाल सरकार, पशु सेवा विभागबाट स्वीकृत**
मिति : २०७१।०६।२६

अण्डाको गुणस्तर, ह्याचिङ्ग क्षमता तथा जैविक सुरक्षामा प्रतिकुल असर पर्न नदिई स्वस्थ उत्पादनको उपलब्धता सुनिश्चित गरी खाद्य सुरक्षण, जनस्वास्थ्य संरक्षण तथा पोषण सुरक्षा गर्न अण्डाको व्यवस्थित ढुवानीको लागि पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १७ ले दिएको अधिकार प्रयोग गरी पशु सेवा विभागले देहायको मापदण्ड तयार गरेको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम "अण्डा ढुवानी तथा भण्डारण मापदण्ड, २०७१" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) "पन्छी" भन्नाले कुखुरा, हांस, वट्टाई, लौकाट, टर्की, अष्ट्रिच लगायतका अन्य घरपालुवा चरा समेत सम्झनु पर्दछ ।

(ख) "अण्डा" भन्नाले खाने, ह्याचिङ्ग, एस पि एफ (Specific Pathogen Free) र जैविकी प्रयोजनको लागी पन्छीबाट उत्पादत हुने अण्डा सम्झनु पर्दछ ।

(ग) "एस पि एफ अण्डा" भन्नाले अनुसूची - १ अनुसार रोग मुक्त प्रमाणित गरिएको अण्डा सम्झनु पर्दछ ।

(घ) "ह्याचीङ्ग अण्डा" भन्नाले निषेचित/भ्रुण सहितको चल्ला कोरल्ने प्रयोजनको लागि प्रयोग गरिने अण्डा सम्झनु पर्दछ ।

(ङ) "पन्छीजन्य पदार्थ" भन्नाले मानव उपभोगको लागि वा पन्छी दाना वा औषधि वा शल्यकृयामा प्रयोग गरिने वा कृषि र औद्योगिक प्रयोजनमा ल्याईने पन्छीबाट उत्पादित पदार्थ सम्झनु पर्दछ, एवं सो शब्दले पन्छीको वीर्य, डिम्व, भ्रुण, समेतलाई जनाउंछ ।

(च) "ढुवानी साधन" भन्नाले अण्डा ढुवानी गर्ने मानिस, साईकल, मोटर साईकल, गाडी (ट्याक्सी, कार, भ्यान, बस, ट्रक, पिकअप), हवाईजहाज, पानी जहाज, रेल आदी सम्झनु पर्दछ ।

(छ) "अण्डा ढुवानी" भन्नाले अण्डालाई संकलन, प्याकेजिङ्ग गरी ढुवानी साधनमा राखेर ढुवानी गर्ने प्रकृया सम्झनु पर्दछ ।

(ज) "अण्डा व्यवशायी" भन्नाले व्यवशायीक रुपमा अण्डा उत्पादन गर्ने वा खरीद गरी ढुवानी गर्ने गराउने ब्यक्ति वा अण्डाको स्वामित्ववालाले जिम्मा दिएको व्यक्ति/संघ/संस्था सम्झनु पर्दछ ।

(झ) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्दछ ।

(ञ) "निरीक्षक" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ बमोजिम तोकिएको भेटेरिनरी निरिक्षक, कार्यालय प्रमुख वा क्वारेन्टाइन अधिकृत सम्झनु पर्दछ ।

(ट) "अनुगमनकर्ता" भन्नाले विभाग वा जिल्ला पशु सेवा कार्यालयले तोकेको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(ठ) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ सम्झनु पर्दछ ।

(ड) "क्रेट" भन्नाले सुरक्षित तरिकाले अण्डा ढुवानी तथा भण्डारण गर्नको लागी प्रयोग गरिने कागज, पोलिस्टरिन, थर्मोकोल वा प्लास्टिकबाट निर्मित ट्रे सम्झनु पर्दछ ।

(ढ) "ग्रेडिङ्ग" भन्नाले स्वच्छता, निश्चित तौल तथा आकारका आधारमा अण्डा लाई अनुसुची– २ बमोजिम गरिएको बर्गीकरण सम्झनु पर्दछ ।

(ण) "संक्रमण" भन्नाले हानिकारक सूक्ष्म जीवहरुको बृद्धि वा लसपसका कारण अण्डा, पन्छी, खोर तथा मानिसहरुमा सर्ने रोग वा संक्रमणलाई जनाउदछ ।

(त) "जैविक पदार्थ (वायोलोजिकल्स)" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी, खोप वा जैविक रसायन सम्झनु पर्दछ ।

(थ) "जैविक सुरक्षा" भन्नाले सुक्ष्मजीवहरुको मानव, फार्म, अण्डा तथा वातावरण आदिमा संक्रमण फैलिन नदिन अपनाइएका उपायहरु सम्झनु पर्दछ ।

(द) "विषादी" भन्नाले विभिन्न प्रयोजनको लागी प्रयोग हुने किटनाशक र वाह्य परजीवि नाशक भेटेरिनरी औषधि तथा रसायनलाई जनाउंदछ ।

# परिच्छेद – २

## अण्डा ढुवानी तथा भण्डारण सम्बन्धी व्यवस्थाः

**३. अण्डा ढुवानी, प्याकिङ्ग तथा भण्डारण गर्दा अपनाउनु पर्ने प्रावधानः**

(१) ढुवानीकर्ता तथा कामदारलाई अण्डा ढुवानी, प्याकिङ्ग तथा भण्डारण गर्दा अपनाउनु पर्ने सावधानी सम्बन्धि जानकारी भएको हुनु पर्नेछ । अण्डालाई प्याकिङ्ग तथा भण्डारण गर्ने र सवारी साधनमा उकाल्न तथा ओराल्न सुविधाजनक व्यवस्था भएको हुनु पर्नेछ ।

(२) अण्डा संकलन, ग्रेडिङ्ग, प्याकिङ्ग, भण्डारण तथा ढुवानी गर्ने अवस्थामा संक्रमण न्यून गर्न छुट्टै कपडा तथा जुत्ताको प्रयोग गरी जैविक सुरक्षा अपनाउनु पर्नेछ ।

(३) निसंक्रमण गरिएको साधनमा मात्र अण्डा ढुवानी गर्नु पर्नेछ र ढुवानीको लागी प्रयोग गरिएको साधन प्रयोग पश्चात सफा र निसंक्रमण गर्नु पर्नेछ ।

(४) अण्डालाई ढुवानी गर्ने साधनमा राखेर स्थलमार्ग, जलमार्ग वा हवाईमार्गबाट ढुवानी गर्नु पर्नेछ ।

(५) चर्केको, फर्टाईल तथा फोहर टाँसिएको अण्डालाई स्वस्थ अण्डासँग मिसाई ढुवानी गर्न पाइने छैन ।

(६) सुली, दाना, तथा फोहर टाँसिएको अण्डा पूर्ण रुपमा सफा गरे पश्चात मात्र ढुवानी गर्नु पर्नेछ ।

(७) चर्केको अण्डालाई ढुवानी गर्नु पर्दा जति सक्दो चाँडो प्रशोधन वा प्याकेजिङ्ग गर्न फार्म देखी प्रशोधन स्थल सम्म ढुवानी गर्नु पर्नेछ ।

(८) अण्डामा जीवाणु, विषाणु तथा ढुसी (माइक्रोअर्गानिज्म ग्रोथ) उत्पन्न हुन नदिन संकलन, ग्रेडिङ्ग, प्याकिङ्ग, भण्डारण र ढुवानी गर्दा आवश्यकता तथा अण्डाको प्रयोग अनुसार अण्डा राखेको स्थानमा तापक्रम बढिमा १८° सेल्सियस, सापेक्षिक आद्रता ७०-८५% र अण्डा उत्पादन भएको ७ दिन भित्रको हुनु पर्नेछ ।

## ४. अण्डा संकलन गर्ने उपकरण :

(१) अण्डा संकलन, ग्रेडिङ्ग गर्ने उपकरणहरु विषादीमुक्त हुनु पर्नेछ ।

(२) अण्डा संकलन, ग्रेडिङ्ग गर्ने उपकरणहरुको नियमित मर्मत संभार गरी सुचारु हालतमा राख्नु पर्नेछ ।

(३) अण्डा संकलन, ग्रेडिङ्ग गर्ने उपकरणहरु सधैं सफा र निसंक्रमण गरेको हुनु पर्नेछ ।

(४) पुनः प्रयोग गर्न नमिल्ने प्रकारका उपकरण तथा ट्रेहरु पुनः प्रयोगमा ल्याउन पाईने छैन ।

(५) पुनः प्रयोग गर्न मिल्ने अण्डाको ट्रे प्रयोग गर्दा प्रत्येक पटक प्रयोग गरे पश्चात सफा गरि निसंक्रमण गरेर मात्र गर्नु पर्नेछ ।

## ५. प्याकिङ्ग तथा भण्डारणः

(१) अण्डा प्याकिङ्ग तथा भण्डारण गर्दा अण्डामा क्षति नपुग्ने गरि गर्नु पर्नेछ ।

(२) प्याकिङ्ग तथा भण्डारण गर्दा मानव स्वास्थ्यको लागि जोखिम हुने खालका औजार तथा  उपकरणहरु (पिन, किला, कांटा, धारिलो उपकरण) प्रयोग गर्न पाईने छैन ।

(३) एक पटकमात्र प्रयोग गरिने वा पुनः प्रयोग गर्न नमिल्ने प्याकिङ्गका सामानहरु पुनः प्रयोगमा ल्याउन पाईने छैन ।

(४) अण्डा प्याकिङ्ग गरेको प्याकेट बाहिर अनुसूची- ३ को चेकलिष्टमा भए बमोजिमको विवरण उल्लेख हुनु पर्नेछ ।

(५) स्थायी रुपमा प्रयोगमा आउने औजार तथा उपकरणहरु खिया नलाग्ने, सजिलै सफा तथा निसंक्रमण गर्न सकिने खालको हुनु पर्नेछ ।

(६) अण्डा भण्डारण गर्दा तोकिए बमोजिमको तापक्रम कायम गर्नु पर्नेछ साथै सफा गर्नको लागि अण्डामा पानी प्रयोग गर्न वा भिजाउन पाईने छैन ।

## ६. ढुवानी प्रकृया तथा साधनः

(१) अण्डा ढुवानी गर्दा अण्डामा क्षती नपुग्ने तथा संक्रमण नहुने तरिका अपनाउनुपर्नेछ ।

(२) अण्डा ढुवानी गर्दा संक्रमण हुन र फैलिन नदिन मानिस तथा ढुवानी साधनको नियन्त्रित आवत जावतको व्यवस्था हुनु पर्नेछ ।

(३) विभिन्न फार्म तथा स्थानहरुबाट अण्डा संकलन तथा ढुवानी गर्दा ढुवानीका साधन तथा औजारहरु नियमित रुपमा निसंक्रमण गर्नु पर्नेछ ।

(४) अण्डाको स्वच्छता कायम गर्न अण्डा ढुवानी गर्ने सवारी साधनको अण्डा राख्ने स्थानमा धुलो पस्न नमिल्ने व्यवस्था भएको हुनु पर्नेछ ।

(५) अण्डा ढुवानी गर्दा व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१ को अनुसूची- १० र अनुसूची- ११ बमोजिमका प्रावधान पालना गरिएको हुनु पर्नेछ ।

(६) हवाई मार्गबाट अण्डा ढुवानी गर्दा अन्तर्राष्ट्रिय हवाई ढुवानी संस्था (IATA) ले निर्धारण गरेको मापदण्ड अनुरुप हुनु पर्नेछ । अण्डा पैठारी गर्दा अनिवार्य रुपमा आधिकारिक निकायबाट जारी गरिएको स्वच्छताको प्रमाणपत्र (Sanitary Certificate) साथमा हुनु पर्नेछ ।

(७) बढी तापक्रम भएको अवस्थामा अण्डा ढुवानी गर्दा तापक्रम कम हुने समयमा मात्र गर्नु पर्नेछ ।

(८) अण्डा ढुवानी गर्दा नहल्लिने गरी गर्नु पर्नेछ । साइकल, मोटरसाइकल वा रिक्साबाट ढुवानी गर्दा अण्डाको ट्रे वा क्रेट राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(९) अण्डा ढुवानी गर्दा पशुपन्छी, पशुपन्छीजन्य पदार्थ वा पशुपन्छीजन्य उत्पादन सामग्री एकै साधनमा ढुवानी गर्न पाइनेछैन ।

(१०) साइकल, मोटरसाइकल वा रिक्साबाट अण्डा ढुवानी गर्दा स्थानीयस्तरमा वढीमा १० कि. मि. को दुरी भित्र अण्डाको गुणस्तरमा परिवर्तन नहुने गरी सुरक्षित साथ गर्नु पर्नेछ ।

# परिच्छेद – ३

## ७. अनुगमन/निरिक्षण

(१) निरीक्षण वा अनुगमनको शिलशिलामा खटिएको निरीक्षक वा अनुगमनकर्तालाई सम्बन्धित ढुवानीकर्ताले निरीक्षण वा अनुगमन कार्यमा सहयोग गर्नु पर्नेछ । अनुगमन निरीक्षणको कार्यमा वाधा व्यवधान खडा गरेमा प्रचलित ऐन नियम बमोजिम कारवाही हुनेछ ।.

(२) अण्डा ढुवानी गर्दा दर्तावाल पशु चिकित्सकले जारी गरेको अनुसूची -४ बमोजिमको प्रमाणपत्र अनिवार्य रुपमा साथमा भएको हुनु पर्नेछ ।

(३) अण्डा ढुवानी मार्गमा रहेका पशु क्वारेन्टाईन चेकपोष्ट, जिल्ला पशु सेवा कार्यालय वा पशु सेवा केन्द्रले अण्डा ढुवानी गर्ने सवारी साधनमा अनुसूची -५ बमोजिम रुजु गर्नु पर्नेछ ।

(४) सुपरिवेक्षण तथा अनुगमन गर्दा मापदण्डमा उल्लेखित प्रावधानहरुको पालना भए नभएको हेर्नु पर्नेछ ।

# अनुसूची–१

(दफा २ को (ग) संग सम्बन्धित )

एस. पि. एफ. अण्डा निम्न सूक्ष्मजीव मुक्त हुनु पर्नेछ ।

| Pathogen |
|---|
| Avian adenovirus |
| Avian encephalomyelitis virus |
| Avian infectious bronchitis virus |
| Avian infectious laryngotracheitis virus |
| Avian leukosis virus |
| Avian nephritis virus |
| Avian paramyxo virus type |
| Avian reo viruses |
| Avian reticulo-endotheliosis virus |
| Chick anaemia virus |
| Fowl pox virus |
| Haemagglutinating avian adeno virus (Egg Drop Syndrome-76 virus) |
| Infectious bursal disease virus |
| Influenza virus type A |
| Marek's disease virus |
| Newcastle disease virus |
| Turkey viral rhinotracheitis virus (avian pneumo virus) |
| Turkey herpes virus |
| Mycoplasma spp |
| Salmonella pullorum |
| Ornithobacterium rhinotracheale |
| Salmonella gallinarum (Fowl typhoid) |
| Salmonella spp |
| Haemophilus paragallinarum |
| Avian Tuberculosis |

# अनुसूची–२

(दफा २ को (ढ) संग सम्बन्धित )

**अण्डाको ग्रेडिङ्ग**

| गुण | क | ख | ग |
|---|---|---|---|
| **गुणस्तर** | **राम्रो गुणस्तर** | **मध्यम गुणस्तर** | **कम गुणस्तर** |
| बोक्रा | सफा | सफा भएता पनि थोरै मात्रामा माटो वा फोहर टाँसिएको | सफा नभएको तथा फोहर तथा रगत टाँसिएको |
| | नचर्केको | नचर्केको | चर्केको |
| | चिप्लो सतह | खस्रो सतह हुन सक्ने | खस्रो सतह |
| | साह्रो | साह्रो | नरम हुन सक्ने |
| आकार | साधारण आकार (एक छेउ अर्को छेउ भन्दा ठूलो) | साधारण आकार ( एक छेउ अर्को छेउ भन्दा ठूलो) | आकार अलि असाधारण |
| तौल | ५५–६५ ग्राम | ४२–५५ ग्राम सम्म वा ६५ ग्राम भन्दा बढी | ४२ ग्राम भन्दा कम |
| अण्डाको पहेंलो | एउटा मात्र हुने | एउटा मात्र हुने | पहेंलो नहुने वा सानो हुने वा दुई वटा हुने |

(एस. पि. एफ. अण्डाको हकमा यो प्राबधान लागुहुने छैन)

# अनुसूची -३

(दफा ५ को उपदफा (४) संग सम्बन्धित )

अण्डाको प्याकिङ्गमा उल्लेख गर्नु पर्ने विवरण

चेकलिष्ट

१. अण्डा उत्पादन गर्ने फार्मको नाम तथा ठेगानाः

२ अण्डाको किसिम : ................

३. अण्डा पारेको मितिः  देखि........... सम्म.......

४ संख्या/परिमाण .............. पोका/क्रेट .............

५.अण्डा प्याक गरेको मिति, स्थान र समय : ..... ..... ...... ........

# अनुसूची -४

(दफा ७ को उपदफा (२) संग सम्बन्धित )

## अण्डाको आन्तरिक ओसार प्रसार तथा विक्री वितरणको लागी जारी हुने भेटेरिनरी प्रमाणपत्र

प्र.पत्र नंम्बरः .........

मितिः...... .......

(देशभित्र संम्बन्धित ह्याचरी र फार्म/उद्योगका अण्डा विक्री वितरण गर्ने उद्देश्यको लागी जारी गरिएको प्रमाणपत्र )

(क) उत्पत्ती/उद्गमस्थलको प्रमाणपत्र ( ह्याचरी र फार्म/उद्योगद्वारा घोषणा गरिने )

म ...... ........... ...... ...... उत्पादक/वितरक यो विश्वास दिलाउँछु कि, क.३ मा उल्लेखित पशु पशुजन्य पदार्थहरु मेरो ह्याचरी र फार्म/उद्योगमा उत्पादित वस्तु हुन् जुन नियमित रुपमा निरिक्षण गरिन्छन् । अण्डा देश भित्र ओसार/प्रसारका शर्तहरु मलाई ज्ञात छ र यो घोषणा गर्दछु कि मैले जाने बुझे सम्म यस फाराममा भरिएका सबै विवरणहरु सत्य/तथ्य छन् ।

| छाप |
| --- |
| |

ह्याचरी/फार्म/उद्योगको नाम र ठेगाना : ...... ..... .... ... ...

टेलिफोन /फ्याक्स : ........... ..........    मोबाईल नं.: ....... ........

मिति (वर्ष /महिना/दिन ): ... ...... ...... ...  दस्तखत : ........ ...... ....

**क-१**

पाउनेको नाम ठेगाना : ..... .... .... ...

टेलिफोन /फ्याक्स : ............. ........ मोबाईल नं.: ....... ........

**क-२**

पठाउनेको नाम ठेगाना : ..... .... .... ...

टेलिफोन /फ्याक्स : ........... ........ मोबाईल नं.: ....... ........ .... ....

**क-३**

(१) अण्डाको विवरण : अण्डाको किसिम : ............ .......

संख्या / परिमाण ............ पोका /बाकस संख्या ........... ........,

अण्डा पारेको मितिः ........... . अण्डा पार्ने कुखुराको उमेर,संख्या र स्वास्थ्य : .... . /..../....

(२) बिल नं.: ................

(३) गन्तब्य स्थल : ....... ...... ....... ..

(मार्फत) .......... ...... ..... ..

(३) सवारी साधनको प्रकृति र पहिचान ... ... ... ... .. गाडी नं. : ....

## (ख) भेटेरिनरी प्रमाणपत्र :

(ओसार / प्रसार गर्नु पूर्व बढीमा २४ घण्टा अगावै दिईने भेटेरिनरी प्रमाणिकरण)

म ..... .... ..... ... .. . ., दर्तावाल पशु चिकित्सक यो स्पष्ट गर्दछु कि माथी उल्लेखित विवरणहरु मेरो सामुन्नेमा भरीएको ठीक साँचो हुन् र यो प्रमाणीत गर्दछु कि, माथी क-३ मा उल्लेखित अण्डा पठाउनु पूर्व मैले निरीक्षण गरेको हुँ र हस्ताक्षर गरेको मितिमा यसमा कुनै पनि सर्ने खालका

संक्रमित रोगहरु नभएको पुष्टि गर्दछु । यसर्थ, यी अण्डा ओसार/पसार तथा बिक्री वितरणका लागि योग्य छन् ।

पशु चिकित्सक नाम र ठेगानाः ... ... ... ... ... .

ने. प.चि.प. दर्ता नंः ..... ... ... ....

दस्तखतः .... ....... .... ...

मिति (वर्ष /महिना/दिन ): ... ...... ....... ...... ...

(यो प्रमाण पत्र प्रमाणीकरण गरेको मितिले ७२ घण्टाको लागी मात्र मान्य हुनेछ । फोटोकपी मान्य हुने छैन । निरिक्षण गर्ने क्वारेन्टाईन र पशु चिकित्सकले कागजातको पछाडी दरपिठ गरी ढिलासुस्ति नगरी वस्तु लैजान दिनु पर्नेछ ।)

# अनुसूची- ५

(दफा ७ को उपदफा (३) संग सम्बन्धित )

## अण्डा ढुवानी अनुगमन फारम

१. सवारी साधनको प्रकार तथा नम्बर :.... ........ ........ ........

२. सवारी साधनमा अण्डा राख्न सकिने क्षेत्रफल (व.फि.) ...... ..... ...

३. अण्डा पठाउनेको नाम, ठेगाना, टेलिफोन नं. : .... ..... ......

४. अण्डा प्राप्त गर्नेको नाम, ठेगाना र टेलिफोन नं. : ....... ... ...

५. अण्डा उत्पादन गर्ने फार्म तथा स्थानः

अण्डाको किसिम : ................ संख्या / परिमाण ..............

पोका /बाकस संख्या.............

६. अण्डा पारेको मितिः देखि........... सम्म.......

७. अण्डा पार्ने कुखुराको उमेर, संख्या र स्वास्थ्य : ...... /... /..........

८. अण्डा लोड गरेको मिति, स्थान र समय : ..... ..... ...... ........

९. अण्डा गन्तव्यमा पुग्नु पर्ने अनुमानित मिति तथा समय : ..... .....

१०. स्वास्थ्य प्रमाणपत्र जारी गर्ने पशु चिकित्सकको विवरण : ... .... ....

नाम : .... ... ... .. ठेगाना .... .... ... .

पशु चिकित्सा परिषदमा दर्ता नं.: .... .... ...

टेलिफोन नं. / मोबाईल नं.: ..... ..... ... ...

अनुगमन कर्ताको प्रतिक्रियाः ... ... .. ... .. .

नाम : .... ..... ..... ... ....... दर्जाः .... ... .. ... . ... .

कार्यालयको छाप : .... ... ... .. .. .

*नोटः राजमार्गमा रहेका पशु क्वारेन्टाईन चेकपोष्ट, जिल्ला पशु सेवा कार्यालय वा पशु सेवा केन्द्रले अण्डा ढुवानी गर्ने सवारी साधनमा उपरोक्त फारममा लेखिएको विवरण अनुसार भए नभएको रुजु गरी सोही फारममा जनाई छाप लगाई जान दिनु पर्नेछ।*

# व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१,

अनुसूची–१० र अनुसूची–११

(दफा ६ को उपदफा (५) संग सम्बन्धित )

## अनुसूची–१०

**अनुमतीपत्रको ढाँचा ।**

**नेपाल सरकार**

**कृषि विकास मन्त्रालय**

**पशु सेवा विभाग**

**मितिः ........................**

**अनुमति पत्र नं.................**

**विषयः अनुमती–पत्र ।**

**श्री ........ ........ ....... ...**

**....... ..... ...... ...... ........ ..... ।**

तपाँईको मिति ..... ..... ...... ... को निवेदनमा पशु सेवा विभागको आयात निर्यात सिफारिश तथा प्राविधिक समितिको मिति ................................ गतेको निर्णय अनुसार पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १९ अनुसार तपाईको फार्म/संस्था बाट उत्पादीत कुखुरा/चल्ला/ह्याचिङ्ग अण्डा/ खाने अण्डा निम्न बमोजिमको सेवा शर्त पालना गर्ने गरी बिक्री वितरण गर्नको लागी यो अनुमती–पत्र प्रदान गरीएको छ ।

**बिक्री वितरण गरिने बस्तुको नामः**

**प्रति हप्ता बिक्रि वितरण हुने परिमाणः**

**अनुमति–पत्र प्रयोग गर्न सकिने अन्तिम मितिः**

**सेवा शर्तहरुः**

१. आफ्ना उत्पादनहरु बिक्रि वितरण गर्दा पशु सेवा विभागबाट दिइएको यो अनुमतीपत्र र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएका पशु चिकित्सकले प्रदान गरेको स्वास्थ्य प्रमाण पत्र अनिवार्य रुपमा साथमा हुनु पर्नेछ ।

२. संक्रमित क्षेत्र घोषणा भएको खण्डमा आफ्ना तोकिएका उत्पादनहरु संक्रमित क्षेत्र भित्र बिक्री वितरण गर्न पाइने छैन ।

३. आफ्ना उत्पादनहरु तोकिएका नाकाबाट मात्र ढुवानी गर्नु पर्नेछ ।

४. बिक्री वितरण गरिने बस्तको नाम र प्रति हप्ता बिक्री वितरण हुने परिमाण अनुमती पत्रमा उल्लेख भएअनुरुप हुनु पर्नेछ ।

५. अनुमति पत्र विभागले तोकेको अन्तिम मिति भित्र प्रयोग गरी सक्नु पर्नेछ ।

**अधिकृतको दस्तखत**

# अनुसूची–११

**(निर्देशिकाको दफा ४ को उपदफा (४) खण्ड (ग) संग सम्बन्धित)**

**अनुमतीपत्रको ढाँचा ।**

**नेपाल सरकार**

**कृषि विकास मन्त्रालय**

**पशु सेवा विभाग**

**जिल्ला पशु सेवा कार्यालय...........**

**मितिः** ........................

**अनुमतीपत्र नं ः**..........................

**विषयः अनुमती–पत्र ।**

**श्री** ........ ........ ....... ...

....... ..... ...... ...... ........ ..... ।

तपाईंको मिति ..... ..... ...... ... को निवेदन सम्बन्धमा जि.प.से.का.को मिति ................................ गतेको निर्णय अनुसार कारवाही हुँदा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १९ अनुसार तपाईको फार्म/संस्था वाट उत्पादित उत्पादन निम्न बमोजिमको सेवा शर्त पालना गर्ने गरी बिक्री वितरण गर्नको लागी यो अनुमती–पत्र प्रदान गरीएको छ ।

**१. बिक्री वितरण गरिने बस्तुको नामः**

**२. प्रति हप्ता बिक्री वितरण हुने परिमाणः**

**३. अनुमति–पत्र प्रयोग गर्न सकिने अन्तिम मितिः**

**<u>सेवा शर्तहरुः</u>**

१. आफ्ना उत्पादनहरु बिकि वितरण गर्दा यो अनुमतीपत्र र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएका पशु चिकित्सकले दिइएको स्वास्थ्य प्रमाण–पत्र अनिवार्य रुपमा साथमा हुनु पर्नेछ ।

२. संक्रमित क्षेत्र घोषणा भएको खण्डमा आफ्ना तोकिएका उत्पादनहरु संक्रमित क्षेत्र भित्र बिकि वितरण गर्न पाइने छैन ।

३. आफ्ना उत्पादनहरु तोकिएका नाका बाट मात्र ढुवानी गर्नु पर्नेछ ।

४. बिक्री वितरण गरिने बस्तको नाम र प्रति हप्ता बिक्री वितरण हुने परिमाण अनुमती–पत्रमा उल्लेख भए अनुरुप हुनु पर्नेछ ।

५. अनुमति–पत्र जि.प.से.का.ले तोकेको अन्तिम मिति भित्र प्रयोग गरी सक्नु पर्नेछ ।

**अधिकृतको दस्तखत**

# बर्ड फ्लु रोग नियन्त्रण (संशोधन सहित) आदेश २०६४

*नेपाल राजपत्रमा प्रकाशित मिति : २०६४/०४/०७*

संशोधन मितिः

पहिलो संशोधन आदेशः २०६५/१०/२०
दोस्रो संशोधन आदेशः २०६७/०१/०६
तेस्रो संशोधन आदेशः २०७०/१०/२७
चौथो संशोधन आदेशः २०७४/०३/०५

दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :

(१) यस आदेशको नाम "बर्ड फ्लु रोग नियन्त्रण आदेश, २०६४" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा –

(क) "ऐन" भन्नाले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ सम्झनु पर्छ ।

(ख) "पन्छी" भन्नाले कुखुरा, हाँस र जुनसुकै प्रकारका पाल्तु वा जंगली चरा जाति सम्झनु पर्छ ।

(ग) "पन्छीजन्य पदार्थ" भन्नाले पन्छीको मासु, अण्डा, हाड, छाला, प्वाख[१] र भुत्ला, सुली, सोत्तर वा पन्छीबाट उत्पादन गरिने अन्य प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ ।

---

१ पहिलो संशोधनद्वारा थप

(घ) "पन्छी उत्पादन सामग्री" भन्नाले पन्छीपालनमा प्रयोग वा उपयोग हुने[२] जैविकपदार्थ, दाना, दानामा मिश्रण गरिने सामग्री, यस्ता सामग्री भण्डारण गर्ने साधनहरु सम्झनु पर्छ र सो शब्दले उत्पादनमा प्रयोग हुने बोरा, क्रेट, भाँडाकुँडा तथा औजार समेतलाई जनाउछ ।

[३](ङ) "बर्ड फ्लु रोग" भन्नाले विश्व पशु स्वास्थ्य सङ्गठन (OIE) ले नोटिफायवल एभियन इन्फ्लुएन्जा भनी तोकेको भाइरसको सब-टाइपबाट उत्पन्न हुने रोग वा संक्रमण सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले[४] "पशुपन्छी विकास मन्त्रालय" सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनुपर्छ।

(ज) "प्राविधिक समिति" भन्नाले दफा ३ बमोजिम गठन गरिएको प्राविधिक समिति सम्झनुपर्छ।

[५](झ) "प्रयोगशाला" भन्नाले विभाग अन्तर्गतका पशु वा पन्छी रोग अन्वेषण प्रयोगशाला सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले तोकेका अन्य प्रयोगशालालाई समेत जनाउँछ ।

३. **प्राविधिक समितिः**

(१) बर्ड फ्लु रोगको रोकथाम र नियन्त्रण गर्नको लागि प्रत्येक जिल्लामा बर्ड फ्लु रोग नियन्त्रण प्राविधिक समिति रहनेछ ।

---

२ पहिलो संशोधनद्वारा थप

३ चौथो संशोधनद्वारा संशोधित

४ चौथो संशोधनद्वारा संशोधित

५ चौथो संशोधनद्वारा थप

(२) [६]"उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| (ख) | स्थानीय विकास अधिकारी | - सदस्य |
| (ग) | प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय | - सदस्य |
| (घ) | प्रमुख, पशु क्वारेन्टाइन कार्यालय वा चेकपोष्ट | - सदस्य |
| (ङ) | प्रमुख, जिल्लास्थित नेपाली सेना | - सदस्य |
| (च) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| (छ) | प्रमुख, जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल | - सदस्य |
| (ज) | प्रतिनिधि, वन्यजन्तु संरक्षण निकाय (राष्ट्रिय निकुन्ज, आरक्ष) | - सदस्य |
| (झ) | समितिले तोकेको गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख | - सदस्य |
| (ञ) | प्रतिनिधि, नेपाल मेडिकल एसोसिएशन | - सदस्य |
| (ट) | प्रतिनिधि, नेपाल भेटेरिनरी एसोसिएशन | - सदस्य |
| (ठ) | प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी | - सदस्य |
| (ड) | प्रतिनिधि, नेपाल पाराभेटेरिनरी एण्ड लाइभष्टक एशोसिएसन | - सदस्य |
| (ढ) | जिल्ला मासु व्यवसायी संघ वा मासु व्यवसायीको प्रतिनिधि | - सदस्य |
| (ण) | जिल्ला कुखुरा पालक वा कुखुरा पालन व्यवसायीको प्रतिनिधि, एकजना | - सदस्य |
| (त) | जिल्लास्थित उपभोक्ताको हक, अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्थाका सदस्यहरू | - सदस्य |

६ चौथो संशोधनद्वारा संशोधित

मध्येबाट अध्यक्षले तोकेको एकजना

(थ) प्रतिनिधि, पशुपन्छी बजार व्यवस्थापन समिति - सदस्य

(द) प्रमुख, जिल्ला पशु सेवा कार्यालय - सदस्य-सचिव

[७](२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रका[८] "बढीमा ३ जना" विशेषज्ञ तथा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।

[९](२ख) दफा (१) बमोजिम गठन भएको समितिको सचिवालय जिल्ला पशु सेवा कार्यालयमा रहने छ ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक समितिले बर्ड फ्लु रोगको रोकथाम, नियन्त्रण तथा क्षतिपूर्ति सम्बन्धी आवश्यक पर्ने सम्पूर्ण काम गर्नेछ ।

[१०]३क. क्षेत्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समितिः

(१) बर्ड फ्लु रोगको रोकथाम र नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन प्रत्येक बिकास क्षेत्रमा क्षेत्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समिति रहनेछ ।

---

७ पहिलो संशोधनद्वारा थप

८ चौथो संशोधनद्वारा थप

९ पहिलो संशोधनद्वारा थप

१० पहिलो संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहनेछन्ः

(क) क्षेत्रीय प्रशासक - अध्यक्ष

(ख) क्षेत्रीय सुरक्षा प्रमुख (नेपाली सेना, नेपाल प्रहरी, [11]सशस्त्र प्रहरी बल नेपाल) - सदस्य

(ग) क्षेत्रीय निर्देशक, क्षेत्रीय वन निर्देशनालय - सदस्य

(घ) क्षेत्रीय निर्देशक, क्षेत्रीय कृषि निर्देशनालय - सदस्य

(ङ) क्षेत्रीय निर्देशक, क्षेत्रीय स्वास्थ्य निर्देशनालय - सदस्य

(च) प्रमुख, पशु क्वारेन्टाईन कार्यालयहरु - सदस्य

[12](च) प्रमुख, क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला - सदस्य

(छ) क्षेत्रीय निर्देशक, क्षेत्रीय पशु सेवा निर्देशनालय - सदस्यसचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्षेत्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रका[13] "बढीमा २ जना" विशेषज्ञ तथा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ ।

[14]"३ख. केन्द्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समिति :

(१) बर्ड फ्लु रोगको रोकथाम र नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन केन्द्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समिति रहनेछ।

११ चौथो संशोधनद्वारा संशोधित

१२ चौथो संशोधनद्वारा थप

१३ चौथो संशोधनद्वारा थप

१४ चौथो संशोधनद्वारा थप

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन्ः

(क) महानिर्देशक, पशु सेवा विभाग - अध्यक्ष
(ख) उपमहानिर्देशक, पशु सेवा विभाग - सदस्य
(ग) कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय - सदस्य
(घ) कार्यक्रम निर्देशक, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय - सदस्य
(ङ) कार्यक्रम निर्देशक, पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय - सदस्य
(च) प्रमुख, राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान - सदस्य
(छ) प्रमुख, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग - सदस्य
(ज) प्रमुख, केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला - सदस्य
(झ) प्रमुख, केन्द्रीय पशु क्वारेन्टाईन कार्यालय - सदस्य
(ञ) प्रमुख, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला - सदस्य
(ट) प्रमुख, भेटेरिनरी इपिडेमियोलोजी केन्द्र - सदस्य
(ठ) प्रमुख, भेटेरिनरी जनस्वास्थ्य कार्यालय - सदस्य
(ड) प्रमुख, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र - सदस्य
(ढ) प्रतिनिधि, नीति, पशु स्वास्थ्य तथा नियमन महाशाखा, पशुपन्छी विकास मन्त्रालय - सदस्य
(ण) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य
(त) कार्यक्रम निर्देशक, पशु स्वास्थ्य निर्देशनालय - सदस्य-सचिव

[15](३) उपदफा (१) बमोजिमको समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रका बढीमा तीन जना विशेषज्ञ तथा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

[16](४) उपदफा (१) बमोजिम गठन भएको समितिको सचिवालय पशु स्वास्थ्य निर्देशनालयमा रहनेछ ।

४. **सम्भावित संकटग्रस्त क्षेत्रको घोषणाः**

[17]"(१) कुनै पन्छी, पन्छी फार्म, ह्याचरी, बजार वा खोर जस्ता ठाउँमा बर्ड फ्लु रोग भएको शंका लागेमा वा त्यस्तो रोग देखा परेको कुनै माध्यमबाट जानकारी प्राप्त भएमा जिल्ला पशु सेवा कार्यालयले प्रारम्भिक अनुसन्धान प्रतिवेदन सहित उपयुक्त नमूना संकलन गरी परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउनु पर्नेछ।

[18](२) उपदफा (१) बमोजिम प्राप्त नमूनाको प्रारम्भिक परीक्षण गर्दा बर्ड फ्लु भएको लक्षण देखिएमा त्यस्तो नमूनाको तुरुन्त थप परीक्षण गरी त्यसको जानकारी जिल्ला पशु सेवा कार्यालयले छिटो सञ्चार माध्यमद्वारा विभाग र पशु स्वास्थ्य निर्देशनालयलाई दिनु पर्नेछ।"

---

[15] चौथो संशोधनद्वारा थप

[16] चौथो संशोधनद्वारा संशोधित

[17] चौथो संशोधनद्वारा संशोधित

[18] पहिलो संशोधनद्वारा सशोधित

[१९](३) उपदफा (२) बमोजिम [२०]"नमूनाको थप परीक्षण गर्दा" बर्ड फ्लु रोग लागेको सम्भावनालाई थप पुष्टि गर्ने प्रतिवेदन प्राप्त भएमा त्यस्तो नमूना लिइएको स्थानलाई केन्द्र विन्दुमानी केन्द्र विन्दुको तीन किलोमिटर सम्मको परिधि भित्रको क्षेत्रलाई [२१]मन्त्रालयले सम्भावित संकटग्रस्त क्षेत्र घोषणा गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्भावित संकटग्रस्त क्षेत्र घोषणा गरिएकोमा सो क्षेत्रवाट वा त्यस्तो क्षेत्र भएर कुनै पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री तथा सोसंग सम्बन्धित अन्य कुराहरु [२२]खान बिक्री वितरण गर्न, प्रयोगमा ल्याउन तथा ओसार पसार गर्न मन्त्रालयले प्रतिबन्ध लगाउन सक्नेछ ।

[२३](५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्राविधिक दृष्टिकोणले सम्बेदनशील देखिएको क्षेत्रमा पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री बिक्रि वितरण, भण्डारण वा ओसार पसार गर्न दिंदा बर्ड फ्लु रोग सर्न सक्ने सम्भावना देखिएमा सम्बन्धित प्राविधिकको प्रतिवेदन सहित विभागको सिफारिसमा [२४]मन्त्रालयले सार्वजनिक सूचना जारी

---

[१९] पहिलोबाट संशोधनद्वारा संशोधित

[२०] चौथोबाट संशोधनद्वारा संशोधित

२१ चौथो संशोधनद्वारा हटाइएको

२२ तेश्रोबाट संशोधनद्वारा सशोधित

२३ पहिलो संशोधनद्वारा सशोधित

२४ तेश्रोबाट संशोधनद्वारा थप

गरी त्यस्तो क्षेत्रमा पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन समग्री विक्रि वितरण, भण्डारण वा ओसार पसार गर्न रोक लगाउन सक्नेछ ।

**५. संकटग्रस्त क्षेत्र घोषणा गर्नेः**

(१) दफा ४ को उपदफा(१) बमोजिम सम्भावित संकटग्रस्त क्षेत्र वा अन्य क्षेत्रबाट लिइएको नमूना केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला वा विश्व पशु स्वास्थ्य संगठनबाट मान्यता प्राप्त प्रयोगशालामा परिक्षण गर्दा [२५]बर्ड फ्लु रोग लागेको प्रतिवेदन प्राप्त भएमा त्यस्तो नमूना लिईएको क्षेत्रलाई केन्द्रविन्दु मानी त्यसको वरिपरी कम्तीमा तीन किलोमिटरसम्मको [२६]परिधिको क्षेत्रलाई [२७]मन्त्रालयले ऐनको दफा ३ बमोजिम बर्ड फ्लु रोग संकटग्रस्त क्षेत्र घोषणा गर्नेछ।

[२८](१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शहरी क्षेत्र वा सघन वस्ती भएको कुनै स्थान वा पन्छीको संख्या धेरै भएको क्षेत्रमा बर्ड फ्लु रोग लागेको प्रमाणित भएमा [२९]वा बर्डफ्लु रोगको संक्रमण देखा पर्न सक्ने संभावना भएमा त्यस्तो क्षेत्र वा स्थानमा [३०]"जोखिम विश्लेषण सहितको" प्राविधिक प्रतिवेदनको

२५ पहिलो संशोधनद्वारा सशोधित

२६ पहिलो संशोधनद्वारा थप

२७ तेश्रो संशोधनद्वारा थप

२८ चौथो संशोधनबाट थप

२९ पहिलो संशोधनद्वारा सशोधित

३० चौथो संशोधनबाट थप

आधारमा आवश्यकता अनुसार तीन किलोमिटर भन्दा कमको परिधिभित्रको क्षेत्रलाई पनि संकटग्रस्त क्षेत्र घोषणा गर्न सकिनेछ ।

[३१](२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रबाट बाहिर सात किलोमिटर परिधिसम्मको क्षेत्रलाई विभागले सघन निगरानी क्षेत्र घोषण गरी बर्ड फ्लु रोगको निगरानी गर्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा(१) बमोजिम संकटग्रस्त क्षेत्र घोषणा गरिएकोमा सो क्षेत्र भएर आवतजावत गर्ने जुनसुकै सवारी साधनलाई त्यस्तो क्षेत्रको सिमानामा निःसंक्रमण गरेर मात्र आवत जावत गर्न दिईने छ ।

(४) उपदफा (१) बमोजिम घोषणा गरिएको संकटग्रस्त क्षेत्रमा त्यस्तो घोषणा कायम रहेसम्म कसैले कुनै पनि पन्छीपालन गर्न, पन्छीजन्य पदार्थ उत्पादन, प्रशोधन गर्न तथा पन्छी उत्पादन सम्बन्धी अन्य कुनै कार्य गर्न पाईने छैन ।

(५) उपदफा (१) बमोजिम घोषणा गरिएको संकटग्रस्त क्षेत्र वा उपदफा (२) बमोजिम घोषणा गरिएको सघन निगरानी क्षेत्रमा बर्ड फ्लु रोगको रोकथाम भईसके पछि पुनःसंक्रमण देखा परेमा त्यसरी बर्ड फ्लु रोग देखा परेको क्षेत्रलाई आधार मानी उपदफा (१) बमोजिम बर्ड फ्लु रोग संकटग्रस्त क्षेत्र घोषणा वा उपदफा (२) बमोजिम सघन निगरानी क्षेत्रको परिधि विस्तार गरिने छ ।

[३२]"(६) नेपालको अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा वर्ड फ्लु रोगको संक्रमण देखा परेमा मन्त्रालयले त्यस्तो संक्रमित क्षेत्रसँग सीमाना

---

३१ पहिलो संशोधनबाट संशोधित

३२ चौथो संशोधनबाट संशोधित

जोडिएको मुलुकलाई यथाशीघ्र सो विषयमा कूटनीतिक माध्यमद्वारा जानकारी गराउनु पर्नेछ ।

[३३](७) उपदफा (६) बमोजिम जानकारी गराइएको मुलुकले बर्ड फ्लु रोग नियन्त्रणका लागि कुनै उपाय अपनाएको भए र नेपालको सीमा जोडिएको कारण देखाई त्यस्तो मुलुकबाट रोग नियन्त्रणको लागि नेपाल सरकारमा लेखी आएमा सो अनुरूप गर्नु पर्नेछ।"

[३४](५क) बर्ड फ्लु रोग नियन्त्रणः (१) प्राविधिक समितिले दफा ५ बमोजिम घोषित संकटग्रस्त क्षेत्रमा मन्त्रालयबाट तोकिएको कार्यविधि अनुसार बर्ड फ्लु रोग नियन्त्रण कार्य यथाशीघ्र प्रारम्भ गर्नु पर्नेछ।

(२) विभागले दफा ५ अनुसार घोषित संकटग्रस्त क्षेत्रमा बर्ड फ्लु रोग नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाउन मन्त्रालयबाट तोकिएको कार्यविधि अनुसार नियन्त्रण कक्ष स्थापना गर्नेछ।

(३) उपदफा (२) बमोजिमको नियन्त्रण कक्षको काम, कर्तव्य र अधिकार मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।"

६. **नष्ट गर्नु पर्नेः**

(१) दफा ५ बमोजिम घोषणा गरिएको संकटग्रस्त क्षेत्रभित्र रहेका सम्पूण [३५]"घरपालुवा" पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री र सोसंग सम्बन्धित अन्य वस्तु औजार (निःसंक्रमण पश्चात पुनःप्रयोग गर्न सकिने बाहेक) समेत सम्पूर्ण सामग्री मन्त्रालयले स्वीकृत गरेको प्रक्रिया बमोजिम नष्ट गरी

---

३३ चौथो संशोधनबाट संशोधित

३४ प्रचौथो संशोधनबाट थप

३५ चौथो संशोधनबाट थप

सुरक्षित रुपमा व्यवस्थित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नष्ट गर्दा नष्ट गर्ने टोलीले के-कति पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री नष्ट गरेको हो सो खुल्ने गरी नष्ट गरेको मिति सहितको प्रमाणित प्रति सम्बन्धित धनीलाई दिनु पर्नेछ ।

[३६](३) यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ५ को उपदफा (१) बमोजिम घोषणा गरिएको संकटग्रस्त क्षेत्र भन्दा बाहिर सोही जिल्लाको अन्य क्षेत्र र संकटग्रस्त क्षेत्रको नजिक पर्ने सोही जिल्लासंग सिमाना जोडीएको अर्को जिल्लामा बर्ड फ्लु रोगको संक्रमण देखापरेमा त्यस्तो स्थानका पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीलाई नष्ट गरिने छ। त्यसरी नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीको यस आदेशमा उल्लेख भए बमोजिम सम्वन्धित धनीलाई क्षतिपूर्ति दिइनेछ ।

[३७](४) [३८]"दफा ५ बमोजिम "घोषित संकटग्रस्त क्षेत्रबाट पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री संकटग्रस्त क्षेत्र बाहिर लगेको वा सो क्षेत्रमा ल्याएको प्रमाणित भएमा त्यसरी लगिएको वा ल्याईएको पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री जफत गरिनेछ र जफत गरिएका र तीसंग प्रत्यक्ष संसर्गमा रहेका सम्पूर्ण पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री समेत नष्ट गरिनेछ। यसरी नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री मध्ये जफत गरिएका बाहेक अन्य पन्छी, पन्छीजन्य पदार्थ

---

३६ पहिलो संशोधनबाट थप

३७ पहिलो संशोधनबाट थप

३८ चौथो संशोधनबाट संशोधित

वा पन्छी उत्पादन सामग्रीको यस आदेशमा उल्लेखभए बमोजिम सम्वन्धित धनीलाई क्षतिपूर्ति दिइनेछ ।

[३९](५) विभागले दफा ५ बमोजिम घोषित संकटग्रस्त क्षेत्रभित्र चिडीयाखाना वा संरक्षण क्षेत्र परेमा सो स्थानमा रहेका पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीको हकमा सम्बन्धित चिडीयाखाना वा संरक्षण निकायसँग समन्वय गरी जोखिम विश्लेषण प्रतिवेदन तथा अन्तर्राष्ट्रिय प्रचलन समेतको आधारमा रोग निगरानी तथा नियन्त्रणको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

[४०]६क. दर⁄रेट निर्धारण समितिः

(१) यस आदेशको प्रयोजनको लागि प्रत्येक जिल्लामा पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीहरूको प्रचलित बजार मूल्यको आधारमा दररेट निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरू रहेको “दर⁄रेट निर्धारण समिति” रहनेछः

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) स्थानीय विकास अधिकारी - सदस्य

(ग) प्रमुख, जिल्ला कृषि विकास कार्यालय - सदस्य

(घ) प्रमुख, घरेलु तथा साना उद्योग विकास कार्यालय वा घरेलु तथा साना उद्योग विकास समिति - सदस्य

(ङ) मासु व्यवसायी संघ वा मासु व्यवसायीको प्रतिनिधि - सदस्य

३९ चौथो संशोधनबाट थप

४० चौथो संशोधनबाट थप

(च) प्रतिनिधि, उद्योग व्यवसायी संघ - सदस्य

(छ) कुखुरा पालक संघ वा कुखुरा पालन व्यवसायीको प्रतिनिधि, एक जना - सदस्य

(ज) जिल्लास्थित उपभोक्ताको हक, अधिकारको क्षेत्रमा क्रियाशील संघ, संस्थाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको एकजना - सदस्य

(झ) प्रमुख, जिल्ला पशु सेवा कार्यालय - सदस्य सचिव

[४१](२) उपदफा (१) बमोजिमको समितिले प्रत्येक वर्षको श्रावण महिना भित्र घरपालुवा पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीको दर/रेट प्रचलित बजार मूल्यको आधारमा निर्धारण गरी सो दर/रेटको जानकारी केन्द्रीय वर्ड फ्लु नियन्त्रण समन्वय समितिमा पठाउनु पर्नेछ ।

[४२](३) उपदफा (१) बमोजिमको समितिले दर/रेट निर्धारण गर्दा देहाय बमोजिमका पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीको छुट्टाछुट्टै मूल्य निर्धारण गर्नु पर्नेछ :

(क) प्यारेन्ट तथा ग्रयाण्ड प्यारेन्ट स्टक (व्रोइलर, लेयर्स, हाँस, तथा अन्य समेतको उमेर समूह खुल्ने गरी)

(ख) व्यवसायिक रूपमा पालिएका पन्छी (व्रोइलर, लेयर्स, हाँस, अष्ट्रिच, वट्टाई तथा अन्यको उमेर समूह खुल्ने गरी)

(ग) स्थानीय पन्छी (जात, उमेर समूह खुल्ने गरी)

(घ) अण्डा, दाना, मासु ।

---

४१ चौथो संशोधनबाट थप

४२ चौथो संशोधनबाट थप

७. क्षतिपूर्ति

[४३]"(१) केन्द्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समितिले दफा ६क. बमोजिम प्राप्त दर/रेट र दफा ६ को उपदफा (२) बमोजिम नष्ट गर्ने टोलीले दिएको क्षतिको प्रमाणित विवरणका आधारमा नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीको क्षतिको रकम निर्धारण गरी सम्बन्धित धनीलाई क्षति रकमको पचहत्तर प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराउनेछ ।

[४४](२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्ति वापतको रकम प्राप्त गर्नको लागि सम्बन्धित धनीले दफा ६ को उपदफा (१) बमोजिम पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री वा सोसँग सम्बन्धित अन्य वस्तुहरू नष्ट गरेको मितिले तीस दिनभित्र त्यस्ता पन्छी पैठारी गर्दा विभागबाट प्राप्त सिफारिस पत्र, पशु क्वारेन्टाईन प्रमाणपत्र, भन्सार प्रज्ञापनपत्र, दफा ६ को उपदफा (२) बमोजिम नष्ट गर्ने टोलीले दिएको प्रमाणित कागजात र मन्त्रालयले तोकेका अन्य कागजात सहित सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा निवेदन दिनु पर्नेछ।

"तर व्यवसायिक फार्मको रूपमा पन्छी पालन नगर्ने व्यक्तिले विभागको सिफारिसपत्र, क्वारेन्टाइन प्रमाणपत्र र भन्सार प्रज्ञापनपत्र पेश गर्नुपर्नेछैन ।"

(३) उपदफा (२) बमोजिमका कागजात पेश नगर्ने वा गर्न नसक्ने धनीलाई कुनै पनि प्रकारको क्षतिपूर्ति दिइने छैन ।

४३ चौथो संशोधनद्वारा थप

४४ चौथो संशोधनबाट थप

(४) उपदफा (२) बमोजिम पर्न आएको निबेदन उपरको कारबाही १५ दिनभित्र टुंग्याई सम्बन्धित धनीलाई निर्णय भएको १५ दिनभित्र क्षतिपूर्ति वापत भुक्तानी दिनु पर्नेछ ।

[४५](५) कसैले यस आदेशको विपरित हुने गरी विक्री वितरण वा ओसारपसार गरेको पन्छी वा पन्छीजन्य पदार्थ पक्राउ गरी नेपाल सरकारको सम्वन्धित निकायमा बुझाएमा त्यस्तो व्यक्तिलाई ६ हप्तासम्मको पन्छी चल्ला भएमा प्रति चल्लाको पाँच रुपैया र ६ हप्ताभन्दा माथिको पन्छी भएमा प्रति पन्छी दश रुपैंयाका दरले पुरस्कार प्रदान गरिनेछ ।

८. **जनशक्ति व्यवस्थापनः**

(१) दफा ५ बमोजिम संकटग्रस्त क्षेत्र घोषणा भएका जिल्लामा सो रोगको रोकथाम र नियन्त्रण गर्नको लागि प्राविधिक समितिले आवश्यकता अनुसार जिल्ला भित्रका जुनसुकै कार्यालयका कर्मचारीलाई खटाउन सक्नेछ । प्राविधिक समितिले आवश्यकता अनुसार बिदाका दिनमा समेत आ—आफनो कार्यालय सञ्चालन गरी सेवा प्रदान गर्न लगाउन सक्नेछ।

(२) देश भित्र बर्ड फ्लु रोगको संक्रमण देखिए पछि विभागले आफ्नो मातहतका सम्पूर्ण कर्मचारी तथा प्रमुख जिल्ला अधिकारीले जिल्लास्तरका कार्यालयका कर्मचारीलाई विशेष परिस्थितिमा बाहेक बिदामा बस्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) बर्ड फ्लु रोगको रोकथाम तथा नियन्त्रण गर्नको लागि विभाग वा विभागले तोकेको जिल्ला पशु सेवा कार्यालयले नपुग आवश्यक जनशक्ति करारमा नियुक्ति गरी काममा लगाउन सक्नेछ ।

४५ पहिलो संशोधनद्वारा थप

९. **पारिश्रमिक तथा सुविधाः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस आदेश बमोजिम काममा खटाइएका जुनसुकै कर्मचारीलाई सो कार्यमा खटिएको अवधिमा देहाय बमोजिमको थप सुविधा प्रदान गरिनेछः

(क) नियमानुसार पाउने तलब तथा दैनिक भ्रमण भत्ता वा प्रचलित ज्यालामा थप शतप्रतिशत आर्थिक सुविधा,

(ख) बिदाको दिनमा काम गरेबापत प्रत्येक बिदाको दिनका लागि खण्ड (क) बमोजिम पाउने रकममा थप शतप्रतिशत आर्थिक सुविधा,

[४६](ख१) बर्ड फ्लु रोग लागेको पन्छीलाई नष्ट गर्न क्वारेन्टाइन क्याम्पमा बस्ने कर्मचारीलाई क्याम्पमा बसेको अवधिभर प्रति व्यक्ति प्रतिदिन तीनसय रुपैययाँका दरले खाना र खाजा खर्च,

(ग) संकटग्रस्त क्षेत्रमा रोग नियन्त्रण कार्यका लागि खटिने सम्पूर्ण जनशक्तिको व्यक्तिगत सुरक्षाको निमित्त पोशाक तथा अन्य आवश्यक सामग्री,

(घ) बर्ड फ्लु रोग रोकथाम, नियन्त्रण गर्नको लागि केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरमा खटिने टोली प्रमुख र केन्द्रीय स्तरमा रही समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने व्यक्तिलाई एक सेट मोबाइल फोन,

(ङ) बर्ड फ्लु रोग रोकथाम, नियन्त्रण गर्नको लागि खटिएका प्रत्येक व्यक्तिको स्वास्थ्य परीक्षणको लागि लाग्ने सम्पूर्ण

४६ पहिलो संशोधनद्वारा थप

खर्च तथा बिरामी परेमा औषधी उपचारको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने,

(च) बर्ड फ्लु रोग रोकथाम, नियन्त्रण तथा उन्मूलन गर्नका लागि खटिने कर्मचारी, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता र दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक समेतको खटिएको अवधिमा वा सोही रोगको कारणबाट मृत्यु भएमा प्रत्येक मृतकको परिवारलाई [४७]नेपाल सरकार, मन्त्रिपरिषद्ले दश लाख रुपैयाँ उपलब्ध गराउने।

**स्पष्टीकरण** "परिवार" भन्नाले कर्मचारीसंग बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँदछ।

१०. **फुकुवा गर्नेः**

(१) दफा ४ को उपदफा (३) बमोजिम सम्भावित संकटग्रस्त क्षेत्र घोषणा गरेकोमा सो क्षेत्रमा बर्ड फ्लु रोग लागेको प्रमाणित नभएमा [४८]मन्त्रालयले उक्त घोषणा फिर्ता लिई दफा ४ को उपदफा (४) बमोजिम लगाईएको प्रतिबन्ध फुकुवा गर्नेछ।

(२) दफा ५ को उपदफा (१) बमोजिम संकटग्रस्त क्षेत्र घोषणा गरिएको क्षेत्रभित्र रहेका पन्छी, पन्छीजन्य पदार्थ, पन्छी

---

४७ तेश्रो संशोधनद्वारा सशोधित

४८ तेश्रो संशोधनद्वारा सशोधित

उत्पादन सामग्री तथा सोसंग सम्बन्धित अन्य संक्रमित बस्तु नष्ट गरिएको अन्तिम मितिबाट [४९]बयालिस दिनसम्म बर्ड फ्लु रोग पुनः देखा नपरेमा पूर्वघोषित संकटग्रस्त क्षेत्र र ओसार पसारमा लगाईएको प्रतिबन्ध [५०]मन्त्रालयले फुकुवा गर्नेछ ।

[५१]"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पन्छी बजार क्षेत्रलाई दफा ५ बमोजिम संकटग्रस्त क्षेत्र घोषणा गरिएकोमा सो बजार क्षेत्रभित्र रहेका पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री तथा सोसँग सम्बन्धित अन्य संक्रमित वस्तु मन्त्रालयले नष्ट गर्न लगाई निसंक्रमण कार्य सम्पन्न भए पछि यो आदेश बमोजिम लगाइएको प्रतिबन्ध फुकुवा गर्नु पर्नेछ ।"

११. **स्वीकृति लिनुपर्नेः** एकपटक संकटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा पुनः पन्छी सम्बन्धी कुनै व्यवसाय सञ्चालन गर्नु परेमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

१२. **कागजातको ढाँचा निर्धारणः** यस आदेश बमोजिम गरिने कार्यका लागि आवश्यक पर्ने कागजातको ढाँचा[५२] तथा प्राविधिक कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।

---

४९ तेश्रो संशोधनद्वारा सशोधित

५० तेश्रो संशोधनद्वारा सशोधित

५१ चौथो संशोधनबाट थप

५२ पहिलो संशोधनद्वारा थप

# पशु क्वारेन्टाइन
# पी.पी.आर. भ्याक्सिनेशन निर्देशिका, २०६६

**(कृषि तथा सहकारी मन्त्रालयको मिति २०७१/०२/१८ गते को मन्त्रिस्तरीय निर्णय अनुसार पारित)**

पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६ को नियम २२ (क) ले दिईएको अधिकार प्रयोग गरि कृषि तथा सहकारी मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "पशु क्वारेन्टाइन पी.पी.आर. भ्याक्सिनेशन निर्देशिका २०६६" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) ऐन भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६ सम्झनु पर्छ ।

(ग) "निर्देशक" भन्नाले पशु स्वास्थ्य निर्देशनालयको कार्यक्रम निर्देशकलाई सम्झनु पर्छ ।

(घ) "जैविकी प्रयोगशाला" भन्नाले पी.पी.आर.भ्याक्सिन उत्पादन गर्ने नेपाल सरकार अन्तर्गतको निकाय सम्झनु पर्दछ ।

(ङ) "केन्द्रीय कार्यालय" भन्नाले केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले पशु क्वारेन्टाइन कार्यालय सम्झनु पर्छ ।

(छ) "चेकपोष्ट" भन्नाले पशु क्वारेन्टाइन कार्यालय अन्तर्गतको पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनु पर्छ ।

(ज) कार्यालय प्रमुख भन्नाले पशु क्वारेन्टाइन कार्यालयका प्रमुख सम्झनु पर्छ ।

(झ) चेकपोष्ट प्रमुख भन्नाले पशु क्वारेन्टाइन चेकपोष्टका प्रमुख सम्झनु पर्छ।

(ञ) "निर्देशनालय" भन्नाले पशु स्वास्थ्य निर्देशनालय सम्झनु पर्दछ।

३. **कार्यालयले भ्याक्सिनको माग गर्न सक्नेः**

(१) कार्यालयले जैविकी प्रयोगशालाबाट आर्थिक वर्षको शुरुमा अघिल्लो आर्थिक वर्षको भ्याक्सिनेशन कार्यक्रमको वास्तविक प्रगति वा चालु आर्थिक वर्षको प्रस्तावित लक्ष्यको वढीमा पच्चीस प्रतिशत नबढ्ने गरी आवश्यक मात्रामा पी.पी.आर. भ्याक्सिन र डायलुएन्ट उधारो माग गर्न सक्नेछ। सोको जानकारी केन्द्रीय कार्यालयलाई दिनु पर्नेछ।

(२) उधारो भ्याक्सिन माग गर्दा कार्यालयले अघिल्लो आर्थिक वर्षको वास्तविक प्रगति वा चालु आर्थिक वर्षको प्रस्तावित कार्यक्रमको प्रतिलिपी जैविकी प्रयोगशालालाई उपलब्ध गराउनु पर्ने छ।

(३) कार्यालयले पेश गरेको कागजात र मांगको आधारमा उपलब्ध भए सम्मको भायलमा (२५ डोज प्रति भायल, ५० डोज प्रति भायल वा १०० डोज प्रति भायल) जैविकी प्रयोगशालाले आर्थिक वर्षको शुरुमा एकमुष्ट पी.पी.आर. भ्याक्सिन र डायलुएन्ट सम्बन्धित कार्यालयलाई उधारो उपलब्ध गराई सोको जानकारी केन्द्रीय कार्यालयलाई दिनेछ।

४. **दाखिला प्रतिवेदन उपलव्ध गराउनु पर्नेः**

कार्यालयले आफूलाई प्राप्त भएको भ्याक्सिन कार्यालयको खर्च भएर जाने जिन्सी खातामा आम्दानी बांधि जैविकी प्रयोगशाला र केन्द्रीय कार्यालयलाई एक एक प्रति दाखिला रिपोर्ट उपलब्ध गराउनु पर्नेछ।

५. **पी.पी.आर. भ्याक्सिन र डायलुएन्ट उपलव्ध गराउनु पर्नेः**

(१) कार्यालयले चेकपोष्टको माग, उपलब्धता र आवश्यकताको आधारमा कार्यालयबाट पी.पी.आर. भ्याक्सिन र डायलुएन्ट चेकपोष्टलाई उपलब्ध गराउने छ।

(२) जैवीकी प्रयोगशालाबाट भ्याक्सिन उपलब्ध हुन नसकेमा वा अन्य कुनै कारणले विभाग अन्तर्गतका अन्य निकायबाट भ्याक्सिन सापटी लिनु पर्ने अवस्था भएमा केन्द्रीय कार्यालय मार्फत पशु स्वास्थ्य निर्देशनालयको अनुमति लिई मात्र सापटी लिन सकिने छ र जैविकी प्रयोगशालाबाट भ्याक्सिन आपूर्ति हुन साथ सम्बन्धित निकायलाई सोधभर्ना दिनु पर्ने छ।

६. **चेकपोष्ट प्रमुखको जिम्मेवारी र दायित्व**

(१) कार्यालयमा आम्दानी भएको पी.पी.आर. भ्याक्सिन प्रतिको जिम्मेवारी तथा सो को खर्च गर्ने गराउने र रकम जम्मा गर्ने दायित्व चेकपोष्ट प्रमुखको हुनेछ ।

(२) चेकपोष्टले छुट्टै रजिष्टर खडा गरि पी.पी.आर. भ्याक्सिनको आम्दानी एवं खर्चको दैनिक अभिलेख अनुसुची १ वमोजिम अध्यावधिक गराई राख्नु पर्नेछ ।

(३) चेकपोष्टले पी.पी.आर. भ्याक्सिनको विवरण मासिक प्रगति साथ कार्यालयमा पठाउनु पर्नेछ । कार्यालयले आफ्नो चौमासिक प्रगति विवरणमा सो को विवरण समेत उल्लेख गरी केन्द्रीय कार्यालयलाई अनुसुची २ वमोजिम विवरण उपलव्ध गराउनु पर्नेछ ।

७. **पी.पी.आर. भ्याक्सिनको विक्री गर्नेः**

(१) आयात गरिने पशुलाई पशु क्वारेन्टाइन कार्यविधि अनुसार आयात योग्य पशु संख्या एकिन गरी सो अनुसार पी.पी.आर. भ्याक्सिन चेकपोष्टले सम्वन्धित आयातकर्ताबाट परल मूल्य लिई बिक्री गर्नेछ।

(२) उपदफा (१) वमोजिम पी.पी.आर. भ्याक्सिनको बिक्री गर्दा सम्बन्धित आयातकर्तालाई अनिवार्य रुपमा नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

८. **आयातकर्ताको उत्तरदायित्वः**

आयात गरिने योग्य पशु संख्या र चेकपोष्टमा उपलब्धरहेको पी.पी.आर. भ्याक्सिनको भायलमा रहेको डोज मेल नखाई कम पशुलाई भ्याक्सिन गर्नु पर्ने स्थितिमा चेकपोष्टमा उपलब्ध भई उक्त खेपको लागि प्रयोग हुने भायलको पुरै मात्रा (प्रयोग नभई वांकी रहेको मात्रा समेत) को मुल्य सम्वन्धित आयातकर्ताले व्यहोर्नु पर्ने छ ।

९. **समितिको गठनः**

(१) पशुहरूलाई भ्याक्सिन गर्ने तथा नमुना जांचको लागि आवश्यक पर्ने उपकरण समेतको अनुमान गरी सो को व्यवस्थापन गर्ने उदेश्यको लागि देहायको पांच सदस्यीय एक समितिको गठन गरिनेछ ।

सम्बन्धित चेकपोष्टको प्रमुख - संयोजक

पशु आयातकर्ता वा निजको प्रतिनिधि मध्येबाट एक जना - सदस्य

भन्सार क्लियरिङ मध्येबाट एक जना - सदस्य
कार्यालयवाट तोकिएको प्राविधिक एक जना - सदस्य
सम्बन्धित चेकपोष्टको प्राविधिक एक जना - सदस्य

(२) उप दफा (१) वमोजिम गठित समितिले पशुलाई भ्याक्सिनेसन गर्न तथा नमूना जांचको लागि आवश्यक पर्ने उपकरण र औषधी व्यवस्थापनको लागि आवश्यक निर्णय गर्न सकिन्छ। समितिले गरेको त्यस्तो निर्णयको प्रतिलिपि यथाशक्य चांडो केन्द्रीय कार्यालयलाई उपलव्ध गराउन पर्नेछ।

१०. **क्वारेन्टाइन प्रमाण पत्र जारी गर्नु अघि पी.पी.आर. भ्याक्सिनेटडको छाप लगाउनु पर्नेः**

आयात गर्न योग्य पशुहरूलाई अनिवार्यरुपमा पी.पी.आर. भ्याक्सिन गरी भ्याक्सिनेटडको छाप लगाए पछि मात्र क्वारेन्टाइन प्रमाण पत्र जारी गरिनेछ।

११. **चेकपोष्ट प्रमुखको दायित्वः**

बिक्री भएको भ्याक्सिनको रकम चेकपोष्टको लेजर खातामा दैनिक रुपमा अभिलेख राखी सो रकम कार्यालयको बैंक खातामा जम्मा गर्ने तथा कार्यालयले प्राप्त गरेको भ्याक्सिनको रकम भुक्तानी गरेको हिसाव दुरुस्त राख्ने दायित्व चेकपोष्ट प्रमुखको हुनेछ।

१२. **भ्याक्सिन माग गर्नु अघि ड्राफ्ट जारी गर्नु पर्नेः**

(१) कार्यालयले पुनः जैविकी प्रयोगशालाबाट पी.पी.आर. भ्याक्सिन माग गर्दा सो कार्यालयको नाममा भ्याक्सिन वापत वांकी रहेको उधारो रकमको कम्तीमा पचहत्तर प्रतिशत रकम बराबरको ड्राफ्ट जैविकी प्रयोगशालाको नाममा जारी गरी सो पठाए पछि मात्र भ्याक्सिन माग गर्नु पर्नेछ।

(२) प्रत्येक आर्थिक वर्षको अन्तमा खाता बन्द हुनु अगावै अगामी आर्थिक वर्षको खाता नवीकरण हुने समय सम्मको लागि खपत हुने अनुमानित भ्याक्सिनको भुक्तानी बांकि राखि उधारो भ्याक्सिनको भुक्तानी पठाउनु पर्ने छ र बांकी रहेको भ्याक्सिनको सम्पूर्ण रकम अर्को आर्थिक वर्षको खाता नवीकरण हुनासाथ डाफ्ट बनाई जैविकी प्रयोगशालाको नाममा पठाउनु पर्नेछ।

(३) कार्यालयले जैविकी प्रयोगशालालाई पठाएको डाफ्टको जानकारी केन्द्रीय कार्यालयलाई समेत दिनु पर्नेछ ।

(४) जैविकी प्रयोगशालाले प्राप्त डाफ्टको रकम अनुसारको नगदी रसीद कार्यालयलाई उपलब्ध गराउने छ ।

१३. **केन्द्रीय कार्यालय मार्फत पी.पी.आर. भ्याक्सिन माग गर्न सक्नः**

(१) कार्यालयको काबु बाहिरको परिस्थितले गर्दा वा कार्यालय प्रमुख लामो समयसम्म कार्यालयमा उपस्थित हुन नसकेको न्यायोचित कारणबाट कार्यालयले समयमै रकम पठाउन नसकेको अवस्थामा सो व्यहोरा उल्लेख गरी केन्द्रीय कार्यालय मार्फत निर्देशकसंग पी.पी.आर. भ्याक्सिन माग गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम निर्देशकले उचित ठानेमा जैविकी उत्पादन प्रयोगशालालाई पुनः पी.पी.आर. भ्याक्सिन उधारो उपलव्ध गराउन आदेश दिन सक्नेछ । कार्यालयले सो वापतको रकम एक मुष्ठरुपमा जैविकी उत्पादन प्रयोगशालालाई यथाशक्य चांडो उपलव्ध गराउन पर्नेछ ।

(३) उपदफा (२) को अधीनमा रही यस निर्देशिका बमोजिम आफ्नो दायित्व बहन नगर्ने कार्यालय प्रमुखलाई विभागीय कारवाहीको लागि केन्द्रीय कार्यालयले निर्देशक समक्ष सिफारिस गर्नेछ ।

१४. **जैविकी प्रयोगशाला जिम्मेवार हुने :**

यस निर्देशिकामा लेखिए बाहेकको अवस्थामा जैविकी प्रयोगशालाले कार्यालयलाई पी.पी.आर. भ्याक्सिन उधारो उपलव्ध गराएमा सो को जिम्मेवार जैविकी प्रयोगशाला नै हुनेछ ।

## अनुसूची १
**(निर्देशिकाको दफा ६ को उपदफा (२) संग सम्बन्धित)**

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु स्वास्थ्य निर्देशनालय
पशु क्वारेन्टाइन कार्यालय .......................
पशु क्वारेन्टाइन चेकपोष्ट.....................................
..........साल ...........महिनाको पी.पी.आर.भ्याक्सिन विवरण

| क्र. सं. | मिति | विवरण | प्राप्त भ्याक्सिन भायल | | | खर्च भ्याक्सिन भायल | | | बाँकि भ्याक्सिन भायल | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २५ डोज | ५० डोज | १०० डोज | २५ डोज | ५० डोज | १०० डोज | २५ डोज | ५० डोज | १०० डोज | |
| १ | | अ.ल्या. | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | | |
| १६ | | | | | | | | | | | | |
| १७ | | | | | | | | | | | | |
| १८ | | | | | | | | | | | | |
| १९ | | | | | | | | | | | | |
| २० | | | | | | | | | | | | |
| २१ | | | | | | | | | | | | |
| २२ | | | | | | | | | | | | |

..........................　　　　　　　　　　..........................

पेश गर्ने　　　　　　　　　　सदर गर्ने

## अनुसूची २
## (निर्देशिकाको दफा ६ को उपदफा (३) संग सम्बन्धित)

नेपाल सरकार

पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

पशु स्वास्थ्य निर्देशनालय

पशु क्वारेन्टाइन कार्यालय .......................

पशु क्वारेन्टाइन चेकपोष्ट.....................................

..........साल ........... चौमासिकको पी.पी.आर. भ्याक्सिन आय व्यय विवरण

| क्र.सं. | मिति | विवरण | प्राप्त भ्याक्सिन भायल | | | जैबिकी प्रयोगशालालाई पठाइएको रकम विवरण | | | बाँकि भ्याक्सिन भायल | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २५ डोज | ५० डोज | १०० डोज | २५ डोज | ५० डोज | १०० डोज | २५ डोज | ५० डोज | १०० डोज | |
| १ | | अ.ल्या. | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

........................... ...........................

पेश गर्ने सदर गर्ने

# आयात निर्यात सिफारिस, पशुजन्य उद्योग स्थापना तथा विक्री वितरण अनुमति सम्बन्धी कार्यविधि, २०७३

**प्रस्तावनाः**

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७, १८ र १९ अनुसार आयात निर्यात सिफारिस कार्यलाई व्यवस्थित र पारदर्शी बनाउँदै सेवा प्रवाहमा एकरुपता कायम गरी सेवालाई सरल र प्रभावकारी बनाई आयात निर्यातको सिफारिस, पशुजन्य उद्योग स्थापना तथा विक्री वितरणको अनुमति प्रदान गर्न नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयबाट आयात निर्यात सिफारिस, पशुजन्य उद्योग स्थापना तथा विक्री वितरण अनुमति सम्बन्धी कार्यविधि, २०७३ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम आयात निर्यात सिफारिस, पशुजन्य उद्योग स्थापना तथा विक्री वितरण अनुमति सम्बन्धी कार्यविधि, २०७३ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(१) "समिति" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा (१) खण्ड (क) अनुसार गठित प्राविधिक समिति सम्झनु पर्दछ।

(२) "उप-समिति" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा (२) खण्ड (ख) अनुसार गठित प्राविधिक उप–समिति सम्झनु पर्दछ ।

(३) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्दछ ।

(४) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ सम्झनु पर्दछ ।

(५) "कार्यविधि" भन्नाले आयात निर्यात सिफारिस, पशुजन्य उद्योग स्थापना तथा विक्री वितरण अनुमति सम्बन्धी कार्यविधि, २०७३

सम्झनु पर्दछ ।

(६) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(७) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्दछ ।

(८) "कार्यालय" भन्नाले भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालय र लाईभस्टक गुण व्यवस्थापन प्रयोगशालालाई सम्झनु पर्दछ ।

३. **उद्देश्य**

(१) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ र १८ बमोजिम सिफारिस प्रदान गर्ने ।

(२) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १९ बमोजिम अनुमति प्रदान गर्ने ।

४. **सिफारिस तथा अनुमति प्रक्रिया**

(१) प्राविधिक समिति

(क) यस कार्यविधिको उद्देश्य बमोजिम कार्य सम्पन्न गर्न देहाय बमोजिमको प्राविधिक समिति रहने छ :-

| | |
|---|---|
| महा–निर्देशक, पशु सेवा विभाग | -अध्यक्ष |
| उप महानिर्देशक, पशु सेवा विभाग | -सदस्य |
| कार्यक्रम निर्देशक, पशु स्वास्थ्य निर्देशनालय | -सदस्य |
| कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | -सदस्य |
| कार्यक्रम निर्देशक, पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय | -सदस्य |
| कार्यक्रम निर्देशक, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय | -सदस्य |
| कार्यक्रम निर्देशक, मत्स्य विकास निर्देशनालय | -सदस्य |
| प्रमुख, केन्द्रीय जैविकी उत्पादन प्रयोगशाला | -सदस्य |
| प्रमुख, केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय | -सदस्य |
| प्रमुख, लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला | -सदस्य |
| प्रमुख, अनुगमन तथा मूल्यांकन शाखा, पशु सेवा विभाग | -सदस्य |
| कानून अधिकृत, पशु सेवा विभाग | -सदस्य |
| प्रमुख, भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालय | -सदस्य सचिव |

समितिको वैठकमा आवश्यकता अनुसार अन्य विज्ञ व्यक्तिहरूलाई आमन्त्रित गर्न सकिने छ ।

(ख) समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहने छः

(१) उप–समिति मार्फत सिफारिस भई आएका निवेदनमा उल्लेख भएको विषय उपर प्रचलित कानून अनुसार भए नभएको यकिन गरी सिफारिसरअनुमति प्रदान गर्ने ।

(२) आवश्यकतानुसार सिफारिसरअनुमति माग गर्ने तथा सिफारिस अनुमति प्रदान गरिएका उद्योग, ह्याचरी, फार्म, कम्पनी लगायतको अनुगमन निरीक्षण गर्ने ।

(३) प्रचलित कानून अनुसार भए गरेको नपाइएमा आवश्यक कारवाहीको लागि सिफारिस गर्ने ।

(४) आवश्यकतानुसार जोखिम विश्लेषण सम्बन्धि कार्य गर्ने गराउने ।

(५) व्यवसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका, २०७१ बमोजिम विभाग मार्फत प्रदान गरिने सिफारिस तथा अनुमति प्रदान गर्ने ।

(ग) समितिको सचिवालय

(१) पशुपन्छीको दाना निकासी तथा पैठारी वा दाना उद्योग स्थापनाको सिफारिसको लागि लाईभस्टक गुण व्यवस्थापन प्रयोगशालाले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

(२) जैविक पदार्थ, चल्ला, माछाका भूरा निकासी पैठारी तथा विक्री वितरण अनुमति र सो सँग सम्बन्धित उद्योग र मासु प्रशोधन सम्बन्धित उद्योग स्थापनाको सिफारिस लगायत निःसंक्रमणमा प्रयोग गरिने रसायन  सिफारिसका लागि भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

(३) प्राविधिक उप–समिति

(क) अनुमति वा सिफारिसको लागि रीतपूर्वक परेका निवेदन तथा संलग्न कागजातहरू सम्बन्धमा प्रारम्भिक छलफल, अध्ययन तथा छानबिन गरी समितिलाई राय, सुझाव तथा प्रस्ताव पेश गरी समितिको कार्य सम्पादन सरल, सहज तथा प्रभावकारी बनाउन प्राविधिक उप–

समितिहरू रहनेछन् ।

(ख) पशुपन्छीको दाना निकासी तथा पैठारी वा दाना उद्योग स्थापनाको सिफारिसको लागि लाईभस्टक गुण व्यवस्थापन प्रयोगशालामा देहाय बमोजिमको उप–समिति रहने छ :-

| | |
|---|---|
| प्रमुख, लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला | -संयोजक |
| अधिकृत प्रतिनिधि, पशु उत्पादन निर्देशनालय | -सदस्य |
| अधिकृत प्रतिनिधि, भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालय | -सदस्य |
| अधिकृत प्रतिनिधि, पशु पोषण महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् | -सदस्य |
| पशु विकास अधिकृत, लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला | -सदस्य सचिव |

उप-समितिको वैठकमा आवश्यकता अनुसार वढीमा २ जना विज्ञ व्यक्तिहरूलाई आमन्त्रित गर्न सकिने छ ।

(ग) जैविक पदार्थ, चल्ला, माछाका भूरा निकासी पैठारी तथा विक्री वितरण अनुमति र सो सँग सम्बन्धित उद्योग र मासु प्रशोधन सम्बन्धी उद्योग स्थापनाको सिफारिस लगायत नि:संक्रमणमा प्रयोग गरिने रसायन सिफारिसको लागि भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयमा देहाय बमोजिमको प्राविधिक उप–समिति रहने छ :-

| | |
|---|---|
| प्रमुख, भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालय | -संयोजक |
| अधिकृत प्रतिनिधि, केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय | -सदस्य |
| अधिकृत प्रतिनिधि, केन्द्रीय जैविकी उत्पादन प्रयोगशाला | -सदस्य |
| अधिकृत प्रतिनिधि, पशु स्वास्थ्य निर्देशनालय | -सदस्य |
| अधिकृत प्रतिनिधि, मत्स्य विकास निर्देशनालय | -सदस्य |
| अधिकृत प्रतिनिधि, लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला | -सदस्य |

पशु चिकित्सक, भेटेरिनरी गुणस्तर तथा औषधि
व्यवस्थापन कार्यालय -सदस्य सचिव

उप-समितिको वैठकमा आवश्यकता अनुसार वढीमा २ जना विज्ञ व्यक्तिहरूलाई आमन्त्रित गर्न सकिने छ ।

(घ) प्राविधिक उप–समितिको काम, कर्तव्य र अधिकार

(१) सिफारिस वा अनुमतिको लागि कार्यालयमा प्राप्त निवेदनहरू सम्बन्धमा आवश्यक कागजातहरू पुगेर नपुगेको यकिन गर्ने।

(२) सिफारिस वा अनुमतिको लागि कार्यालयमा प्राप्त निवेदनहरू आवश्यक अध्ययन विश्लेषण गर्ने ।

(३) प्राप्त निवेदनहरू प्रचलित ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि र गुणस्तर अनुरुप भएरनभएको यकिन गरी समिति समक्ष राय पेश गर्ने ।

(४) उप–समितिले आवश्यक ठानेमा सम्बन्धित उद्योग, ह्याचरी, फार्म लगायतका उत्पादन स्थल, व्यवसाय, भण्डारण, डिपो र विक्री कक्ष वा सम्बन्धित स्थलको अनुगमन तथा निरीक्षण गर्ने ।

**५. निवेदन प्रक्रिया**

(१) सेवाग्राहीले कार्य प्रकृति अनुसार अनुसूची बमोजिम तोकिएको ढाँचामा भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालय वा लाईभस्टक गुण व्यवस्थापन प्रयोगशालामा निवेदन दिनुपर्ने छ ।

(२) निवेदनको ढाँचा देहाय बमोजिम हुनेछ ।

(क) नयाँ उद्योग स्थापना सिफारिसको लागि दिइने निवेदनको ढाँचा अनुसूची (१) बमोजिम हुनेछ ।

(ख) चल्लारमाछाको भुरारपशुरपशुजन्य पदार्थरपशु उत्पादन सामग्री आयात निर्यात सिफारिस तथा स्वदेशी उत्पादकबाट खरीद तथा विक्री वितरणको लागि दिइने निवेदनको ढाँचा अनुसूची (२) बमोजिम हुनेछ ।

(ग) जैविक पदार्थ आयात निर्यात सिफारिसको लागि दिइने निवेदनको ढाँचा अनुसूची (घ) बमोजिम हुनेछ ।

(घ) चल्लारमाछा भुरा विक्री वितरण अनुमतिको लागि दिइने

निवेदनको ढाँचा अनुसूची (४) बमोजिम हुनेछ ।

(ङ) पशुपन्छी र माछाको तयारी दाना, फिड सप्लिमेन्ट लगायतको कच्चा पदार्थ र नेपाल राजपत्रमा सूचना प्रकाशन भए अनुसार सिफारिस प्रदान गर्नु पर्ने सम्बन्धित वस्तुहरू आयातका लागि दिइने निवेदनको ढाँचा अनुसूची ५ बमोजिम हुनेछ ।

(च) नि:संक्रमणमा प्रयोग गरिने रसायन सम्बन्धी उत्पादनहरू आयात गर्न दिइने निवेदनको ढाँचा अनुसूची (६) बमोजिम हुनेछ ।

(छ) दाना, फिड प्रिमिक्स तथा फिड सप्लिमेन्ट उत्पादकको अभिलेख नविकरणको लागि दिइने निवेदनको ढाँचा अनुसूची (७) बमोजिम हुनेछ ।

(ज) आवश्यकता अनुसार व्यवसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका, २०७१ बमोजिमका निवेदन ।

(३) निवेदनमा रु. १० को हुलाक टिकट सहित तोकिए बमोजिम राजश्व दस्तुर तिरेको रसिद संलग्न हुनु पर्नेछ ।

(४) निवेदन कार्यालय समयभित्र दर्ता गराउनु पर्नेछ ।

(५) निवेदन साथ अनुसूचीमा तोकिएका कागजातहरू अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

(६) निवेदन साथ तोकिएका कागजातहरू संलग्न नभएमा उप-समिति वा समितिको बैठकमा उक्त निवेदन समावेश गरिने छैन ।

## ६. निवेदन माथि कारवाही प्रक्रिया

(१) निवेदनहरूलाई सम्बन्धित कार्यालयले परीक्षण गरी प्रचलिन ऐन, नियम, मापदण्ड, निर्देशिका र कार्यविधि बमोजिम भएमा दर्ता गर्नेछ ।

(२) दर्ता भएका निवेदनहरूलाई सम्बन्धित कार्यालयले उप–समितिको बैठकमा पेश गरी प्राप्त राय सुझाव अनुसार समितिको बैठकमा निर्णयार्थ पेश गर्नेछ ।

(३) (क) समितिको बैठक सामान्यतया: प्रत्येक महिनाको पहिलो र तेश्रो बुधवार विभागमा बस्नेछ ।

तर आवश्यकतानुसार अध्यक्षको अनुमतिले अन्य समय र स्थानमा समेत बैठक सञ्चालन गर्न सकिनेछ ।

(ख) निवेदन माथि कारवाही गर्न उप-समितिको बैठक सामान्यतया:

प्रत्येक महिनाको पहिलो र तेश्रो मंगलवार सम्बन्धित कार्यालयमा बस्नेछ ।

(ग) उपसमितिको बैठक सञ्चालन हुने साताको आइतवार कार्यालय समय भित्र दर्ता भएका निवेदनहरू मात्र छलफलको लागि बैठकमा समावेश गरिनेछ। यदि सो दिन बिदा पर्न गएमा त्यस पछि कार्यालय खुलेको पहिलो दिनको दिउसो बाह्र वजे भित्र दर्ता भएका निवेदन मात्र उपसमितिको बैठकमा समावेश गरिनेछ।

(घ) कुनै कारण तोकिएको समयमा उपसमितिको बैठक बस्न नसकेमा संयोजकले तोकेको मिति र स्थानमा उप-समितिको बैठक बस्नेछ ।

(४) कार्यालयले उप-समितिको निर्णय, राय, सुझाव साथ प्रस्तावहरूलाई समितिको बैठकमा निर्णयार्थ पेश गर्नेछ ।

## ७. सिफारिस तथा अनुमति पत्र प्रदान

(१) प्राप्त निवेदनहरू समितिबाट प्रचलित ऐन, नियम, निर्देशिका, मापदण्ड अनुसार सिफारिस र अनुमतिका लागि उपयुक्त देखिएमा सम्बन्धित कार्यालयबाट सिफारिस र अनुमति प्रदान गरिनेछ ।

(२) प्रदान गरिएको सिफारिस र अनुमतिको समयावधि देहाय अनुसार हुनेछ:

(क) जैविक पदार्थ, चल्ला, पशु दाना तथा माछाका भुरा आयात निर्यात सिफारिस जारी मितिले ३ महिना सम्म ।

(ख) ह्याचरी वा फार्मबाट उत्पादित चल्ला मुलुकभर विक्री वितरण गर्न बढीमा ६ महिना सम्म ।

(ग) व्यापारिक फर्म, फिड प्रिमिक्स उत्पादन गर्ने उद्योगहरूको लागि अनुसूची ड (क) मा उल्लेखित फिड सप्लिमेन्ट तथा दानामा प्रयोग हुने कच्चा पदार्थहरूको हकमा बढीमा ४ महिना सम्म ।

(घ) अनुसूची ८ (ख) मा उल्लेखित निसंक्रमणमा प्रयोग गरिने रसायन लगायत सोसंग सम्बन्धितको हकमा बढीमा ६ महिनासम्म ।

(३) सिफारिस वा अनुमति पत्रको म्याद समाप्त भएमा रीतपूर्वकको निवेदन दिई पुनः सिफारिस पत्र लिन सकिनेछ ।

(४) समितिको निर्णयानुसार सिफारिश तथा अनुमति प्रदान गर्न नसकिने

अवस्थामा कार्यालयले सरोकारवालालाई जानकारी गराउनु पर्नेछ ।

(५) कार्यालयले ऐन र नियमावलीले तोके अनुसारको ढांचामा सिफारिसरअनुमति पत्र प्रदान गर्नेछ ।

(६) आयातको लागि सिफारिस प्रदान गर्न सकिने फिड सप्लिमेन्टहरूको सूची अनुसूची ड (क) मा उल्लेख भए अनुसारको हुनेछ ।

(७) दानामा प्रयोग हुने एन्टिबायोटिक वा एन्टिबायोटिक मिश्रित कुनै पनि प्रकारका ठोस तथा तरल फिड सप्लिमेन्टहरूलाई आयात सिफारिस प्रदान गरिने छैन ।

(८) उप-समितिको राय सुझाव अनुसार आयातको लागि सिफारिस प्रदान गर्न सकिने फिड सप्लिमेन्टहरूको सूची प्राविधिक समितिले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।

## ८. आर्थिक व्यवस्था

समिति, उप-समिति तथा सचिवालय सञ्चालन तथा कार्य सम्पादनको लागि आवश्यक बजेट तथा खर्चको व्यवस्था प्रचलित ऐन, नियम, निर्देशिका, मापदण्ड बमोजिम हुनेछ ।

## ९. विविध

(१) फार्म र संस्थार उद्योग स्थापनाको लागि पेश भएका निवेदन उपर कारवाही गर्दा अनिवार्य रुपमा स्थलगत निरीक्षण गर्नु पर्नेछ ।

(२) (क) जैविक पदार्थको आयात सिफारिस माग गर्दा नमूना पेश गर्ने, परीक्षण गर्ने र जानकारी गराउने तरिका जैविक पदार्थ सम्बन्धी भेटेरिनरी मापदण्ड, २०६३ मा व्यवस्था भए अनुसार हुनेछ ।

(ख) जैविक पदार्थहरूको परीक्षणको लागि आवश्यक पर्ने नमूना कार्यविधिको अनुसूची ८ (ग) तथा जैविक पदार्थ सम्वन्धी भेटेरिनरी मापदण्ड, २०६३ मा व्यवस्था भए अनुसार हुनेछ ।

(ग) रेबिज भ्याक्सिन आयात अनुमति माग गर्दा विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार रेबिज भ्याक्सिन एक मात्रा (Single dose) को भाइलमा प्रति एम. एल. २.५ युनिट वा सो भन्दा बढी (+2=5 U/ml) भएकालाई मात्र आयात सिफारिस प्रदान गरिनेछ ।

(३) यस कार्यविधिमा उल्लेख नभएका विषयवस्तुको हकमा विश्व पशु स्वास्थ्य संगठनद्वारा प्रतिपादित Terrestrial तथा Aquatic Animal

Health Code र Codex Alimentarius मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) (क) माछाको भुरा आयातरनिर्यात गर्दा माछाको भुराबारे मापदण्ड निर्धारण, २०६१ को दफा २ खण्ड (क) र (ख) मा व्यवस्था भए अनुसार सिफारिस प्रदान गरिनेछ ।

(ख) पैठारी गरिने माछाको जात कार्यविधिको अनुसूची ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) (क) माछाको भुरा पैठारी गर्दा अनुसूची १० मा उल्लेख भए बमोजिमका रोगहरू नलागेको आधिकारिक प्रमाण-पत्र पेश गर्नु पर्नेछ ।

(ख) मापदण्डमा उल्लेख नभएका माछाका प्रजाति तथा एक्वारियम माछा भुरा पैठारी गर्दा समितिमा छलफल भई निर्णय भए अनुसार हुनेछ ।

(६) नेपाल सरकारले प्रचलित आर्थिक ऐन, नियम अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विभागको सिफारिसमा पैठारी गर्न तोकेका सामग्रीहरूलाई समेत यसै कार्यविधि बमोजिम सिफारिस वा अनुमति प्रदान गरिनेछ ।

(७) दाना, फिड प्रिमिक्स तथा फिड सप्लिमेन्ट आयात सिफारिस प्रदान गर्दा कम्पनीले गरेको उत्पादन तथा बुझाएको राजश्वको आधारमा समितिले सिफारिस प्रदान गर्नेछ ।

(८) (क) अनुगमन निरीक्षणको कार्यमा सहयोग गर्नु उद्योगी, व्यवसायी, व्यापारी तथा सरोकारबालाको कर्तव्य हुनेछ ।

(ख) अनुगमन निरीक्षणको जानकारी सरोकारवालालाई दिइनेछ र दिइएका निर्देशनहरूको पालना गर्नु सरोकारवालाको दायित्व हुनेछ ।

१०. **खारेजी तथा बचाउ**

(क) मन्त्रालयको मिति 2073.07.12 को निर्णयानुसार स्वीकृत लाईभस्टक गुणस्तर व्यवस्थापन कार्यविधि, द्दण्ठघ को दफा ३, ४, ६ तथा सो संग सम्बन्धित अनुसूचीहरू खारेज गरिएकोछ ।

(ख) कार्यविधिमा स्पष्ट नभएका तथा कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा परेका विषयमा मन्त्रालयको निर्णयानुसार हुनेछ ।

## अनुसूची १
## कार्यविधिको दफा ५ को उपदफा २ खण्ड (क) साग सम्बन्धित

मिति ………………

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर ।

विषयः सिफारिस पत्र पाऊँ ।

मैले/हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ अनुसार फार्म/संस्था/उद्योग स्थापना/नविकरण गर्न लागेको हुँदा नियमानुसार कागजात संलग्न राखी सिफारिस पत्र पाउन अनुरोध गर्दछु/गर्दछौं ।
स्थापना गर्न लागेको फार्म/संस्था/उद्योग

- व्यावसायिक कुखुरा ब्रिडिङ्ग फार्म
- ग्राण्ड प्यारेन्ट फार्म
- ह्याचरी उद्योग
- दाना उद्योग
- २० हजार भन्दा बढी पन्छी पाल्ने फार्म
- जैविक पदार्थ उद्योग
- माछाको भुरा उद्योग
- युरिया मोलासेस उद्योग
- फिड सप्लिमेन्ट उद्योग
- मासु प्रशोधन उद्योग
- पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्री सम्बन्धी अन्य उद्योग

निवेदकको
नामः
सहीः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोवाइल नं.

**निवेदनसँग संलग्न हुनुपर्ने आवश्यक कागजातहरू (चेकलिस्ट)**

१. फार्मको प्रष्ट देखिने रंगीन फोटो, नक्सा, प्रपोजल, जैविक सुरक्षा सम्वन्धी विवरण

२. ह्याचरी मेशीन खरिद गर्ने इन्भ्वाईस पत्र

३. जग्गाको स्वामित्वको प्रमाण तथा भाडामा भए अवधि खुलेको कबुलियतनामा

४. वातावरणमा असर नपर्ने सम्बन्धी स्थानीय निकायबाट सिफारिस तथा मुचुल्का पत्र र वातावरण संरक्षण ऐन, नियमावली आकर्षित हुने हकमा सोही बमोजिम

५. उद्योग/ कम्पनी दर्ता प्रमाण-पत्र

६. प्यान/भ्याट दर्ता प्रमाण-पत्र

७. कर चुक्ता प्रमाण-पत्र

८. जि. प. से. का. को सिफारिस सहित व्यवसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका २०७१ को अनुसूची १२ बमोजिमको फारम

९. नेपाली नागरिकताको प्रमाण-पत्र

१०. उप-समितिले माग गरे अनुसारका अन्य कागजातहरू

## अनुसूची २
## कार्यविधिको दफा छ को उपदफा २ खण्ड (ख) संग सम्बन्धित

मिति ..................

श्रीमान महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर ।

विषयः- सिफारिस पत्र पाऊँ ।

मैले/हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १८ अनुसार तल उल्लेख भए बमोजिमको प्यारेन्ट वा ग्राण्ड प्यारेन्ट/चल्ला/माछाको भुरा, पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामाग्री आयात/निर्यात र स्वदेशी उत्पादकबाट चल्ला खरीद तथा विक्री वितरण गर्नका लागि सिफारिस पत्र पाउन अनुरोध गर्दछु/गर्दछौं ।

सिफारिस र अनुमति माग गरेको विवरण

१. व्यक्ति/संस्था/फर्मको नाम ठेगानाः
२. आयात/निर्यात/खरीद/विक्री गरिने वस्तुः
   परिमाणः
   जातः
३. आयात र निर्यात गरिने कम्पनी र देशः
४. आयात र निर्यात गरिने मितिः
५. आयात गरिने नाकाः
६. अन्यः

निवेदककोः
नामः
सहीः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोवाइल नं.

**निवेदनसंग संलग्न हुनुपर्ने आवश्यक कागजातहरू (चेकलिस्ट)**

१. जि. प. से. का. को सिफारिस सहित व्यवसायिक पन्छी फार्म तथा ह्याचरी संचालन निर्देशिका २०७१ को अनुसूची ५ बमोजिमको फारम
२. उद्योग/कम्पनी दर्ता प्रमाण-पत्र
३. प्यान/भ्याट दर्ता प्रमाण-पत्र
४. कर चुक्ता प्रमाण-पत्र
५. जि. प. से. का. को दर्ता अभिलेखिकरण प्रमाण-पत्र
६. नेपाली नागरिकता प्रमाण-पत्र
७. इन्भ्वाईस पत्र
८. नविकरण गरेको प्रमाण-पत्र
९. व्यापारिक सम्झौता पत्र
१०. गुणस्तर खुलेको प्रमाण-पत्र
११. उप-समितिले माग गरे अनुसारका अन्य कागजातहरू

## अनुसूची ३
## कार्यविधिको दफा छ को उपदफा २ खण्ड (ग) साग सम्बन्धित

मिति .................

श्रीमान महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर ।

विषयः सिफारिस पत्र पाऊँ ।

मैले/हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १८ अनुसार तल उल्लेखित उल्लेख भए बमोजिमको जैविक पदार्थ आयात निर्यात गर्नका लागि सिफारिस पत्र पाउन अनुरोध गर्दछु/गर्दछौं ।

जैविक पदार्थको विवरणः

| Name of Vaccine | Disease | Strain | Vaccine Type | Packing Dose | Quantity of vial | Remarks |
|---|---|---|---|---|---|---|
| | | | | | | |

आयात गर्न लागिएको मुलुकः
आयात गर्न लागिएको कम्पनीको नामः
आयात गर्न लागिएको मितिः

निवेदक
नामः
सहीः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोवाइल नं.

**निवेदनसँग संलग्न हुनुपर्ने आवश्यक कागजातहरू (चेकलिस्ट)**

१. नविकरण समेत खुलेको उद्योग /कम्पनी दर्ता प्रमाण-पत्र
२. औषधि व्यवस्था विभागमा दर्ता प्रमाण-पत्र
३. प्यान दर्ता प्रमाण-पत्र
४. कर चुक्ता प्रमाण-पत्र
५. इन्भ्वाईस पत्र
६. नेपाली नागरीकता प्रमाण-पत्र
७. Poultry Vaccine को हकमा Bird Flu मुक्त प्रमाण-पत्र, क्एँ भनन बाट बनेको प्रमाण-पत्र ।
८. यस अघि आयात गरिएको प्रमाण

**नयाँ देश, कम्पनी र** Strain **भए थप आवश्यक कागजातहरूः**

१. आयात गर्न लागिएको जैविक पदार्थ सम्बन्धी डोसियर
२. सम्बन्धित कम्पनीको आधिकारिक पत्र (Authorized Letter)
३. सम्बन्धित कम्पनीबाट गुणस्तर परीक्षण गरिएको प्रमाण-पत्र
४. सरकारी प्रयोगशाला वा मान्यता प्राप्त प्रयोगशालाबाट भ्याक्सीन उत्पादन गर्न स्वीकृति दिएको प्रमाण-पत्र
५. आवश्यकता अनुसार टेस्ट किट (पोजेटिभ, नेगेटिभ, एन्टीजेन, एन्टीसिरम, रिएजेन्ट र रसायनहरू) उपलब्ध गराउनु पर्ने
६. उप-समितिले माग गरे अनुसारका अन्य कागजातहरू

## अनुसूची ४
## कार्यविधिको दफा छ को उपदफा २ खण्ड (घ) साग सम्बन्धित

मिति .................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन ललितपुर ।

विषयः- अनुमति पत्र पाऊँ।

मैले/हामीले................................................फार्मबाट उत्पादित माछाका भुरा/चल्ला/ह्याचीङ अण्डा/विक्री वितरण गर्न अनुमति पत्र पाउन आवश्यक कागजात संलग्न राखी यो निवेदन दिएको/दिएका छु/छौं ।

विक्री वितरण गर्न चाहेको उत्पादनहरू

१. संस्था, फार्म वा उद्योगको नाम ठेगानाः
२. विक्री वितरण गर्न लागिएको वस्तुको नामः
३. जातः
४. विक्री वितरण हुने परिमाणः
५. विक्री गरिने स्थानः
६. विक्री अनुमति अवधिः

निवेदक
नामः
सहीः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोवाइल नं.

**निवेदनसँग संलग्न हुनुपर्ने आवश्यक कागजातहरू (चेकलिस्ट)**

१. जि. प. से. का. को सिफारिस सहित व्यवसायिक पन्छी फार्म तथा ह्याचरी संचालन निर्देशिका २०७१ को अनुसूची ५ बमोजिमको फारम

२. उद्योग/ कम्पनी दर्ता प्रमाण-पत्र

३. प्यान /भ्याट दर्ता प्रमाण-पत्र

४. कर चुक्ता प्रमाण-पत्र

५. जि. प. से. का. को दर्ता अभिलेखिकरण प्रमाण-पत्र

६. नेपाली नागरिकताको प्रमाण-पत्र

७. उप-समितिले माग गरे अनुसारका अन्य कागजातहरू

## अनुसूची ५
## कार्यविधिको दफा छ को उपदफा २ खण्ड (ङ) साग सम्वन्धित

मिति .................

श्रीमान महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

विषयः सिफारिस पत्र पाऊँ ।

उपरोक्त विषयमा मैले र हामीले मिति.................. मा ...................... ..............देशको ...................... कम्पनीबाट उत्पादित निम्न तालिकामा उल्लेखित विवरण अनुसारको पशुपन्छी र माछाको तयारी दानार फिड सप्लिमेन्ट र फिड सप्लिमेन्ट का कच्चा पदार्थर....................................आयात गर्न लागेको हुँदा नियमानुसार पशुपन्छीजन्य उद्योगहरूले पाउने भन्सार दर सहुलियत सहित आयात गर्न सिफारिस पत्र पाउन अनुरोध गर्दछु र गर्दछौं ।

आयात गर्न चाहेको विवरणः

| सि.नं. | आयात गर्न चाहेको वस्तुको नाम | परिमाण | भन्सार नाकाको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निवेदकः
नामः
सहीः
फर्म वा उद्योगको नामः
ठेगानाः
सम्पर्क नम्बरः

**निवेदनसँग संलग्न हुनुपर्ने आवश्यक कागजातहरू (चेकलिस्ट)**

(क) फर्म (व्यवसाय) कम्पनी वा उद्योग दर्ता भएको प्रमाण-पत्र

(ख) स्थायी लेखा नम्बर वा भ्याट दर्ता प्रमाण-पत्र

(ग) कर चुक्ता गरेको प्रमाण-पत्र

(घ) फर्मका मुख्य संचालकको नागरिकताको प्रमाण-पत्र

(ङ) फिड सप्लिमेन्टको नाम, बनावट, ईन्डिकेशन, डोज उल्लेख भएको सक्कल वा उत्पादक कम्पनीबाट व्याख्या गरी प्रिन्ट एवं प्रमाणित गरिएको लिट्रेचर

(च) आयात गरिने फिड सप्लिमेन्टको सम्बन्धित उत्पादक देशको आधिकारिक प्रयोगशालाबाट विश्लेषण गरेको विश्लेषण नतिजा (Analysis Report)

## अनुसूची ६
## कार्यविधिको दफा ५ को उपदफा २ खण्ड (च) साग सम्बन्धित

मिति ..................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर ।

विषयः- सिफारिस पत्र पाऊँ ।

उपरोक्त विषयमा मैले / हामीले मितिः २० । । मा ........................ ..............देशको ........................ कम्पनीबाट उत्पादित निम्न तालिकामा उल्लेखित विवरण अनुसारको निसंक्रमणमा प्रयोग हुने रसायन तथा सो सँग सम्बन्धित अन्य उत्पादनहरू आयात गर्न लागेको हुँदा आयात गर्न सिफारिस पत्र पाउन अनुरोध गर्दछु र गर्दछौँ ।

आयात गर्न चाहेको विवरण

| सि.नं. | आयात गर्न चाहेको वस्तुको नाम | परिमाण | भन्सार नाकाको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निवेदकः
नामः
सहीः
फर्म वा उद्योगको नामः
ठेगानाः
सम्पर्क नम्बरः

**निवेदनसँग संलग्न हुनुपर्ने आवश्यक कागजातहरू (चेकलिस्ट)**

क) फर्म (व्यवसाय) कम्पनी वा उद्योगमा दर्ता भएको प्रमाण-पत्र

ख) स्थायी लेखा नम्बर वा भ्याट दर्ता प्रमाण-पत्रको प्रतिलिपि

ग) कर चुक्ता गरेको प्रमाण-पत्र

घ) फिड सप्लिमेन्ट आयातको लागि औषधि व्यवस्था विभागमा दर्ता गरिएको प्रमाण-पत्र (दर्ता भएको आर्थिक वर्ष भुक्तान भइसकेको र नयाँ आर्थिक वर्ष शुरु भइसकेको अवस्थामा नविकरण गरिएको प्रमाण-पत्र ।

ङ सम्बन्धित उद्योग, डिस्ट्रीब्युटर, वा मुख्य सप्लाईरबाट जारी गरिएको नेपालमा बिक्री गर्न सक्ने आधिकारिक पत्र (Authorised Letter)

च) आयात गरिने फिड सप्लिमेन्ट लेवल सहितको नमूना थान २ (नयाँ फिड सप्लिमेन्ट को सिफारिस माग गर्ने फर्मको लागि)

छ) फिड सप्लिमेन्टको नाम बनावट, ईन्डिकेशन, डोज उल्लेख भएको सक्कल वा उत्पादक कम्पनीबाट व्याख्या गरी प्रिन्ट एवम् प्रमाणित गरिएको लिट्रेचर

ज) आयात गरिने फिड सप्लिमेन्टको सम्बन्धित उत्पादक देशको आधिकारिक प्रयोगशालाबाट विश्लेषण गरेको विश्लेषण नतिजा (Analysis Report)

झ) फर्मका मुख्य सञ्चालकको नागरिकताको प्रमाण-पत्र ।

## अनुसूची ७
## कार्यविधिको दफा ५ को उपदफा २ खण्ड (छ) सँग सम्बन्धित

मिति .................

श्रीमान् महानिर्देशक ज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर ।

विषयः अभिलेखीकरण नविकरण गरिपाऊँ ।

उपरोक्त विषयमा मैले/हामीले .......................... मा ........................ कम्पनीबाट उत्पादित र वितरित कच्चा पदार्थहरू आयात गरी फिड प्रिमिक्स तथा फिड सप्लिमेन्ट उत्पादन गरी विक्री वितरण गर्दै आएकोमा चालु आ. व. मा समेत उक्त पदार्थहरूको उत्पादन एवम् विक्री गर्न इच्छुक भएकोले निम्नानुसार तोकिएको फर्मेटमा उक्त पदार्थहरूको विवरण भरी पेश गरेको छु/गरेका छौँ । अभिलेखीकरण नविकरण लागि अनुरोध गर्दछु / गर्दछौँ ।
निम्नः

| क्र.सं. | आयातको लागि माग गरिएको कच्चा पदार्थको नाम | माग परिमाण (कि.ग्रा) | कच्चा पदार्थ मिसाइ तयार गरिने फिड सप्लिमेन्टको नाम | मिसाइने मात्रा प्रति टन (कि.ग्रा) | सप्लाईर कम्पनीको नाम र देश |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदकको
नामः
सही
फर्म/उद्योगको नामः
ठेगानाः
सम्पर्क नम्बरः

**निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरू:**

क) फर्म (व्यवसाय), कम्पनी वा उद्योग दर्ता भएको प्रमाण-पत्र

ख) स्थायी लेखा नम्बर वा भ्याट दर्ता प्रमाण-पत्रको प्रतिलिपि

ग) कर चुक्ता गरेको प्रमाण-पत्र

घ) फिड सप्लिमेन्ट आयातको लागि औषधि व्यवस्था विभागमा दर्ता गरिएको प्रमाण-पत्र (दर्ता भएको आर्थिक वर्ष भुक्तान भइसकेको र नयाँ आर्थिक वर्ष शुरु भइसकेको अवस्थामा प्रमाण-पत्र नविकरण गरिएको हुनुपर्ने छ

ङ) सम्बन्धित उद्योग, डिस्ट्रीब्युटर, वा मुख्य सप्लाईरबाट जारी गरिएको नेपालमा विक्री गर्न सक्ने आधिकारिक पत्र (Authorized Letter)

च) आयात गरिने फिड सप्लिमेन्ट लेवल सहितको नमूना थान २ (नयां फिड सप्लिमेन्टको सिफारिस माग गर्ने फर्मको लागि)

छ) फिड सप्लिमेन्टको नाम बनाबट, ईन्डिकेशन, डोज उल्लेख भएको सक्कल वा उत्पादक कम्पनीबाट व्याख्या गरी प्रिन्ट एवम् प्रमाणित गरिएको लिट्रेचर ।

ज) आयात गरिने फिड सप्लिमेन्टको सम्बन्धित उत्पादक देशको आधिकारिक प्रयोगशालाबाट विश्लेषण गरेको विश्लेषण नतिजा (Analysis report)

झ) फर्मका मुख्य संचालकको नागरिकताको प्रमाण-पत्र ।

## अनुसूची ८(क)
## कार्यविधिको दफा ७ को उपदफा ६ सँग सम्वन्धित

आयातको लागि पशु सेवा विभागबाट इजाजत दिन सकिने
कच्चा पदार्थ तथा माल वस्तुहरू

निम्नानुसारका पशुपन्छीका तयारी दाना, दानाका कच्चा पदार्थ तथा फिड सप्लिमेन्ट एवम् फिड सप्लिमेन्ट का कच्चा पदार्थहरू बाह्य मुलुकबाट आयात गर्नका लागि सिफारिस गर्न सकिने छ :-

१. पशुपन्छीको तयारी दाना

२. पशुपन्छीको दानाका निम्नानुसारका कच्चा पदार्थहरू:

दानाका कच्चा पदार्थ (Feed Ingredients)हरू:

| क.सं. | कच्चा पदार्थको नाम | क. सं. | कच्चा पदार्थको नाम |
|---|---|---|---|
| १ | मकै | १९ | भटमास |
| २ | गहुं | २० | सूर्यमुखीको गेडा |
| ३ | गहुंको चोकर | २१ | ढुटोको पिना |
| ४ | जौ | २२ | सूर्यमुखीको पिना |
| ५ | मेज ग्लुटेन | २३ | सालसिडको पिना |
| ६ | तोरीको पिना | २४ | कपासको गेडाको पिना |
| ७ | धानको ढुटो | २५ | सिद्रा |
| ८ | जुनेलो | २६ | हाडको धुलो |
| ९ | जै | २७ | मासुको धुलो |
| १० | कागुनु | २८ | ब्लड मिल |
| ११ | वनस्पति तेल र भटमासको तेल | २९ | चुन ढुङ्गाको धुलो |
| १२ | चनाको चुन्नी | ३० | खुदो |
| १३ | भटमासको पिना | ३१ | कुखुराको सुली |

| | | | |
|---|---|---|---|
| १४ | तिलको पिना | ३२ | जनावरको बोसो |
| १५ | बदामको पिना | ३३ | सिपिको टुक्रा |
| १६ | आलसको पिना | ३४ | चून |
| १७ | राइस पोलिस र डिआयल्ड राइस पोलिस | ३५ | नून |
| १८ | डिआयल्ड सिल्कवर्म प्युपा | ३६ | ब्रुअरि सह-उत्पादन |

नोटः माथि उल्लेखित कच्चा पदार्थ बाहेक समयानुकुल अनुसन्धान भई अनुसन्धान संस्थाबाट पशुपन्छीका लागि लाभदायक छ भनी प्रमाणित एवम् सिफारिस भई नयाँ किसिमका कच्चा पदार्थ आयात गर्नुपर्ने अवस्थामा प्राविधिक उप-समितिले प्राविधिक आधार तयार गरी समितिको बैठकमा छलफलको लागि निर्णयार्थ पेश गर्ने छ । उक्त समितिले सिफारिस गर्ने निर्णय गरेमा मात्र नयाँ कच्चा पदार्थ थप हुन सक्नेछन् ।

३. Feed Supplements

1. Non-nutrient feed supplements -Enzymes, Toxin Binder, Anti-oxidant, Emulsifier, Preservative, Stabilizer, Coloring, Flavoring agent, Anti-caking agent, Mineral absorption enhancers, Pellet binders.
2. Coccidiostats
3. Probiotics
4. Vitamins, Minerals, Amino acids

४. अन्य -Liver tonic, Nephrotonic, Digestion Enhancers_

५. निम्न तालिकामा उल्लेखित फिड सप्लिमेन्ट एवम् फिड सप्लिमेन्ट का कच्चा पदार्थहरू:

तालिका नं. १ Amino Acids

| | |
|---|---|
| 1 | Lysine |
| 2 | Methionine |
| 3 | Threonine |

तालिका नं. २ Minerals

| | | | |
|---|---|---|---|
| 1 | Iron | 6 | Potassium |
| 2 | Cupper | 7 | Phosphorus |
| 3 | Cobalt | 8 | Calcium |
| 4 | Manganese | 9 | Selenium |
| 5 | Magnesium | 10 | Zinc |

तालिका नं. ३ Vitamins

| | | | |
|---|---|---|---|
| 1 | Vitamin A | 8 | Vitamin B12 |
| 2 | Vitamin B1 | 9 | Vitamin H2 |
| 3 | Vitamin B2 | 10 | Vitamin K3 |
| 4 | Vitamin B3 | 11 | Vitamin E50 |
| 5 | Vitamin B5 | 12 | Vitamin D3 |
| 6 | Vitamin B6 | 13 | Vitamin C |
| 7 | Vitamin B9 | 14 | Choline Chloride |

तालिका नं ४ Enzymes

| | | | |
|---|---|---|---|
| 1 | Amylase | 5 | Glucosidase |
| 2 | Cellulase | 6 | Phytase |
| 3 | Lipase | 7 | Pectinase |
| 4 | Protease | 8 | Xylanase |

तालिका नं ५ Coccidiostats

| | | | |
|---|---|---|---|
| 1 | Amprolium | 5 | Lasalosid |
| 2 | Diclazuril | 6 | Toltrazurin |
| 3 | Clopidol | 7 | Monensin sodium |
| 4 | DOT | 8 | Halofuginone |

तालिका नं ६ Antioxidants

| | | | |
|---|---|---|---|
| 1 | Ethoxyquin | 3 | Butylated Hydroxyanisol (BHA) |
| 2 | Propyl Gallate | 4 | Butylated Hydroxytoluene (BHT) |

नोटः माथि उल्लेखित फिड सप्लिमेन्टको दानामा समावेश गरिने न्युनतम मात्राको निर्धारण गर्दा उप समितिले वैज्ञानिक प्राविधिक आधार तथा उत्पादक कम्पनीको आधिकारिक सिफारिसका आधारमा आ. व. को शुरुको महिनामा यकिन गरी समितिको बैठकमा पेश गर्नुपर्नेछ । समितिको निर्णयानुसार कार्यालयले सोको जानकारी कार्यालयको सूचना पाटीमा टाँस गर्नेछ। उल्लेखित कच्चा पदार्थ बाहेक समितिले आवश्यक महसुस गरेमा वा समयानुकुल अनुसन्धान भई अनुसन्धान संस्थाबाट पशुपन्छीका लागि लाभदायक छ भनी प्रमाणित एवम् सिफारिस भई आएका नयाँ खालका फिड सप्लिमेन्ट थप गर्नुपर्ने अवस्थामा उप-समितिले प्राविधिक आधार सहित समितिमा पेश गर्नेछ । समितिले सिफारिस गर्ने निर्णय गरेमा मात्र नयाँ फिड सप्लिमेन्ट समेत थप हुन सक्नेछन् । समितिले दानामा मिसाउने प्रयोजनका लागि कुनै पनि ठोस तथा तरल एन्टीवायोटिक्स एवम् एन्टीवायोटिक्स मिसाइएका फिड सप्लिमेन्टहरू सिफारिश गर्ने छैन ।

६. नेपाल सरकारले राजपत्रमा तोकेका तथा औषधि व्यवस्था विभागबाट स्वीकृति प्राप्त भए अनुसारका मालवस्तुहरू ।

७. ISO 9001-2008 वा GMP प्राप्त उद्योगहरूबाट उत्पादित एन्टीवायोटिक्स मिश्रण नभएका पशुपन्छीको दानामा सम्मिश्रण गरिने पाउडर फिड सप्लिमेण्ट तथा पानीमा मिसाएर खुवाउने तरल फिड सप्लिमेन्टहरू ।

८. उपरोक्त प्राविधिक आधारमा सिफारिस गरिने फिड सप्लिमेन्टमा निम्न अनुसारको लेवल हुनुपर्ने छ ।

(क) उत्पादकको नाम र ठेगाना

(ख) ब्याच नं. वा कोड नं.

(ग) रसायनहरूको बनावट तथा कम्पोजिसन

(घ) उत्पादित मिति र प्रयोग गर्न सकिने अन्तिम मिति

(ङ) उपभोक्ता वा खुद्रा मूल्य

(च) खुद तौल

(छ) दाना, पशुपन्छीहरूलाई मात्र प्रयोग हुने बारेको सूचना

## अनुसूची ८(ख)
## कार्यविधिको दफा ठ को उपदफा २ खण्ड (घ) साग सम्बन्धित

सिफारिस प्रदान गर्न सकिने निसंक्रमणमा प्रयोग हुने रसायन वा सो सँग सम्बन्धित अन्य उत्पादनहरूको सूची

1. Alcohols: ethyl alcohol (70%), isopropyl alcohol (50%), benzyl alcohol
2. Phenols and Phenolics: Cresol solutions : Lysol, Isal, Cydlin, Creolin, Cresylin, Cresol, Phenolic Acid, phenol, hexyl resorcinol, hexachlorophene, chloroxylenol
3. Heavy Metals and their compounds: mercuric chloride, merchurochrome, AgNO3, ZnO, CuSO4
4. Oxidizing agents: H2O2, KMnO4, Zn permanganate, sodium perborate, benzoyl peroxide
5. Reducing agents/ Alkylating agents: formaldehyde, ethylene oxide (gas), glutaraldehyde
6. Dyes: acriflavine, euflavine, proflavine, gentian violet, crystal violet, methylene blue, brilliant green, fluorescein dye, aminocrine
7. Detergents/surfactants/Wetting agents/Cleansers: cationic (Quaternary Ammonium Compounds (QACs or Quats): Cetrimide, Cetyl trimethyl ammonium bromide, benzalkonium chloride, benzethonium chloride, cetrimide, acertyl pyridinium chloride) anionic (soaps) nonionic (amphoteric)
8. Acids and alkalies: Acetic acid, benzoic acid, Sodium Hydroxide (NaOH - Lye), Washing soda/ Soda Ash (sodium carbonate- Na2CO3), quick lime (CaO), Slaked lime
9. Strong mineral acids (HCl, H2SO4, etc) in concentrations of 0.1- 1 N, Citric Acid
10. Halogens: Iodine Iodophores, Tamed Iodine, Chlorine, bromine
11. Miscellaneous/Biguanides-chlorhexidine HCl
12. Sodium hydroxide
13. Potassium hydroxide
14. Sodium sulphide
15. Paraformaldehyde (NaPO4)
16. Alkyl Dimethyl Ethylbenzyl Ammoniun Chloride, Benzalkonium Chloride

17. Pottassium Peroxymonosulfate and Sodium Chloride
18. Biodan, TRL 35 Germicidal Detergent
19. TRL 132 Phenol Disinfectant Cleaner
20. Glutaraldehyde, 1,6 Dihydroxy 2,5 Dioxahexane, Polymethylol urea derivatives
21. Sodium hypochlorite (Household bleach)
22. Peroxyacetic Acid (PAA)
23. Chlorine dioxide
24. Chloramines
25. Ethanol, Chloro-o-benzylphenol, o-Phenylphenol, Lactic acid
26. Disfect-S, TH-4, Sanitech, Aldipol A-H, Qualitrol
27. Alkyl dimethyl benzyl ammonium chloride, Didecyl dimethyl ammonium chloride, Octyl decyl dimethyl ammonium chloride, Dioctyl dimethyl ammonium chloride, Sodium dichloroisocyanurate dehydrate, Acitar (Glutaraldedyde and Benzalkonium chloride)
28. Silvicide (0.01% Silver Nitrate and 10% Hydrogen Peroxide)
29. Opahyde (Ortho-phthalaldehyde 0.55%, Alizarine Cyanine)
30. Novacide (Hexamethylene biguanide hydro chloride, Didecyl dimethyl ammonium chloride)

नोटः माथि उल्लेखित बाहेकका भेटेरिनरी वा लाईभस्टक सम्बन्धित प्रयोजनको लागि प्रयोग हुने अन्य निसंक्रमण रसायन समितिले तोके अनुसार हुनेछ ।

## अनुसूची ८ (ग)
## कार्यविधिको दफा ९ को उपदफा २ को खण्ड (ख) सँग सम्बन्धित
## परिक्षणको लागि आवश्यक पर्ने नमूना

<table>
<tr><td colspan="5">नियमित परीक्षणको लागि निम्न बमोजिम भाएल प्रति Serial बुझाउनु पर्दछ ।</td></tr>
<tr><td>१. रोग निदानका सामग्रीहरू, Colostrol whey products, एन्टिजेन/टक्स्वाइड, Pasteurella haemolytica/ Haemophilus somnus भएका जीवाणु वा extract (चौपाया मात्र) बाहेक हरेक जैविकी उत्पादनहरूको हकमा</td><td colspan="4">भाएलको नाप</td></tr>
<tr><td></td><td>१० एम.एल. भन्दा कम</td><td>१०-२० एम.एल</td><td>२१-१०० एम.एल</td><td>१०० एम.एल. भन्दा बढी</td></tr>
<tr><td></td><td>१०</td><td>८</td><td>३</td><td>१</td></tr>
<tr><td>२. रोग निदानका सामग्रीहरू (Diagnostic kits)</td><td colspan="4">कम्तिमा २ सेट (क्भत) सामग्रीहरू (पष्तक)</td></tr>
<tr><td>३. Colostrol whey products</td><td colspan="4">कम्तिमा ५ मात्रा</td></tr>
<tr><td>४. एन्टिजेन/टक्स्वाइड</td><td colspan="4">कम्तिमा ३ एम.एल</td></tr>
</table>

| | |
|---|---|
| ५. Pasteurella haemolytica र Haemophilus somnus भएका जीवाणु वा extract (चौपाया मात्र) | नं. १ मा उल्लेखित भाएल संख्या बाहेक, बराबर मात्रामा Pre-adjuvanted material पठाउनु अनिवार्य हुनेछ । |

द्रष्टव्यः

१. उत्पादक वा कार्यालयले कम्तिमा छ महिनासम्म परिक्षणको लागि प्राप्त भएका नमूनाहरू मध्ये केही नमूनाहरू सञ्चय गर्नु पर्नेछ। पुनः परिक्षण गर्नु परेमा यसै नमूनालाई उपयोग गर्नु पर्नेछ ।

२. यसमा उल्लेख नभएका विषयवस्तुको हकमा OIE Technical Manual मा उल्लेख भए बमोजिम हुनेछ ।

## अनुसूची ९
## कार्यविधि निर्देशिकाको दफा ९ को उपदफा ४ को खण्ड (ख) सँग सम्बन्धित

क) विदेशबाट पैठारी गरिने माछाका जातहरू

- कमन कार्प (Cyprinus carpio): इजराइली कार्प र जर्मन कार्प
- सिल्भर कार्प (Hypopthalmichthys molitrix)
- बिगहेड कार्प (Aristichthys nobilis)
- ग्रास कार्प (Ctenopharyngodon idella)
- रोहु (Labeo rohita)
- नैनी (Cirrhinus mrigala)
- भाकुर (Catla catla)
- रेन्वो ट्राउट (Onchorhynchus mykiss)

नोटः अनुसन्धान वा परीक्षणको लागि नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृतिमा जुनसुकै जातको माछाको भुरा पैठारी तथा निकासी गर्न पाइने छ ।

ख) मत्स्य विकास र विस्तारको लागि हाल अनुसन्धानका दृष्टिकोणले महत्त्वपूर्ण मानिएका तपसिल बमोजिमका आयातित जातका माछाका भुरालाई सिफारिस वा अनुमति पत्रका आधारमा पैठारी तथा निकासी, ओसार पसार र विक्री वितरण गर्न पाईने छ ।

तपसिल

- तिलापिया जाति (Oreochromis species)
- मागुर जाति (Clarias species)
- भिङ्गे माछा जाति (Macrobrachium species)
- पोठिया जाति (Puntius species)
- पेंगासियस जाति (Pangasius species)

## अनुसूची १०
## कार्यविधिको दफा ९ को उपदफा ५ को खण्ड (क) सँग सम्बन्धित

Diseases of Fish

1. Infectious haematopoietic necrosis
2. Oncorhynchus masou virus disease
3. Spring viraemia of carp
4. Viral haemorrhagic septicaemia
5. Channel catfish virus disease
6. Viral encephalopathy and retinopathy
7. Infectious pancreatic necrosis
8. Infectious salmon anaemia
9. Epizootic ulcerative syndrome
10. Bacterial Kidney Disease (Renibacterium slamoninarum)
11. Enteric septicemia in cat fish
12. Piscirickettsiosis (Piscirickettsia salmonis)
13. Gyrodactylosis (Gyrodactylus salaris)
14. Red sea bream iridoviral disease
15. White sturgeon iridoviral disease